

**सँगै आए फागु... पृष्ठ ४**


लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआएमा
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108



काठमाडौं । वर्ष १५, अंक २५०, काठमाडौं, शुक्रबार ७ फागुन २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Friday 19 February 2016 । पृष्ठ : ८+४ मूल्य रु. ५/-


### मुलुकका ४४ जिल्लामा कांग्रेस सभापति छानिए

४४ जिल्लामा नेपाली कांग्रेसको अधिवेशन सम्पन्न भएको केन्द्रीय निर्वाचन समितिले जनाएको छ । अहिलेसम्म ६५ जिल्लाका २ सय १० निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधि छानिएका छन् । ३

### टर्की कार बम हमलामा २८ मारिए, दर्जनौं घाइते

टर्कीको राजधानी अंकाराको मध्यभागमा बुधबार भएको आत्मघाती आक्रमणमा परी कम्तीमा पनि २८ जनाको ज्यान गएको छ । टर्कीको सैनिक सुरक्षा लस्करलाई मध्यनजर गरी सो हमला गरिएको थियो । ८

### आर्थिक वृद्धिदर २ प्रतिशत पुग्ने प्रक्षेपण

अर्थमन्त्री विष्णु पौडेलले चुनौतीका बाबजुद पनि चालु आर्थिक वर्ष २०७२/७३ मा आर्थिक वृद्धिदर २ प्रतिशत पुग्ने प्रक्षेपण गरेका छन् । पछिल्लो विकासक्रमले वृद्धिदरमा सुधार आउने उनको भनाइ छ । ९



*राष्ट्रपति विद्यादेवी भण्डारीलाई शुक्रबारदेखि हुने भारतको राजकीय भ्रमणबारे अवगत गराउँदै प्रधानमन्त्री केपी शर्मा ओली ।* **तस्बिर : रासस**

भारत भ्रमणबारे प्रधानमन्त्रीको उद्घोष

# ढुक्क हुनोस्, राष्ट्रहितविरुद्ध कुनै सम्झौता गर्दिनँ

**राजधानी समाचारदाता**
काठमाडौं, ६ फागुन

प्रधानमन्त्री केपी शर्मा ओली छिमेकी मित्रराष्ट्र भारतको ६ दिने राजकीय भ्रमणका लागि आज (शुक्रबार) नयाँ दिल्ली प्रस्थान गर्ने भएका छन् । प्रजातन्त्र दिवसको अवसरमा टुँडिखेलमा आयोजित कार्यक्रम सकिएलगत्तै ४६ सदस्यीय नेपाली टोलीको नेतृत्व गर्दै प्रधानमन्त्री ओली भारत भ्रमणमा जान लागेका हुन् ।

भारत भ्रमणबारे जानकारी दिन प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले भ्रमण सम्बन्ध सुधारमा केन्द्रित हुने जानकारी दिँदै राष्ट्रहितविपरीत र विवादास्पद सम्झौता नगर्ने बताए । 'ढुक्क हुनोस्, राष्ट्रिय हितविरुद्ध कुनै पनि काम हुँदैन, म कुनै पनि भ्रमणमा त्यस्तो काम गर्दिनँ, मुलुकको हितमा भ्रमणलाई सार्थक बनाउने प्रयास हुन्छ,' प्रधानमन्त्रीले भने, 'म जनताकेन्द्रित राष्ट्रहितको पक्षमा प्रतिबद्ध छु, कसैसँग यसविरुद्ध सम्झौता हुँदैन, ढुक्क भए हुन्छ ।' प्रधानमन्त्रीले नेपाल र भारतबिच देखिएको केही असमझदारीबाट उत्पन्न जटिलतालाई समाधान गरी सम्बन्धलाई अझ मजबुत बनाउने गरी भारत भ्रमणमा जान लागेको प्रस्ट पारे । 'नेपाल र भारतबिचको सम्बन्ध पञ्चशील, सहअस्तित्व, पारस्परिक लाभ र विकास, भौगोलिक अखण्डताका आधारमा अघि बढ्छ, यो नीतिमा परिवर्तन हुँदैन,' उनले भने ।

प्रधानमन्त्रीले आफूले भन्दै आएको राष्ट्रहितका पाँच कुरालाई ध्यानमा राखेर अघि बढ्ने जानकारी पनि दिए । 'मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, राष्ट्रिय हित र स्वाभिमानलाई ध्यानमा राखेर भ्रमणलाई सफल बनाउन प्रयत्न गरिनेछ,' प्रधानमन्त्रीले भने, 'जनतालाई केन्द्र भागमा राखेर आन्तरिक नीति सञ्चालित हुन्छ, बाह्य नीति राष्ट्रियतालाई केन्द्र भागमा राखेर सञ्चालित हुन्छ, भारत भ्रमण पनि यसै आधारमा हुनेछ ।'

प्रधानमन्त्री ओलीले मित्रता, भारतीय लगानीकर्तालाई आस्वस्त र बहुआयामिक सम्बन्धलाई उपयोग अभिवृद्धि गर्ने मामिलामा भ्रमण सफल हुनेमा ढुक्क हुन पनि आग्रह गरे । 'पछिल्लो समयमा नेपाल र भारतबिच देखिएका केही असझदारी र समस्या अधिकांश समाधान भएका छन्, अब पुरानो सुमधुर सम्बन्धलाई फर्काएर अझ बलियो बनाउनु भ्रमणको उद्देश्य रहेको छ,' उनले भने । दुई देशबिचको मित्रतापूर्ण सम्बन्ध र व्यवहार लिने र दिनेमा केन्द्रित हुने तर्क गर्दै उनले प्रकृति, भूगोल, संस्कृति, अर्थ र सामाजिक भावनामा दुई देशबिच रहेको आत्मीय सम्बन्ध अझ व्यवस्थित र फराकिलो हुने बताए ।

(बाँकी पृष्ठ ३ मा)

**भारतबाट मित्रतापूर्ण सम्बन्ध र व्यवहारको अपेक्षा गरेका छौं**

**असमझदारीबाट उत्पन्न जटिलतालाई समाधान गरी सम्बन्धलाई अझ मजबुत बनाइन्छ**

**हामी कसैका पक्ष र विपक्षमा कुनै कार्ड प्रयोग गर्दैनौं, एउटाविरुद्ध अर्को र कसैका विरुद्ध कसैलाई प्रयोग गर्ने नीति छैन**



### प्रजातन्त्र दिवस आज

**काठमाडौं/रासस-** ७ फागुन २००७ मा प्रजातन्त्र स्थापना भएको सम्झनामा आज (शुक्रबार) देशभर विभिन्न कार्यक्रम गरी ६५औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाइँदै छ ।

१०४ वर्षीय जहानियाँ राणाशासनको अन्त्य गर्दै राजा त्रिभुवनले नेपालमा प्रजातन्त्र स्थापना भएको घोषणा गरेका थिए ।

(विस्तृत पृष्ठ २ मा)

राजधानी कुरा-कुरी

-उत्तम नेपाल




कति दिने ? सयोग माग्न आ'को धर्रा बनाउँन..!

ऊर्जा संकट निवारण कार्ययोजना पारित

# एक वर्षभित्र लोडसेडिङ अन्त्य

### १० वर्षमा १० हजार मेगावाट बिजुली

**भीम गौतम/राजधानी**
काठमाडौं, ६ फागुन

सरकारले १० वर्षभित्र १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशकको अवधारणासहितको कार्ययोजना तयार गरेको छ ।

आगामी वर्ष पूर्ण रूपमा लोडसेडिङ अन्त्य गर्ने र दुई वर्षभित्र जलविद्युत् उत्पादनमार्फत नै लोडसेडिङ अन्त्य गर्ने गरी तयार अवधारणा र कार्ययोजना बिहीबारको मन्त्रिपरिषद् बैठकले पारित गरेको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले एक वर्षभित्र लोडसेडिङ अन्त्य गर्ने घोषणा गरेपछि यसको कार्यान्वयनार्थ तयार पारिएको कार्ययोजनामा १० वर्षभित्र ९ हजार ९ सय ३५ मेगावाट विद्युत् उत्पादनको महत्त्वाकांक्षी लक्ष्य राखिएको छ । '१० वर्षभित्र १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने गरी अवधारणा र कार्ययोजना तयार गरेर मन्त्रिपरिषद्बाट पारित भएको छ,' उपप्रधान एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझीले भने, 'एक वर्षभित्र आधारभूत रूपमा र दुई वर्षभित्र जलविद्युत् आयोजनामार्फत नै लोडसेडिङ अन्त्य गर्ने गरी योजना बनाइएको छ ।'

उनले कार्ययोजना पारित भइसकेकाले त्यसको कार्यन्वयनका लागि तत्काल युद्धस्तरमा काम अघि बढाउने बताए । कार्ययोजनामा १० वर्षभित्र उत्पादन अनुमति प्राप्त गरी विभिन्न चरणमा रहेका आयोजनाबाट २५ सय ८७ मेगावाट, प्रस्तावित जलायशयुक्त आयोजनाबाट ५ हजार ३ सय ७३ मेगावाट तथा प्रस्तावित नदी प्रवाहमा आधारित (आरओआर) बाट १ हजार ९ सय ७५ जलविद्युत् आयोजना निर्माण भइसक्ने उल्लेख छ । नेपाल विद्युत् प्राधिकरण र सोअन्तर्गतका सहायक कम्पनी तथा निजी क्षेत्रमार्फत पहिलो वर्ष २ सय मेगावाट, दोस्रो वर्ष ८ सय ५० मेगावाट तथा तेस्रो वर्ष थप ४ सय मेगावाट उत्पादन बढाउने लक्ष्य कार्ययोजनामा छ ।

ऊर्जा मन्त्रालयल तयार पारेको अवधारणासहितको कार्ययोजनामा एक वर्षभित्र सुक्खायाममा आधारभूत रूपमा तथा वर्षा याममा पूर्ण रूपमा अन्त्य गर्ने उल्लेख ।

आगामी हिउँदमा विद्युत्का माग १४ सय २३ मेगावाट पुग्नेमा २ सय निर्माणाधीन जलविद्युत् र १ सय मेगावाट वायु र ऊर्जाबाट थप विद्युत् उत्पादन तथा भारतमा थप २ सय ६५ मेगावाट आयात गरी थपिएर १ हजार ६७ मेगावाट आपूर्ति हुन सक्ने र थप आवश्यक नवीकरणीय ऊर्जामार्फत आपूर्ति गरिने उल्लेख छ । त्यसैगरी, वर्षामा भने पूर्ण रूपमा विद्युत् उत्पादन हुँदा आयात र थप गरी १५ सय ६७ मेगावाट पुग्ने कार्ययोजनामा उल्लेख छ ।

(बाँकी पृष्ठ ३ मा)

# मोर्चाको सहमतिबिनै राजनीतिक समिति गठन

**विजय चाम्लिङ, टेनिस रोका/राजधानी**
काठमाडौं, ६ फागुन

सरकारले संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको सहमतिबिनै राजनीतिक समिति गठन गरेको छ । लामो प्रयासपछि पनि मोर्चा सहमतिमा नआएपछि बिहीबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाको संयोजकत्वमा ११ सदस्यीय राजनीतिक समिति गठन गरेको हो ।

शिक्षामन्त्री गिरिराजमणि पोखरेलले मधेसी, जनजाति, थारूलगायतको मागको विषयमा अध्ययन गरी सुझाव दिन समिति गठन गरिएको जानकारी दिए । उपप्रधानमन्त्री कमल थापाको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गर्ने निर्णय भएको छ, यसले वार्ता, छलफल तथा समन्वय गरेर प्रतिवेदन बुझाउनेछ,' बैठकपछि शिक्षामन्त्री पोखरेलले भने । समितिको समयावधि तिन महिना तोकिएको छ । बिहीबार दिउँसो तिनदलीय कार्यदल र संयुक्त मधेसी मोर्चाको कार्यदलबिच वार्ता भंग भएपछि अबेर राति बसेको मन्त्रिपरिषद्को बैठकले समिति बनाएको हो ।

रक्षामन्त्री भीम रावलले मोर्चाले आफ्नो अडान छाड्न नसक्दा सहमति हुन नसकेको बताए । 'बैठकमा तिनचार ओटा विकल्पसहितको हामीले प्रस्ताव राखेका थियौं, उहाँहरू कुनै पनि प्रस्ताव मान्ने पक्षमा नै देखिनुभएन, त्यसैले वार्ता सहमतिमा पुग्न सकेन,' रावलले भने । प्रधानमन्त्री केपी शर्मा ओलीले आसन्न भारत भ्रमणअगाडि नै संयन्त्रको टुंगो लगाउन चाहे पनि कार्यदल स्तरमा सहमति जुटेपछि मन्त्रिपरिषद् बैठकले समिति घोषणा गरेको हो । गत शुक्रबार संयुक्त रूपमा बसेको तिन दल र मधेसी मोर्चाका शीर्ष तहको बैठकले आइतबारसम्म संयन्त्रको टुंगो लगाउन कार्यदललाई जिम्मा दिएको थियो । त्यसयता, बुधबार बसेको बैठकमा कुनै सहमति जुट्न सकेन ।

मोर्चाले एकलौटी रूपमा गठन भएको समितिको बहिष्कार गर्ने घोषणा गरेको छ । आफूहरूको असहमतिबिच सरकारले एक पक्षीय ढंगले संयन्त्र गठन गरेको भन्दै मोर्चाले संयन्त्रमा नबस्ने बताएको हो । सरकारले बिहीबार मन्त्रिपरिषद्को बैठकमार्फत उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाको संयोजकत्वमा ११ सदस्यीय राजनीतिक संयन्त्र गठन गरेको छ । संयन्त्रमा रहने अन्य सदस्यहरू उल्लेख छैन । तर, संयन्त्रले तिन महिनाभित्र सीमांकनको विवाद मिलाउन सुझाव दिने बताइएको छ । 'आन्दोलनकारीको सहमतिबेगर बनाइएको संयन्त्रको कुनै अर्थ छैन,' तराई मधेस सद्भावना पार्टीका वरिष्ठ नेता रामनरेश रायले राजधानीसँग भने, 'वार्ता पनि भाँडिएको छ, अब हामी आन्दोलनकै तयारीमा लाग्छौं ।'

बिहीबार सिंहदरबारमा बसेको प्रमुख तिन दल र मोर्चाबिचको वार्ता पनि विनानिष्कर्ष टुंगिएको छ । मोर्चाले तिन दल विगतमा सहमति भइसकेका विषयबाट पनि पछि हटेको बताएको छ । तिन दलले भने सहमतिका लागि विकल्पसहित तिन फरकफरक प्रस्ताव गर्दा समेत मोर्चालाई मनाउन नसकिएको जनाएको छ ।

(बाँकी पृष्ठ ३ मा)

# देउवा-पौडेलले राखे एकअर्कालाई आकर्षक प्रस्ताव

**भुवन शर्मा/राजधानी**
काठमाडौं, ६ फागुन



**सभापतिको दाबी छाड्नोस्, प्रधानमन्त्रीमा ढुक्क भए हुन्छ**

**देउवालाई राष्ट्रपति र प्रधानमन्त्री दुवैमा प्रस्ताव गर्न म तयार छु**



नेपाली कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा र कार्यवाहक सभापति रामचन्द्र पौडेलले आफूलाई सभापतिमा समर्थन गर्न आग्रह गर्दै एकअर्कालाई आकर्षक प्रस्ताव गरेका छन् । १३औं महाधिवेशनको मिति नजिकिँदै गएपछि सभापतिका आकांक्षी दुवै नेताले बिहीबार औपचारिक रूपमै एकअर्कालाई आकर्षक प्रस्ताव राखेका हुन् ।

वरिष्ठ नेता देउवाले पौडेललाई प्रधानमन्त्री बनाउने प्रस्ताव राखेका छन् भने पौडेलले आफूलाई सभापतिमा सहयोग गरे देउवालाई प्रधानमन्त्री र राष्ट्रपति दुवै बनाउन तयार रहेको घोषणा गरेका छन् । बिहीबार बिहान आफ्नै निवास बुढानीलकण्ठमा पत्रकारसँग कुराकानी गर्दै देउवाले कांग्रेसलाई एकढिक्का बनाएर लैजाने दृढतासहित आफूलाई समर्थन गर्न पौडेललाई आग्रह गरे । 'रामचन्द्रजी प्रधानमन्त्रीमा ढुक्क भए हुन्छ,' वरिष्ठ नेता देउवाले भने । तर, देउवाको सो प्रस्तावलाई पौडेलले ठाडै अस्वीकार गरेका छन् ।

बिहीबार दिउँसो नै अनामनगर स्थित सम्पर्क कार्यालयमा पौडेलले देउवाको प्रस्तावलाई अस्वीकार गर्दै आफू भागबन्डामा विश्वास नगर्ने बताए । 'भागबन्डामा म विश्वास गर्दिनँ,' पौडेलले भने, 'भागबन्डाको राजनीतिले गर्दा पार्टी बिग्रिएको हो ।' पौडेलले उल्टै देउवालाई राष्ट्रपति र प्रधानमन्त्रीमा प्रस्ताव गर्न आफू तयार रहेको भन्दै सभापतिमा सघाउन प्रस्ताव राखे । पौडेलले १३औं महाधिवेशनले नेपाली कांग्रेसको नेतृत्व र नीतिमा परिवर्तन गर्ने उद्घोषसमेत गरे ।

महाधिवेशनमा प्रस्तुत गर्ने नीति तथा कार्यक्रममाथि देशरभरबाट सुझाव मागिएको भन्दै पौडेलले सो घोषणा गरेका हुन् । १० फागुनभित्रै देशभरबाट सुझाव मागिने र ११ फागुनमा बस्ने केन्द्रीय समितिको बैठकमा सो विषयमा छलफल हुने पौडेलको भनाइ छ । पौडेलले अस्वीकार गरे पनि वरिष्ठ नेता देउवाले भने आफू सबैलाई मिलाएर अघि बढ्न तयार रहेको बताएका छन् । उनले तत्कालीन प्रधानमन्त्री तथा पार्टी सभापति गिरिजाप्रसाद कोइराला र आफूबिच कोइरालापछि आफू सभापति हुने भद्र सहमति भएको दाबीसमेत गरे । 'हिजो गिरिजाबाबु र मैले पार्टी एकीकरण गरेका थियौं । आज उहाँ हुनुहुन्न, उहाँपछि म पार्टी सभापति हुने भन्ने भद्र सहमति भएको थियो,' देउवाले भने । उनले रामचन्द्र पौडेलकै कारण पार्टी फुटेको आरोप पनि लगाएका छन् । पार्टी फुटाउन रामचन्द्र पौडेलले उक्साएको र अन्तिम समयमा पौडेल अनुपस्थिति भएको दाबी देउवाले गरेका हुन् ।

(बाँकी पृष्ठ ३ मा)



गोरखाको लाप्राकस्थित गुप्सीपाखामा रहेका भूकम्पपीडितका अस्थायी टहरा । वर्षायामअगाडि नयाँ घर बनाउन आफ्नो गाउँ फर्केपछि गुप्सीपाखा सुनसान बनेको छ । तस्बिर : रासस

मानसिक स्वास्थ्य समस्या

# भूकम्पपछि चार प्रकारका मानसिक रोगी बढे

**केशरमणि कटुवाल/राजधानी**
काठमाडौं, ६ फागुन

गत १२ वैशाखमा गएको शक्तिशाली भूकम्पपछि नेपालमा चार प्रकारका मानसिक रोगीहरूको संख्या बढेको पाइएको छ ।

शक्तिशाली भूकम्प र त्यसपछि लगातार गएका पराकम्पनका कारण डराउने, आत्तिने, निद्रा नलाग्ने तथा डिप्रेसनका रोगी उपचारका लागि अस्पताल आउने संख्या बढेको त्रिवि शिक्षण अस्पताल महाराजगन्जका मानसिक स्वास्थ्य विभाग प्रमुख प्रा.डा. सरोज ओझाले जानकारी दिए ।

'भूकम्पपछि यस्ता रोगीको संख्या बढे पनि तिनीहरूको उपचारको व्यवस्था कसरी गर्ने भन्नेबारे राज्यसँग कुनै रणनीति छैन,' मनोचिकित्सक संघका अध्यक्षसमेत रहेका प्रा.डा. ओझाले भने, 'स्वास्थ्य क्षेत्रमा पर्याप्त बजेटको समेत अभाव छ ।

जापानमा सन् २०११ मा गएको शक्तिशाली भूकम्पपछि पनि मानसिक रोगीहरूको संख्या बढेको पाइएको थियो । नेपालमा चेतनाको अभावमा मानसिक स्वास्थ्य समस्या भएकाहरू अस्पताल जान हिच्किचाउने गरेको पाइएको छ ।

मानसिक स्वास्थ्य समस्या देखिएमा समाजमा बौलाएको वा पागल भएको हल्ला चल्ने डरले अधिकांश रोगीलाई घरमै राख्ने गरिएको छ । उपचारका लागि अधिकांशलाई भारतका विभिन्न अस्पतालमा लैजाने गरेको पाइएको डा. ओझाले बताए ।

'नेपालमा मानसिक स्वास्थ्य समस्याबारेको बुझाइ र जनचेतनाको अभाव छ,' उनले भने, 'तराईका अधिकांश जिल्ला तथा पहाडी जिल्लाबाट पनि मानसिक रोगी देखा परेमा उपचारका लागि भारत लैजाने गरेको पाइएको छ ।'

मानसिक रोगीलाई बर्सौंदेखि दाम्लोमा बाँधेर, खोरमा थुनेर राख्ने गरेका घटनासमेत बेलाबेलामा सार्वजनिक हुने गरेका छन् । नेपालमा मानसिक रोगीहरूको उपचार महँगो नपरे पनि यसबारे जनचेतनाको अभावले रोगीले आत्महत्या गर्नेसम्मका घटना बढेको पाइएको छ ।

संयुक्त राष्ट्र संघले गरेको अध्ययनअनुसार संसारभरि करिब २० प्रतिशत मानिसमा मानसिक रोगको समस्या देखिने गरेको छ । नेपालमा भने अहिलेसम्म यसबारे सरकारी स्तरमा आधिकारिक अध्ययन भएको छैन । विभिन्न अस्पतालको तथ्यांकअनुसार नेपालमा कुल जनसंख्याको ०.५ प्रतिशत मानिसमा कडा मानसिक रोग लाग्ने गरेको छ ।

मानसिक स्वास्थ्यबारे अध्ययन, उपचार तथा व्यवस्थापन गर्नका लागि ०५२ सालमा मानसिक स्वास्थ्य नीति आए पनि त्यसको कार्यान्वयन अहिलेसम्म हुन सकेको छैन ।

विश्वमा राष्ट्रिय बजेटको १० प्रतिशत स्वास्थ्य क्षेत्रका लागि विनियोजन गर्ने प्रतिबद्धता रहे पनि नेपालमा चालु आर्थिक वर्षमा करिब ५ प्रतिशत बजेट मात्रै स्वास्थ्य क्षेत्रमा छुट्याइएको छ । विश्वमा पाँच जना गर्भवती महिला तथा आमामध्ये एक जनामा मानसिक स्वास्थ्य समस्या देखिने गरेको र करोडौं मानिसले डिप्रेसन र तनाव कम गर्नका लागि नियमित रूपमा थेरापी गर्ने गरेका छन् ।

# ४४ जिल्लाका कांग्रेस सभापति छानिए

## ४४ जिल्लामा नेपाली कांग्रेसको अधिवेशन सम्पन्न भएको केन्द्रीय निर्वाचन समितिले जनाएको छ

**रासस**
काठमाडौं, ६ फागुन

२५ माघमा धेरै जिल्लामा अधिवेशनको प्रक्रिया सुरु भएकामा २६ गते सभापति सुशील कोइरालाको निधन भएका कारण माघ मसान्तसम्म अधिवेशनको कार्यक्रम स्थगित गरिएको थियो ।

बारा र पर्सा जिल्लामा प्राविधिक कारणले बाँकी रहेको गाउँ अधिवेशन सुरु भएको कांग्रेस केन्द्रीय कार्यालयका सचिव प्रदीप पराजुलीले जानकारी दिए । ती जिल्लामा मंगलबारदेखि मात्र निर्वाचन कार्यक्रम सुरु भएको हो ।

'तराईका अन्य जिल्लामा पनि अधिवेशनको कार्यक्रम भइरहेको छ । धनुषा, सिराहा र सप्तरीको गाउँ अधिवेशन सम्पन्न भएको छ, रौतहटमा क्षेत्रीय अधिवेशन सकी जिल्ला अधिवेशनको प्रक्रिया अघि बढेको छ,' सचिव पराजुलीले भने ।




बाँकी ३१ जिल्लाको अधिवेशन १० फागुनभित्रै सम्पन्न गर्ने गरी निर्देशन दिइएको कांग्रेस निर्वाचन समितिका सदस्य गोपालकृष्ण घिमिरेले जानकारी दिए । '२० फागुनदेखि केन्द्रीय महाधिवेशन हुने भएकाले तयारीका लागि पनि नाम सूची १० गतेपछि बुझाउनुपर्छ, यसैले १० गतेसम्म जिल्ला अधिवेशन सम्पन्न गराउन निर्देशन दिइएको हो,' उनले भने ।

अहिलेसम्म ६५ जिल्लाका २ सय १० निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधि छानिएका छन् । त्यस्तै, बिहीबारसम्म सम्पन्न ४४ जिल्ला अधिवेशनबाट निर्वाचित भएका जिल्ला सभापतिमा ताप्लेजुङमा लीला बोक्सिङ, झापामा उद्धव थापा, मोरङमा डिगबहादुर लिम्बु, सुनसरीमा राजीव कोइराला, खोटाङमा नरेशकुमार श्रेष्ठ, ओखलढुंगामा प्रदीपकुमार सुनुवार, उदयपुरमा विदुर बस्नेत, सिन्धुलीमा उज्ज्वलप्रसाद बराल र धादिङमा रमेश धमला छन् ।

यसैगरी, काभ्रेपलाञ्चोकमा मधु आचार्य, मकवानपुरमा इन्द्रबहादुर बानियाँ, गोरखामा हरिबहादुर घले, मनाङमा टेकबहादुर गुरुङ, कास्कीमा कृष्ण केसी, तनहुँमा वैकुण्ठनाथ न्यौपाने, स्याङ्जामा कमलप्रसाद पङ्गेनी, पाल्पामा वीरबहादुर राना, अर्घाखाँचीमा विष्णुप्रसाद खनाल, नवलपरासीमा विष्णु लामिछाने र रूपन्देहीमा अब्दुल रजाक जिल्ला सभापतिमा विजयी भएका छन् ।

यस्तै, मुस्ताङमा याङजिङ विष्ट, जाजरकोटमा दीपकजंग शाह, सुर्खेतमा कमलराज रेग्मी, डोटीमा प्रदीप देउवा, बैतडीमा नरेन्द्रसिंह थापा, डडेलधुरामा कर्णबहादुर मल्ल, पाँचथरमा नवीन्द्र केरुङ, भोजपुरमा नन्दमणि राई, धनकुटामा अग्निप्रसाद पौडेल, नुवाकोटमा जगदीश्वरनरसिंह केसी, कपिलवस्तुमा सुरेन्द्रराज आचार्य, मुगुमा खड्गबहादुर शाही, कालिकोटमा हर्षबहादुर बम, हुम्लामा जयपति रोकाया र बैतडीमा नगेन्द्रराज थापा सभापतिमा निर्वाचित भएका छन् ।

तेह्रथुममा गोविन्दप्रसाद ढुंगाना, काठमाडौंमा कृष्ण (सबुज) बानियाँ, ललितपुरमा मदन अमात्य, चितवनमा जितनारायण श्रेष्ठ, पर्वतमा खिमप्रसाद भुसाल, रुकुममा प्रेमप्रकाश ओली, रोल्पामा अमरसिंह पुन र बर्दियामा सञ्जय गौतम सभापतिमा निर्वाचित भएको समिति सचिव जगन्नाथ श्रेष्ठले जानकारी दिए । 'संखुवासभाको निर्वाचनमा दुई उम्मेदवारबिच मत बराबर भएकाले थप प्रक्रिया अघि बढेको छ,' उनले भने ।

झापाका थापा, पाल्पाका राना र अर्घाखाँचीका खनाल सर्वसम्मत सभापतिमा चुनिएका छन् ।

# एमबीबीएस प्रथम वर्षमा ८.७५% मात्र उत्तीर्ण

**धनुषा/रासस**– धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-२ रमदैयास्थित जानकी मेडिकल कलेजको एमबीबीएस प्रथम वर्षमा ९१ प्रतिशत विद्यार्थी असफल भएका छन् ।

परीक्षामा सहभागी नियमित तथा आंशिक गरी ८० विद्यार्थीमध्ये सातजना मात्र उत्तीर्ण भएको क्याम्पस प्रशासनले जनाएको छ । एमबीबीएस प्रथम वर्षको ११औं समूहको परीक्षाफलमा ८.७५ प्रतिशत विद्यार्थी मात्रै पास भएका छन् । कलेजको यस्तो परिणाम आएपछि ३५ देखि ४० लाख रुपैयाँसम्म खर्च गरेर चिकित्सा शास्त्र अध्ययन गरिरहेका विद्यार्थी चिन्तामा परेका छन् ।

मेडिकल कलेजका व्यवस्थापन समितिका पूर्वअध्यक्ष ओपी पाण्डेलगायत व्यवस्थापकले शिक्षक, कर्मचारीको तलबभत्ता नियमित भुक्तान नगर्दा विगत दुई वर्ष क्याम्पस अस्तव्यस्त बनेको थियो । पटकपटकको हडतालले विद्यार्थीको अधिकांश समय आन्दोलनमै बितेको थियो । पूर्वसञ्चालकमध्येका केहीमाथि अहिले पनि ठगी मुद्दा चलिरहेको छ भने केही फरार छन् । पाण्डेले बिक्री गरेपछि गत २७ असारदेखि धनबहादुर शेरचनको नेतृत्वको नयाँ व्यवस्थापनमा कलेज सञ्चालन भइरहेको छ ।

नयाँ व्यवस्थापनले जिम्मेवारी सम्हालेयता पठनपाठन र भौतिक सुविधामा सुधार भएको प्रशासन शाखाका राकेश ठाकुरको दाबी छ । उनका अनुसार कक्षा नियमित छन् भने ५ सय ३५ शय्याको अस्पताल पनि सञ्चालन गरिएको छ ।

भौतिक र शैक्षिक पूर्वाधारमा सुधार भए पनि दुई वर्षदेखि यस कलेजले छात्र भर्ना गर्ने अनुमति (कोटा) नपाएको कलेज प्रशासकको गुनासो छ ।

प्रशासक सुशील झाले जनकपुर उप-महानगरपालिकामा सिटी अस्पतालसँगै आईसीयू तथा सीसीयू सञ्चालन भएको बताए । उनले २५ संकाय थपिएको जनाउँदै अहिले पठनपाठन नियमित भएको छ, तैपनि विद्यार्थी कोटा रोकिएको बताए ।

# बाघ मार्ने 'बाबरिया' सञ्जाल भत्काउँदै अनुसन्धान ब्युरो

**भीमदत्तनगर/रासस**– दुई वर्षअघि गठन भएको प्रहरीको सुदूरपश्चिम क्षेत्रीय अनुसन्धान ब्युरो (आरआईटी)ले आफ्नो अभियानलाई अघि बढाएपछि बाघका नौ थान छालासहित १८ जना अभियुक्त पक्राउ गर्न सफल भएको छ ।

केन्द्रीय अनुसन्धान ब्युरोको वन्यजन्तु शाखामा अनुभव लिइसकेका प्रहरी नायब निरीक्षक वीरेन्द्र जोहारीले सुदूरपश्चिम ब्युरोको नेतृत्व सम्हाल्दै कञ्चनपुरको भीमदत्त नगरलाई आधार बनाएर काम थालेपछि यो सफलता हात लागेको हो । सुरुआती दिनमा सीमा क्षेत्रमा हुने तस्करी नियन्त्रण तथा अदालतको कैद भुक्तान छाडेर फरार रहेका अभियुक्तलाई नियन्त्रणमा लिने काममा खटिँदै आएको जोहारी नेतृत्वका १२ सदस्यीय ब्युरोको ध्यान एक वर्षदेखि वन्यजन्तु तस्करी नियन्त्रणमा गयो । गत वर्ष माघदेखि वन्यजन्तु क्षेत्रमा हुने चोरीसिकार तथा संरक्षित वन्यजन्तु मार्ने गिरोहको खोजीमा जुटेको ब्युरोले देशका अन्य क्षेत्रीय ब्युरोभन्दा बढी सफलता हासिल गर्न सफल भएको छ ।

'हामी नवौं अपरेसनसम्म आइपुग्दा पश्चिम नेपाल तथा भारतीय वनमा बाघ मार्ने गिरोहको ठुलै सञ्जालभित्र पस्न सफल भयौं,' हालै क्षेत्रीय ब्युरोबाट केन्द्रीय ब्युरोमा सरुवा भएका प्रहरी नायब निरीक्षक जोहारीले भने, 'यस क्षेत्रमा बाघ मार्ने गिरोहमा भारतीय बाबरिया समुदायका मानिस बढी सक्रिय छन् ।'

'सुरुआतमै बाघको छाला र अभियुक्त समात्दा अनुसन्धानका क्रममा बाबरिया समुदाय नै जोडिएर आउँथ्यो,' उनले भने, 'केही दिनअघि कैलालीको पहलमानपुरमा नेपालमा बाघ मार्न संलग्न श्रवण बाबरियासहितका व्यक्तिलाई पक्राउ गरी अनुसन्धान थालेका छौं ।'

नौ थान बाघका छाला, १ सय २५ किलो हड्डी र १८ जना अभियुक्त पक्राउ गर्न सफल भएको ब्युरोलाई प्रोत्साहनस्वरूप विश्व वन्यजन्तु कोषले अब्राहम लिंकन पुरस्कारका साथै शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालय र जिल्ला वन कार्यालय कञ्चनपुरबाट सम्मान पायो ।

बाघ मार्ने घटनामा पक्राउ परेका नेपाली तथा भारतीय अहिले सबै जेलमा छन् । जोहारीले भने, 'देशका अन्य क्षेत्रमा पनि बाबरिया समुदायकै बढी संलग्नतालाई अनुसन्धानले देखाएको छ ।'

'हाम्रो अपरेसनले बाबरिया समुदायमै सन्त्रास फैलिएको छ,' उनले भने, 'भारतमा पनि यो समुदायलाई निकै निगरानीमा राख्ने गरिएको छ ।'

गत वर्ष माघको पहिलो साता कञ्चनपुरको दोधारा चाँदनीमा बाघको छालासहित पक्राउ परेका भारतीय नागरिक दुलाल मण्डल पनि बाबरिया समुदायकै रहेको ब्युरोको भनाइ छ ।

कञ्चनपुरकै बेलौरीमा पक्राउ परेका भारतीय नागरिक पनि बाबरिया सञ्जालकै भरियाका रूपमा बाघको छाला बोकेर नेपालबाट तिब्बत लग्दै गर्दा ब्युरोको फन्दामा परेका हुन् । पक्राउ परेकामध्ये ११ जना कैलाली, पाँचजना कञ्चनपुर र १/१ जना बर्दिया र सुर्खेतमा कानुनी कारबाही भोग्दै छन् ।

## एक वर्षभित्र...

त्यसैगरी, दुई वर्षभित्र सुक्खायाममा १५ सय ५० मेगावाट माग हुने प्रक्षेपण गरिएकोमा भारतमा आयात विद्युत् ९ सय ३० मेगावाट, नदी प्रवाहमा आधारित (आरओआर) आयोजनाबाट ४ सय तथा वायु र सौर्यबाट २ सय मेगावाट थप भई १८ सय ५० मेगावाट विद्युत् पुग्ने कार्ययोजनामा उल्लेख छ ।

तिन महिनाभित्र वन, वातावरण, जग्गा प्राप्ति र विद्युत् क्षेत्रलाई समेटेर विद्युत् संकटकाल ऐन तथा यसका लागि आवश्यक सबै कार्यविधि तयार पार्ने मन्त्रालयको कार्ययोजनामा उल्लेख छ । त्यसैगरी, ६ महिनभित्र विद्युत् विधेयक तथा नियमन आयोग विधेयक संसद्मा प्रस्तुत गरिसक्ने पनि कार्ययोजनामा उल्लेख छ । नेपाल विद्युत् प्राधिकरणले तयार गरेको प्रसारण लाइन गुरुयोजनाका आधारमा पहिचान भएका छिमेकी राष्ट्र भारततर्फका ६ अन्तदेशीय प्रशारण लाइनहरू निर्माण अघि बढाउने तथा अर्को छिमेकी राष्ट्र चीनसँग जोड्ने केरुङ र किमाथांका हुँदै जाने अन्तरदेशीय प्रसारण लाइन निर्माण कार्ययोजनामा उल्लेख छ । उत्पादन, वितरण र इन्जिनियरिङ कम्पनी खडा गर्ने उल्लेख गर्दै कार्ययोजनामा तत्काल बुढीगण्डकी, नलसिंह गाड, सुनकोसी, दुधकोसी, बुढीगण्डकी, पश्चिम सेती, तमोर, नौमुरेलगायतका जलाशययुक्त आयोजना अघि बढाउने उल्लेख छ । त्यसैगरी, तामाकोसी-३, तल्लो अरुण, माथिल्लो अरुण, अरुण-४ र किमाथांका अरुणलगायतका आयोजना अघि बढाउने उल्लेख छ ।

नेपालको हाल ७ सय ५० मेगावाट विद्युत् उत्पादनको कुल क्षमतामध्ये ९२ मेगावाट मात्र जलाशययुक्त आयोजना रहेको छ । अब १० वर्षभित्र कुल हिस्साको ५० प्रतिशत विद्युत् उत्पादन जलाशययुक्त आयोजनामार्फत मात्र गर्ने कार्ययोजनामा उल्लेख छ ।

विद्यमान जलविद्युत् आयोजनाका लागि लागि ७५ रोपनीभन्दा बढी जग्गा व्यक्तिगतसरह मान्ने व्यवस्थालाई हटाउने, चिनी उद्योगबाट उत्पादित विद्युत्लाई पोस्टपेड रेट दिने, सोलारमा प्रतियुनिट ९ दशमलव ६१ र प्रिमियर कस्ट थप दिएर खरिद गर्ने, हाल कृषि र विद्युत्मा १२ प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था भएकोमा संकटकालभरि बैंक तथा वित्तीय संस्थाहरूले कुल कर्जाको १५ प्रतिशतसम्म जलविद्युत्मा लगानी गर्न सक्नेलगायत कार्ययोजनामा समेटिएका छन् । विदेशी लगा( नीमा निर्माण हुने जलविद्युत् आयोजनासँग पे-प्याक पिरियडसम्मका लागि डलरमा विद्युत् खरिद सम्झौता (पीपीए) गर्ने, जलविद्युत् आयोजनामा लगाइएको १ प्रतिशत वातावरण कर हटाउने, ६ महिनाभित्र राष्ट्रिय ऊर्जा सुरक्षा नीति तर्जुमा गरी लागू गरिनेलगायत कार्ययोजनामा उल्लेख छ । मन्त्रालयले तयार पारेको अवधारणा र कार्ययोजनाले सबै क्षेत्र समेटिए पनि यसको कार्यान्वयन सबैभन्दा चुनौतीपूर्ण रहेको मन्त्रालयकै अ( धकारीहरू बताउँछन् ।

## देउवा–पौडेल...

'रामचन्द्रजीले अब गिरिजाको अन्याय सहन सकिन्न, सँगै बस्न सकिने स्थिति छैन, नयाँ पार्टी खोलौं भन्नुभयो तर अन्तिम समयमा उहाँ आउनुभएन । आएको भए त्यतिखेर उहाँ नै सभापति हनुहुन्थ्यो,' देउवाले भने । देउवाले आफू कोइराला परिवारकै सदस्य भएको पनि बताए । 'म कोइराला परिवारकै सदस्य हुँ । खालि जात मात्र कोइराला नभएको हो । बीपीबाट प्रभावित भएर राजनीतिमा लागें र गिरिजाबाबुसँग अन्तिम समयसम्म सँगै काम गरें,' उनले भने । दरबारमा प्रजातन्त्र बुझाएको आरोपको पनि उनले कडा शब्दमा खण्डन गरे । बीपीपछि राजाबाट बर्खास्तगीमा पर्ने आफू पहिलो जननिर्वाचित प्रधानमन्त्री भएको उनको भनाइ थियो । 'जननिर्वाचित प्रधानमन्त्री राजाबाट बर्खास्तगी भएको बीपी र म हौं । राजाले मलाई जेलमा हाले । कसरी मैले प्रजातन्त्र दरबारलाई बुझाएँ ?' देउवाले प्रश्न गरे ।

कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टीलाई एक बनाएर लैजाने सक्षम नेता देउवा मात्रै भएको भन्दै सहयोग गर्न आमकांग्रेस नेता-कार्यकर्तालाई आग्रह गरे । सभापतिका अर्का आकांक्षी पौडेलसँग संगठन नभएको, व्यक्तित्व मात्रै भएको पनि उनले दाबी गरे ।

## ढुक्क हुनोस्...

भारतीय लगानीकर्ता नेपाल आउँदा सिंहदरबारभित्रै हराउने अवस्थाको अन्त्य हुने उल्लेख गर्दै प्रतिफल आउने ग्यारेन्टीसहितको नेपालमा लगानी गर्न आह्वान गर्ने र त्यसको उपयुक्त वातावरण रहेको सन्देश भ्रमणका क्रममा दिने उनले प्रस्ट पारे ।

प्रधानमन्त्री ओलीले नेपाल दुई छिमेकीबिचको सम्बन्धलाई उत्तिकै सुमधुर बनाउने पक्षमा रहेको उल्लेख गर्दै एकअर्काविरुद्ध पक्ष र विपक्षमा कार्ड प्रयोग नगर्ने पनि प्रस्ट पारे । 'वर्तमान सरकार डिप्लोम्यासी (कूटनीति) मा होइन, इमान र मित्रतामा विश्वास गर्छ, परिष्कृत भाषामा होइन, व्यवहारमा विश्वास गर्छ, भारत भ्रमणका क्रममा हामी यसैअनुसार प्रस्तुत हुन्छौं,' प्रधानमन्त्रीले भने, 'हामी एउटाविरुद्ध अर्को र कसैका विरुद्ध कसैलाई पनि प्रयोग गर्दैनौं, एकविरुद्ध अर्को कार्ड प्रयोग गर्ने हाम्रो नीति छैन ।'

आफ्नो भ्रमणमा भावनात्मक सम्बन्ध विस्तारबाहेकको अर्को एजेन्डा नभएको तर्क गर्दै उनले एजन्डाविनाको भ्रमण अझ गह्रुँगो र ओजपूर्ण हुने तर्क गरे । संसद्मा रहेका कुल संख्याको ९२ प्रतिशत जननिर्वाचित सांसदले संविधान बनाएको र यसको संशोधनसमेत भइसकेको अवस्थामा यसबारे कुनै विवाद नरहेको भन्दै नेपालको जस्तोसुकै समस्या पनि आपसी छलप( ऽलमा समाधान गर्न नेपाली तत्पर रहेको बताए । उनले भारतले नेपालको संविधानलाई स्वागत गरिसकेको पनि दाबी गरे । 'संविधानसभाबाट पारित संविधानअनुसार निर्वाचित प्रधानमन्त्रीलाई राजकीय भ्रमणमा बोलाएर सम्मान गरेपछि संविधानलाई स्वागत गर्‍यो कि गरेन भन्ने कुरा बाँकी रहन्छ र ?' प्रधानमन्त्रीको भनाइ थियो ।

प्रधानमन्त्रीले भारत भ्रमणका क्रममा २४ सय मेगावाटको टेरी जलविद्युत् आयोजना र भूकम्पपछिको पुनर्निर्माणबारे गुजरात भ्रमणको अनुभव नेपाललाई समेत उपयोगी हुने बताए । आजदेखि १२ फागुनसम्म हुने भ्रमणमा उपप्रधान एवं परराष्ट्रमन्त्री कमल थापा, अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री शक्तिबहादुर बस्नेत, प्रधानमन्त्रीका प्रमुख सल्लाह( कार विष्णु रिमाल, प्रधानमन्त्रीका प्रेस सल्लाहकार प्रमोद दाहाल, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीलगायत रहनेछन् ।

प्रधानमन्त्री ओली आज साँझ नै भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले राजदूतावासमा आयोजना गर्ने ६६औं प्रजातन्त्र दिवसको अवसरमा सहभागी हुने कार्यक्रम छ । त्यसैगरी, शनिबार (८ फागुन) मा प्रधानमन्त्रीले राष्ट्रपति भवनमा भारत सरकारको तर्फबाट दिइने सम्मान ग्रहण गर्ने कार्यक्रम छ । सोही दिन प्रधानमन्त्री ओलीले हैदराबाद हाउसमा भारतीय समकक्षी नरेन्द्र मोदीसँग औपचारिक रूपमा छलफल गर्ने कार्यक्रम छ । छलफल द्विपक्षीय हित, नेपाल र भारतबिचको सम्बन्ध, आर्थिक, सामाजिक र राजनीतिक विषयमा केन्द्रित हुने परराष्ट्र मन्त्रालयले जनाएको छ । सोही अवसरमा भारतले नेपालमा आयात गर्न लागेको ८० मेगावाट जलविद्युत् आयोजनाको दुवै देशका प्रधानमन्त्रीको उपस्थितिमा रिमोट कन्ट्रोलबाट स्विच अन गरी शुभारम्भ गर्ने कार्यक्रम छ । ८ फागुनमै प्रधामन्त्री ओलीले भारतीय राष्ट्रपति प्रणव मुखर्जी, उपराष्ट्रपति मोहमद हमिद अन्सारी, गृहमन्त्री राजनाथ सिंह, भारतीय जनता पार्टी, विपक्षी भारतीय कांग्रेसका नेताहरू, संसद्मा रहेका साना गैरकम्युनिस्ट तथा कम्युनिस्ट पार्टीसँग ओलीले बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम छ । सोही दिन प्रधानमन्त्रीले साप्रु हाउसमा हुने भारतीय विश्व मामिला परिषद् तथा व्यापारी समुदायलाई सम्बोधन गर्नेछन् भने भारतीय मिडिया र नेपाली समुदायसँग अन्तर्क्रिया गर्नेछन् ।

भ्रमणकै क्रममा ओलीले उत्तरखण्डको टेरी जलविद्युत् आयोजनास्थलको अवलोकन भ्रमण गर्नुका साथै भूकम्पबाट क्षतिग्रस्त भएर पुनर्निर्माण गरिएको गुजरात जाने कार्यक्रमसमेत तय गरिएको छ । त्यसैगरी, प्रधानमन्त्रीले महाराष्ट्रको मुम्बईमा पुगेर व्यापारिक नेताहरूसँग भेटघाट गर्ने कार्यक्रमसमेत रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । ११ फागुनमा गुजरातको भुज क्षेत्र भ्रमण गरेर सोही साँझ मुम्बई पुग्नेछन् । १२ फागुनमा ओली काठमाडौं फर्किने कार्यक्रम रहेको छ ।

## मोर्चाको सहमति...

'संयन्त्रको टीओआरमा राज्य पुन:संरचना आयोग र समितिको प्रतिवेदनका आधारमा सीमांकन गरिने कुरा राख्ने सहमति भइसकेको थियो,' संघीय समाजवादी फोरमका सहअध्यक्ष तथा मोर्चा कार्यदल सदस्य राजेन्द्र श्रेष्ठले भने, 'तर, उहाँहरू अहिले विगतमा सहमतिनजिक पुगिसकेका कुरा पनि मान्न तयार हुनुभएन ।' श्रेष्ठले 'अब वार्ता भंग भएको' भन्दै मोर्चा शक्तिशाली आन्दोलनको तयारीमा लाग्ने बताए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले आफू भारत भ्रमण जान वातावरण बनाउने हिसाबले मात्रै आफूहरूसँग वार्ताको नाटक गरेको उनले आरोप लगाए । 'प्रधानमन्त्रीजी वास्तवमा सहमति नै चाहनुहुन्न,' श्रेष्ठले भने, 'उहाँले साँच्चै चाहेको भए पहिल्यै सहमति भइसक्थ्यो । उहाँ अहिले आफ्नो भ्रमणको वातावरण बनाउने हिसाबले मात्रै हामीसँग प्रस्तुत हुनुभएको छ ।' तिन दल र मोर्चाबिच पछिल्लो कालमा संयन्त्रको टीओआरमा सहमति जुटन सकिरहेको छैन ।

मोर्चाले टीओआरमै आयोग र समितिको प्रतिवेदनका आधारमा सीमांकन गर्ने आधार स्पष्ट लेख्नुपर्ने अडान लिँदै आएको छ । तिन दल टीओआरमै यी कुरा अहिल्यै उल्लेख गर्न तयार देखिँदैन । गत बुधबारको वार्ता पनि यही विषयमा केन्द्रित थियो । पछिल्लो समय संयन्त्रमार्फत सीमांकन टुंगो लगाउन तयार भएको मोर्चाले 'संयन्त्रको राजनीतिक तथा संवैधानिक हैसियत के हुने ?' भन्ने प्रश्न पनि उठाउँदै आएको छ ।

तराई मधेस सद्भावना पार्टीका वरिष्ठ नेता तथा मोर्चा कार्यदल सदस्य रामनरेश रायले सरकारले आफूहरूसँग वार्ताको नाटक मात्रै गरिरहेको बताए । 'सहमति भएको कुराबाट पनि उहाँहरू पछि हट्नुभयो,' उनले भने, 'वार्ता भाँडिएको छ, वार्ता र संवादबाट समाधान हुनेवाला छैन ।' उनका अनुसार बिहीबारको वार्तामा सीमांकनको कुरा टुंग्याउने गरी सुरुमा छलफल भएको थियो । सीमांकन मिलाउने कुरा संयन्त्रसँग जोडिएको छ । संयन्त्रको टीओआर निर्माणमा पहिले भइसकेको सहमति तिन दलले कुनै पनि हालतमा मान्न नसकिने बताएको रायको भनाइ छ । तर पनि मोर्चा वार्ता र संवादबाट नभाग्ने उनले प्रस्ट पारे ।

रिलिज चलचित्र

# सँगै आए फागु र को आफ्नो





**काठमाडौं/रास–** शुक्रबारबाट राजधानी एवं मोफसलमा एक साथ दुई ठुला नेपाली चलचित्र 'फागु : द कलर अफ लाइफ' र 'को आफ्नो' प्रदर्शनमा आउने भएका छन्। यी दुई चलचित्र मध्य को आफ्नोको बुधबार नै राजधानीमा विशेष प्रदर्शनी गरियो। चलचित्र फागुको पहिलो प्रदर्शन पनि शुक्रबार नै गरिनेछ।

ओस्कार कलेज अफ फिल्म स्टडिजबाट चलचित्र लेखन निर्देशनमा स्नातक गरेकी सम्झना उप्रेती रौनियारले चलचित्र फागु निर्देशन गरेकी हुन्। यसअघि उनले चलचित्र 'मेघा' निर्देशन गरेकी थिइन्।

यो चलचित्रले तराईको कथावस्तुलाई उठान गरेको उनले बताइन्। चलचित्रको पुरै छायांकन वीरगन्ज तथा तराईका अन्य स्थानमा गरिएको हो। प्रेमको वर्गीय अन्तरसंघर्षमा केन्द्रित यो चलचित्रमा तिन पुस्ताको सम्बन्धलाई विश्लेषण गरिएको निर्देशक उप्रेतीको भनाइ छ।

यो चलचित्रको निर्माण करिश्मा मानन्धरले गरेकी हुन्। चलचित्र बाबुसाहेब निर्माण गरेर अमेरिका पसेकी करिश्मा केही वर्षपछि नेपाल फर्किएकी थिइन्। त्यसपछि यतै बसेकी उनले १४ वर्षपछि फागुको निर्माण गरेकी हुन्।

यो चलचित्रको छायांकन रामशरण उप्रेतीले गरेका हुन्। जसमा राजेश हमाल, गौरी मल्ल, सुवास पराजुली, शिल्पा पोखरेल, टीका पहारी, वसन्त भट्टलगायतका कलाकारको अभिनय रहेको छ। यो चलचित्र मुलुकका ६ दर्जनभन्दा बढी सिनेमा हलबाट दर्शकमाझ आउन लागेको पनि निर्देशक उप्रेतीले जानकारी गराइन्।

शुक्रबारबाटै प्रदर्शनमा आउने चलचित्र को आफ्नोको निर्देशन अनिल थापाले गरेका हुन्। गरिब परिवारले आफ्ना सन्तानलाई धर्मपुत्र, धर्मपुत्रीका रूपमा पठाउँदा त्यो सन्तानको यादमा पिल्सिनुपर्दाको प्रसंगलाई चलचित्रको कथमा उठाइएको छ। यसमा अभिनेत्री ऋचा शर्माले आफ्नो उमेरभन्दा दोब्बर उमेरकी महिला र उनको पतिको भूमिका सुशांक मैनालीले निर्वाह गरेका छन्।

राजधानी र मोफसलका चार दर्जन सिनेमा हलबाट प्रदर्शनमा आउने भनिएको यो चलचित्रका अन्य कलाकारमा सुभाष थापा, मेनुका प्रधान, राजन खतिवडा, शान्ति गिरी, सुलक्ष्यण भट्टराईलगायत छन्।

# वीर विक्रममा दयाहाङको फरक रूप




**काठमाडौं/रास–** अभिनेता दयाहाङ राई चलचित्र 'वीर विक्रम'मा फरक रूप र शैलीमा देखिएका छन्। यो चलचित्रको निर्माण पक्षद्वारा बिहीबार जारी 'फस्ट लुक्स' प्रचार सामग्रीमा उनको रूप फरक ढंगमा प्रस्तुत गरिएको छ।

दयाहाङसँगै अन्य कलाकारको पोस्टर पनि निर्माण पक्षले सार्वजनिक गरेको छ। यो चलचित्रमा अर्पण थापा, अनुपविक्रम शाही, दिया पुन, नाजिर हुसेन, विवेक लिम्बू, शिशिर राना र वसन्त भट्ट मुख्य भूमिकामा छन्। यी सबैको फरकफरक पोस्टर बिहीबार सार्वजनिक गरिएको छ।

वीर विक्रमको निर्देशन मिलन चाम्सले गरेका हुन्। यसअघि चलचित्र हँसिया निर्देशन गरेको चाम्सको यो दोस्रो चलचित्र हो। प्रेम, हास्य र द्वन्द्व शैलीमा निर्माण गरिएको यो चलचित्रको निर्मातामा शिवप्रसाद राई, अनिला राई, पृथ्वी राई, बेनिसरा राई छन्।

ताराप्रकाश लिम्बूको संगीत, रेनसा बान्तवा राईको कोरियोग्राफी, सम्राट बस्नेतको एक्सन, अर्जुन जीसीको सम्पादन र राजकुमार केसीको छायांकन यसमा छ। चलचित्रको कथा यम थापाले लेखेका हुन्। चलचित्रको पहिलो प्रदर्शन आगामी २८ मार्चमा हङकङमा गरिने निर्देशक चाम्सले बताए। यसपछि २ अप्रिलमा यो फिल्म बेलायतमा देखाइने पनि उनले बताए।

# वैवाहिक सम्बन्धमा सेलो गायिका



**काठमाडौं/रास–** सेलो गायिका इन्दिरा योञ्जन विवाह बन्धनमा बाँधिएकी छन्। ३६ वर्षीया योञ्जनले अधिवक्ता तथा नेपाल ल क्याम्पसका पूर्वस्ववियु सभापति होम दोङसँग बुधबार विवाह गरेकी हुन्। तामाङ सेलोलाई नेपालीमा ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने गायिकाका रूपमा उनी परिचित छिन्।

बौद्धस्थित एक पार्टी प्यालेसमा तामाङ परम्पराअनुसार सम्पन्न विवाह समारोहमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, पूर्वमन्त्री अमृतकुमार बोहरा, सभासद् शेरबहादुर तामाङ, तीर्थ लामा, गायक रोज मोक्तान, प्रेम लोप्चन, संगीतकार चन्द्रकुमार दोङ, गायिका इन्दिरा गुरुङलगायतको उपस्थिति थियो।

इन्दिराले तुलसा वाइबासँग मिलेर 'नाच्यो च्याङ्बा', 'चौबन्दी', 'सेलो संगम', 'चलनचल्ती'लगायत आधा दर्जन नेपाली सेलो एल्बम र उत्तिकै संख्यामा तामाङ सेलो एल्बम ल्याएकी छन्। यिनको 'उँभोउँभो लाग्यो भेडीको बथान...', 'ल्याइदेऊ न आप्पा आंगी र पाङ्देन...', 'आऊ गोरी लुकामारी खेलौं...' लगायतका गीत चर्चित छन्।

# भजनसंग्रह 'रत्न रचना' सार्वजनिक

**काठमाडौं/रास–** गीतकार रत्नप्रसाद आचार्यको नेपाली भजनसंग्रह 'रत्न रचना' बिहीबार राजधानीमा एक समारोहमा सर्वजनिक भएको छ। सविना आचार्यद्वारा स्वरबद्ध सो भजनसंग्रह अग्रज गायक प्रेमध्वज प्रधान, संगीतकारहरू मिलन मोक्तान, लक्ष्मण शेष, सञ्चारकर्मी कृष्ण भट्टराईलायत विमोचन गरे। कार्यक्रममा गायक प्रधानले हरेक गायकगायिकाले भजनबाट आफ्नो गायन यात्रा प्रारम्भ गर्नु उपयुक्त हुने धारणा राखे। नातिकाजी, फत्तेमानजस्ता अग्रज गायकहरूले पनि भजनबाट गायन यात्रा प्रारम्भ गरेको उदाहरण दिँदै संगीतकर्मी प्रधानले गायिका सविना आचार्यको गायकीको प्रशंसासमेत गरे।

नेपाल संगीतकार संघका अध्यक्ष लक्ष्मण शेषले एल्बमका गीतहरूको समीक्षा गर्दै गायिका सविना आचार्यको सांगीतिक भविष्य उज्ज्वल रहेको बताए।



नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तानले पनि संग्रहका भजनको खुलेर प्रशंसा गरे। पारस म्युजिक ब्यान्डले तयार पारेको यो संग्रहका भजनमा विकास चौधरी, विनोदकुमार भुजेल, गोपालकुमार झा, राजसविनाको संगीत छ।

## श्रेष्ठको निधनप्रति शोक प्रकट

**काठमाडौं/रास–** नेपालमा पहिलो पटक चलचित्र अवार्ड आयोजना गर्ने अग्रज समाजसेवी भरतलाल श्रेष्ठको असामायिक निधनले चलचित्र पत्रकार संघ स्तब्ध भएको संघले विज्ञप्तिमार्फत जनाएको छ। अवार्डका माध्यमबाट चलचित्र क्षेत्रको श्रीवृद्धिमा योगदान पुर्‍याउने कार्यको सुरुआतकर्ता श्रेष्ठको निधनले यस क्षेत्रलाई अपुरणीय क्षति पुगेको संघले ठहर गरेको छ। दिवंगत श्रेष्ठका छोरा अग्रज चलचित्र पत्रकार पुष्करलाल श्रेष्ठका साथै शोक सन्तप्त परिवारजनमा संघले समवेदना प्रकट गरेको छ।

# विषादी प्रयोग न्यूनीकरणका लागि नाटक

**काठमाडौं/रास–** काभ्रेको पाँचखालमा उत्पादन हुने तरकारी तथा अन्य खेतीमा विषादीको प्रयोग अत्यधिक हुने गरेको आरोप आइरहेको बेला त्यसलाई न्यूनीकरण गर्न त्यहाँ केही कलाकारले नाटक मञ्चन गरेका छन्। सम्बन्धित कलाकारहरूले त्यहाँका बासिन्दालाई विषादी प्रयोग कम गर्न अनुरोधसहित नाटक 'विषादी विष हो औषधी होइन' मञ्चन गरेका हुन्।

सो नाटक मञ्चनका क्रममा विष्णुभक्त फुयाँलले बालीमा अत्याधिक विषादी प्रयोग गर्दा त्यसको असरले आफ्नो स्वास्थ्यमा परेको असरबारे भूमिका निर्वाह गरेका थिए। कलाकार फुयाँलकै लेखन तथा निर्देशनमा प्रदर्शन गरिएको सो नाटकले विषादी प्रयोगले क्यान्सर, मृगौलाको रोग, महिलाहरूमा हुने बाँझोपन,



ब्रेन ट्युमरसम्मका रोग लाग्न सक्नेबारे उनले जानकारी गराए। नाटकले रासायनिक विषादी प्रयोग गर्न नहुने सन्देश दिएको थियो।

हव ब्रोडकास्टिङको संयोजनमा कुसुम नाट्य समूहको प्रस्तुति रहेको सो नाटकमा फिल्म किरो अर्थात् सन्तोष खनाल, सुशीला अर्याल, राजु घिमिरे, जंग पहाडी, सरिता राजोपाध्याय, रमेश धमलालगायत कलाकारहरूले अभियन गरेका थिए। कलाकार टोलीले काभ्रेको पाँचखाल बनेपा बजारमा सो सडक नाटक प्रदर्शन गरेका थिए।

सडक नाटक हेरेपछि जिल्ला कृषि विकास कार्यालय तामाघाट सेवा केन्द्रका प्रमुख रामेश्वर श्रेष्ठले नाटक वास्तविकतासँग मेल खाने एवं सन्देशमूलक बनेका बताए। पाँचखालकै घटनाजस्तो देखिने गरी प्रस्तुत गरिएकाले त्यहाँ नाटकको प्रभाव पर्ने विश्वास उनले लिएका रहेछन्।

शनिबार काभ्रेको दुई स्थानमा मञ्चन थालिएको यो नाटकलाई उनीहरूले अन्य ठाउँमा पनि देखाउने क्रमलाई जारी राखेका छन्। यसक्रममा यो नाटकलाई सोही नाटक आइतबार धादिङ र सोमबार चितवनमा मञ्चन गरियो। यसलाई अन्य ठाउँमा निरन्तर मञ्चन गर्ने निर्देशक विष्णुभक्त फुयाँलले जानकारी गराए।





**कमलामाई यातायात सेवा**

काठमाडौंबाट सिन्धुली, भिमान, बर्दिबास, जनकपुर, मरिन र भीमस्थानसम्मका लागि आउन जान कमलामाई यातायात सेवाको टाटा सुमो बोलेरोलाई सम्झनुहोस्।

सम्पर्क
कोटेश्वर काउन्टर : सरोज- ९८४९०८१९८०, ९८०३७५९०७२
सिन्धुली काउन्टर : ०४७-५२११२५ विनोद : ९८४४०७५८२९
बद्री मो. ९८४४२१७१७७, ९८१३०८७०७४


## आजको राशिफल

❑ ज्यो. पं. घनानन्द शर्मा घिमिरे
9849082003

**मेष–** मिष्ठान्न भोजन मिल्नेछ।

**वृष–** व्यर्थ खर्च हुने योग छ।

**मिथुन–** आम्दानीमा सुधार आउनेछ।

**कर्कट–** मनमा सुखसन्तोष मिल्नेछ।

**सिंह–** काम बिग्रने तथा डर हुने योग छ।

**कन्या–** स्वास्थ्य प्रतिकूल रहनेछ।

**तुला–** आम्दानी हुने योग छ।

**वृश्चिक–** शुभ लाभ हुनेछ।

**धनु–** काम असफल हुनेछ।

**मकर–** स्वास्थ्य प्रतिकूल रहनेछ।

**कुम्भ–** धनलाभ हुने योग छ।

**मीन–** खर्च बढ्नेछ।





**नारायणी यातायात**

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित टाटा सुमो सेवा काठमाडौंबाट दक्षिणकाली, फर्पिङ, हेटौंडा हुँदै वीरगंजसम्म बस छुट्ने समय बिहान ६ बजेदेखि ९ बजेसम्म हरेक आधाआधा घन्टामा छुट्ने बिहान १० बजेदेखि बेलका ४ बजेसम्म हरेक एकएक घन्टामा छुट्ने सम्पर्क : मुख्य कार्यालय : हेटौंडा ०५७-५२१६७० शाखा कार्यालय बल्खु ४६७०७४७, शाखा कार्यालय वीरगंज ०५१-५२०६१४, मो. ९८४१-४०२४५४, ९८४१-५३८१६४, ९८४१-४७९२९७





## एम्बुलेन्स

| | |
|---|---|
| मारवाडी सेवा समिति नेपाल | : ४२५५५४० |
| थकाली सेवा समिति एम्बुलेन्स | : ४-३८०६८३ |
| नेपाल चेम्बर एम्बुलेन्स | : ४-२३०२१३ |
| फ्रेन्ड्स क्लब, कुपण्डोल | : ५-५२७७४५ |
| रेडक्रस एम्बुलेन्स | : ४-२२८०९४ |
| काठमाडौं एम्बुलेन्स | : ४-४७८१११ |
| परोपकार एम्बुलेन्स | : ४-२६०५८९ |
| विशालबजार एम्बुलेन्स नि:शुल्क | : ४-२४४१२१ |
| जेसिस एम्बुलेन्स | : ६-६१११११ |
| जनस्वास्थ्य एम्बुलेन्स | : ४-२७८६१२ |
| ललितपुर उपमनपा एम्बुलेन्स | : ५-५२७००३ |
| कीर्तिपुर एम्बुलेन्स | : ४-३३०२०० |
| मध्यपुर ठिमी एम्बुलेन्स | : ६-६३१००० |
| पशुपति आर्यघाट सेवा केन्द्र | : ४-४९२९९९ |
| सत्य साइ नि:शुल्क एम्बुलेन्स | : ४-४९८०३५ |
| लाजिम्पाट क्लब एम्बुलेन्स | : ४-४३५७२१ |
| अग्रवाल सेवा केन्द्र | : ४-४२४८७५ |
| न्युड छि नेपाल एम्बुलेन्स सेवा | : ६-६३१६५८ |
| मेडिकल कलेज सिनामंगल | : ४-४६९०६४ |
| नि:शुल्क एम्बुलेन्स | : ४-४९८०३५ |
| माइती नेपाल एम्बुलेन्स सेवा | : ४-४९४८१६ |
| एम्बुलेन्स सेवा | : ४-३५४४६४ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स सेवा | : ६६१२२६६ |
| भक्तपुर रेडक्रस रक्तसञ्चार सेवा | : ६६१२२६६ |
| अल्का एम्बुलेन्स सेवा | : ५५५५५५५ |
| नेपाल एम्बुलेन्स सेवा | : १०२ |
| सुमेरु एम्बुलेन्स सेवा | : ५५५५५५० |
| नेपाल चेम्बर शववाहन | : ४-२३०२१३ |
| नि:शुल्क शववाहन | : ४-४९८०३५ |
| नि:शुल्क शववाहन सेवा सदन | : ४-२५५५४१ |

## अस्पताल

| | |
|---|---|
| वीर अस्पताल : | ४-२२३८०७, ४-२२१९८८ |
| शिक्षण अस्पताल : | ४-४१२४०४, ४-४१२५०५ |
| कान्ति बाल अस्पताल : | ४- ४१४७९८, ४-४२७४५२ |
| प्रसूती गृह : | ४-२५३२७६ |
| टेकु अस्पताल : | ४-२५३३९६ |
| वीरेन्द्र प्रहरी अस्पताल : | ४-४१२४३० |
| ग्रिन सिटी हस्पिटल : | ४३५२२४८, ४३५७४५२ |
| आँखा अस्पताल : | ४-२६०८१३ |
| हृदयरोग केन्द्र : | ४-३७०६२२ |
| पाटन अस्पताल : | ५-५२२२९५ |
| मानसिक अस्पताल : | ५-५२१३३३ |
| होमियोप्याथिक चिकित्सालय : | ५५२२०९२ |
| भक्तपुर अस्पताल : | ६-६१०७९८ |
| बनेपा अपस्ताल : | ६-६१११११ |
| युनिभसल डेन्टल हस्पिटल, कलंकी : | ४०३२५८८ |
| एक हेल्थ केयर : | ४-२५८५५४ |
| कान्तिपुर डेन्टल कलेज : | ४-३८५९१०/११, २१५१४९० |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल : | ४-४७०६१५, ४४७३५१८ |
| शिक्षण अपस्ताल सिनामंगल : | ४-४६९०६४ |
| नि:शुल्क होमियोप्याथिक चिकित्सालय : | ४-२५५५४० |
| नेसनल किड्नी सेन्टर : | ४-३६३४५२ |
| मनमोहन मेमोरियल अस्पताल : | ४-४११६०५ |
| सामुदायिक स्वास्थ्य सेवा केन्द्र, डाँछी : | ०१६९१२१४४ |
| विनायक अस्पताल तथा प्रसुति गृह, गोंगब : | ४३८३१५२, ४३८०८४८ |
| अल्का अस्पताल, जावलाखेल | ५५५५५५५ |
| ॐ समाज डेण्टल अस्पताल, चावहिल : | ४४७१००३, ४४७३४४४ |
| कान्तिपुर डेन्टल हस्पिटल, महाराजगन्ज : | ४०१७७३६, ४०१७५२१ |
| सुमेरु अस्पताल, धापाखेल, ललितपुर : | ५००३३७७, ५००३३८८ |
| शिवज्योति हस्पिटल, बल्खु, कुलेश्वर | ४३०१८०८, ४३०१८०९ |
| सहीद मेमोरियल अस्पताल, कलंकी | ४२८४३१५, ४६७२९३४ |

## अग्नि यातायात

### कलंकीबाट दिवा बस प्रस्थान समय

| रुट समय | बिहान |
|---|---|
| काँकडभिट्टा | ४:४५ |
| भद्रपुर | ५:०० |
| गौरीगन्ज | ५:१५ |
| बुधबारे | ५:३० |
| गाइघाट | ५:४० |
| विराटनगर (पहिला) | ५:५० |
| राजविराज | ६:१५ |
| धरान | ६:३० |
| विराटनगर (नन् टप) | ६:४५ |
| वीरगन्ज, कलैया (पहिलो) | ६:५० |
| जनकपुर | ७::१० |
| गौर | ७:२५ |
| मलंगवा | ७:४५ |
| वीरगन्ज, कलैया (दोस्रो) | ७:४५ |
| पोखरा (नन् टप) | ८:०० |
| मलंगवा | ८:१५ |
| वीरगन्ज, कलैया (तेस्रो) | १०:१५ |

रिजर्भेसन तथा अन्य जानकारी

| | |
|---|---|
| प्रधान कार्यालय कलंकी : | ४३१०२३१, ४३८५६१५ |
| बुकिङ, कलंकी | ४-२८५६३३, ४-२८५६३५ |
| बुकिङ, सुन्धारा: | ४-२६१५०२, ४-२६७८०३ |
| बुकिङ, गौशला: | ४-४९१८२३ |
| पूर्वाञ्चल क्षेत्रीय कार्यालय इटहरी | ०२५-५८१२५७ |
| पोखरा : | ०६१-५२६३८५ |
| जनकपुर | ०४१-५२१३०३ |
| राजविराज | ०३१-५२०५२३ |

## मकालु यातायात

### काठमाडौंबाट प्रस्थान समय

| रुट समय | बिहान |
|---|---|
| काँकडभिट्टा | ५:०० |
| भद्रपुर | ५:१० |
| मधुमल्लाह | ५:२० |
| धरान | ५:४५ |
| विराटनगर पहिलो | ५:५५ |
| राजविराज | ६:०० |
| सिरहा | ६:१५ |
| विराटनगर दोस्रो | ६:४५ |
| गौर | ६:५५ |
| वीरगन्ज पहिलो | ७:०५ |
| जनकपुर | ७:२० |
| वरहथवा | ७:४० |
| वीरगन्ज दोस्रो | १०:०० |
| वीरगन्ज तेस्रो | ११:०० |
| भद्रपुर (बेलुका) | ३:३० |
| विराटनगर (बेलुका) | ४:०० |
| काँकडभिट्टा (रात्रि) | ४:३० |
| वीरगन्ज (रात्रि) | ८:१५ |

यात्रुवर्गको सुविधाका लागि माउण्ट मकालु यातायात सेवा प्रा.लि.द्वारा काठमाडौं–सिस्नेरी हुँदै हेटौंडासम्म **'मकालु टाटा सुमो'** सञ्चालन हुँदै छ।

रिजर्भेसन तथा अन्य जानकारी
सम्पर्क : ४२७७५५२, ४२८१९७२, ४२८७३०६
०५७-५२३६३५ हेटौंडा

C M Y K



**चिन्नेलाई श्रीखण्ड** तस्बिर : श्यामशंकर पाण्डे/राजधानी

*लुम्बिनीस्थित मायादेवी मन्दिरअगाडि रहेको बोधिवृक्षबाट खसेको पात बटुल्दै विदेशी पर्यटक। यही वृक्षको हाँगा समातेर मायादेवीले सिद्धार्थ गौतम बुद्धलाई जन्म दिएको विश्वास छ। यही विश्वासका कारण विदेशी पर्यटकले यो वृक्षबाट खसेको पात बटुलेर लैजाने गरेका छन्।*

# औषधि जति स्टोरमा स्वास्थ्य चौकी खाली

**ध्रुव अधिकारी/राजधानी**
हेटौंडा, ६ फागुन

ग्रामीण क्षेत्रका स्वास्थ्य र उपस्वास्थ्य चौकीमा औषधिको चरम अभाव भइरहेको छ। तर, जिल्ला स्वास्थ्य कार्यालयको स्टोरमा भने प्रशस्तै औषधि भएको कार्यालयले जनाएको छ।

स्वास्थ्य कार्यालयसँग औषधि भए पनि स्वास्थ्य चौकीमा सिटामोल र आइरन चक्कीको समेत अभाव भएपछि स्थानीयवासी समस्यामा परेका छन्। कार्यालयले ठेक्का प्रक्रियाबाट प्रायः औषधि ल्याए पनि स्वास्थ्य केन्द्र र चौकीलाई उपलब्ध नगराउँदा सर्वसाधारण मारमा परिरहेका छन्। स्वास्थ्य कार्यालयको खेलबाडका कारण ग्रामीण क्षेत्रका सर्वसाधारण मारमा परिरहेका छन्।

जिल्लाका स्वास्थ्य चौकीमा दुई महिनादेखि औषधिको अभाव भए पनि कार्यालयले चासो नदिएको आरोप छ। औषधि अभावमा गाउँमा सर्वसाधारण बिमारी पर्दा उपचारका लागि सदरमुकाम आउनुपर्ने बाध्यता सुरु भएको छ। अधिकांश स्वास्थ्य र उपस्वास्थ्य चौकीमा सिटामोल, गर्भवतीलाई चाहिने आइरन चक्की, झाडा पखालाका औषधिसमेत नभएको स्वास्थ्यकर्मीले बताएका छन्।

सरकारले निःशुल्क उपलब्ध गराएको औषधि सर्वसाधराण नपाएको लामो समय भइसकेको छ। कार्यालयले औषधिका लागि ठेक्का दिए पनि गाउँमा अहिलेसम्म पठाएको छैन। मौसम परिवर्तनको समयमा धेरै बिमारी पर्ने भए पनि औषधिको अभावमा स्वास्थ्य तथा उपस्वास्थ्य चौकी काम विहीन भएका छन्।

अधिकांश स्वास्थ्य संस्थामा अति आवश्यक पर्ने सबैखालका औषधि सकिएका छन्। स्वास्थ्य संस्थामा सिटामोलसमेत नहुँदा निकै समस्यामा परेको सरिखेत गाविस हेल्थपोटका अहेब यमप्रसाद गौतम बताए। सरिखेत हेल्थपोस्टमा दुई महिनादेखि सिटामोलसमेत सकिएको उनले जानकारी दिए।

ज्वरोका बिरामी सिटामोल समेत नपाएर फर्कन बाध्य भएको उनले बताए। अहेब गौतमले भने, 'अधिकांश सर्वसाधारण ज्वरो आयो भनेर आउँदा सिटामोल दिन सकिएको छैन। गर्भवती महिलाले खाने आइरन चक्की नभएको पनि महिनौ भइसक्यो। सुत्केरी गराउँदा लगाउने इन्जेक्सन समेत छैन।' औषधिका लागि पटक पटक स्वास्थ्य कार्यालयलाई जानकारी गराउँदा पनि सुनुवाइ नभएको अहेब गौतमले बताए।

औषधि हुँदा दैनिक २५ जनासम्म आउने स्वास्थ्य संस्थामा औषधि अभावका कारण दैनिक १० जना जति मात्रै आउने गरेको उनले जानकारी दिए। सरकारले निःशुल्क रूपमा सर्वसाधारणलाई उपलब्ध गराएको औषधि पनि सकिएका छन्। मकवानपुरका अधिकांश स्वास्थ्य संस्थामा आमा सुरक्षा कार्यक्रम लागू भए पनि औषधि अभावका कारण यसको कार्यान्यन हुन नसकेको स्वास्थ्यकर्मीले बताएका छन्।

हाँडीखोला गाविसको हेल्थपोस्टमा पनि औषधि सकिएर समस्या परेको छ। राज्यले निःशुल्क उपलब्ध गराएको ४५ थरीका औषधिमध्ये ४० थरीका औषधि सकिएको अहेब ज्योतिराज लुइँटेलले जानकारी दिए। हेल्थपोस्टमा उपचार र औषधि दिन नसके बिमारी सरकारी अस्पताल वा मेडिकल जान बाध्य भएको अहेब लुइँटेलले जानकारी दिए।

सरकारले निःशुल्क वितरण गर्ने औषधिको अभाव अहिले सरिखेत र हाँडीखोलामा मात्र होइन। जिल्लाको शिखरपुर, गोगने, ठिंगन, आमभन्ज्याङ, भैंसे, भीमफेदी, कुलेखानी, सिस्नेरी, निबुवाटार, थाहा नगरपालिका, राक्सिराङ, काँकडा, डाँडाखर्क, छतिवन, फापरबारी, राईगाउँ, धियाल, बेतिनी, सुकौरा, बुढीचौर, हेटौंडा उपमहानगरपालिकाकै स्वास्थ्यचौकीमा औषधिको अभाव भएको स्वास्थ्यकर्मीले बताएका छन्।

जिल्लाका स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रमा वितरण गर्ने औषधि ठेक्का प्रक्रिया मार्फत कार्यालयको स्टोरमा आइसकेको र अबको एक साताभित्रमा वितरण गरिने स्वास्थ्य कार्यालयका प्रमुख दीपकप्रसाद तिवारीले बताए।

# सप्तरीमा देउवा पक्षको वर्चस्व

**राजविराज/रास-** कांग्रेस सप्तरीको बिहीबारसम्ममा सबै निर्वाचन क्षेत्रको परिणाम सार्वजनिक गरिएको छ।

६ ओटा निर्वाचन क्षेत्र रहेको सप्तरीमा देउवा पक्षका ५ र संस्थापन पक्षका एक क्षेत्रीय सभापतिमा निर्वाचित भएका छन्। निर्वाचनबाट छानिएका ७२ महाधिवेशन प्रतिनिधिमध्ये पनि अधिकांश दउवा पक्षकै छन्।

सप्तरीको निर्वाचन क्षेत्र नम्बर १ बाट ललनप्रसाद गुप्ता (देउवापक्ष) क्षेत्र नम्बर २ बाट बद्री महात्मान (संस्थापन पक्ष), क्षेत्र नम्बर ३ बाट महानन्दप्रसाद यादव (देउवा पक्ष), क्षेत्र नम्बर ४ ओट रामप्रसाद मण्डल (देउवापक्ष), क्षेत्र नम्बर ५ वाटकिरण भगत ( देउवापक्ष) र क्षेत्र नम्बर ६ बाट जितेन्द्र यादव (देउवापक्ष) निर्वाचित भएका छन्।

यस्तै, महाधिवेशन प्रतिनिधिमा समेत देउवा पक्षकै अधिकांश निर्वाचित भएका छन्।

घोषित परिणामअनुसार ७२ मध्ये ५१ जना देउवा पक्षका महाधिवेशन प्रतिनिधि निर्वाचित भएका छन्।


Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of District Development Committee
District Technical Office
Decentralized Rural Infrastructure and Livelihood Project-Additional Financing
**District Project Office**
Chandannath Municipality, Jumla

| | |
|---|---|
| Invitation for Bids No.: | **DRILP-AF/Jumla/IFB/04** |
| First Date of Publication: | **19 February 2016** |
| Loan/Grant No. and Title: | **2796-Nep (SF) Decentralised Rural Infrastructure and Livelihood Project-Additional Financing (DRILP-AF) / OFID Loan No. 1442 P.** |
| Contract No. and Title: | **DRILP-AF/Jumla/TI/NCB/Works/01(R)- Road Construction Works on Topla-Imilcha Road (Ch.0+000 – 1+800, 3+000 to 4+000 & 5+700 to 8+030,Total 5.13 km)** |
| Deadline for Submission of Bids: | **21 March 201612:00 Hrs.** |

1. The Government of Nepal has received a loan from the Asian Development Bank (ADB) towards the cost of Decentralised Rural Infrastructure and Livelihood Project-Additional Financing (DRILP-AF). Part of this loan will be used for payments under the contract named above. The contract will be jointly financed by OPEC Fund for International Development (OFID). The eligibility rules and procedures of the ADB will govern the bidding process.
2. The Office of District Development Committee, Jumla("the Employer") invites sealed bids from eligible Bidders for Road Construction Works on Topla-Imilcha Road(**Ch.0+000 – 1+800, 3+000 to 4+000 & 5+700 to 8+030, Total 5.13 km**) ("the Works").
3. National competitive bidding will be conducted in accordance with ADB's *Single-Stage: One-Envelope* procedure and is open to all Bidders from eligible countries as described in the Bidding Document.
4. The bidder to be eligible to bid must meet the following key qualifications: i) The Bidder shall have average annual construction turnover within last three year of at least Nepalese Rupees ***95700000.00***, and ii) The Bidder shall have construction experience of having successfully completed at least one contract of similar size and nature in last five years with a value of at least Nepalese Rupees ***38300000.00***.This document summarizes a part of the requirements for information to the potential bidders. Bidders are requested to refer to the bidding documents for a full range of criteria prior to submitting a bid. If there are any discrepancies between this invitation for bid and the bidding documents, the bidding documents always prevail.
5. To obtain further information and inspect the bidding documents, Bidders should contact: Office of District Development Committee, District Technical Office, District Project Office of Decentralised Rural Infrastructure and Livelihood Project-Additional Financing, *Jumla, Phone no.: +977-87-520207, 520206.*
6. To purchase the bidding documents within office hours no later than 20 March 2016, eligible Bidders should write to address above requesting the bidding documents specifying the contract no. and pay a non-refundable fee of Nepalese Rupees ***3000.00***or its equivalent in a free-convertible currency for each set. The cost of bid document shall be deposited to DDC Jumla's account no. 1-Ga-3 in Rastriya Banijya Bank, Chandannath Municipality Branch, Jumla.
7. Bids must be valid for a period of 90 days from bid submission deadline and must be accompanied by a bid security as a bank guarantee for the amount as specified in Bidding Document from a commercial bank specifying the contract identification no. for which the bank guarantee is offered. The bid security shall be valid for 30 days beyond bid validity period.
8. The Bidders have the option of e-submission. The bidders, who opt for e-submission shall visit e-GP portal of PPMO website http://www.bolpatra.gov.np to download the bidding documents. The bidders shall than prepare their bid and submit the electronic bid as specified in the Bidding Documents. The bidders who opt for e-submission are required to submit original of their bid security in a sealed envelope in the manner specified in the Bid Document on or before the bid submission deadline. Failure to submit the bid security within deadline shall be ground for declaring the bid nonresponsive.
9. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Summary of Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or in the Summary of Bill of Quantities shall be ground for declaring the bid nonresponsive.
10. A pre bid meeting will be held on 11 March 2016at 13.00 hrs at the Office of District Development Committee, District Technical Office, District Project Office of Decentralised Rural Infrastructure and Livelihood Project-Additional Financing, Chandannath Municipality, Jumla. The attendance in pre-bid meeting is optional but interested bidders are encouraged to attend the pre-bid meeting.
11. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
12. Completed Bids must be delivered to the address above on or before the deadline of **21 March 2016**, 12:00 Hrs.
13. Bids will be opened immediately after the deadline for bid submission in the presence of Bidders' representatives who choose to attend.
14. If the specified date of pre-bid meeting, last date of bid purchasing and submission falls on a Government holiday then these events will be shifted to the same time on the next working day. However for bid and bid security validity purpose the originally specified bid submission date will be taken into account.
15. The Office of District Development Committee, Jumla reserves the right to accept or reject any or all bids and to annul the bidding process at any time prior to contract award without assigning any reason, whatsoever.

**District Project Manager**


## छोटकरी

### सवारी दुर्घटनामा मृत्यु

**नवलपरासी/रास-** दुम्किबास-५ दाउन्नेको ओरालोमा बुधबार राति भएको सवारी दुर्घटनामा एकजनाको ज्यान गएको छ।

इलाका प्रहरी कार्यालय नवलपुरका अनुसार बुटवलबाट नारायणगढतर्फ आउँदै गरेको भारतीय नम्बर प्लेटको एपी ०७ वाई ६३७७ नम्बरको ट्रक अनियन्त्रित भई दुर्घटना हुँदा ट्रकका सहचालक भारतको आन्द्र प्रदेश बस्ने ३० वर्षीय रहेमान सेठको घटनास्थलमै मृत्यु भएको हो। उनको ट्रकमा च्यापिएर मृत्यु भएको इलाका प्रहरी कार्यालय नवलपुरका प्रहरी नायब उपरीक्षक परशुराम तिवारीले बताए। दुर्घटनामा बसका चालक पनि सामान्य घाइते भएका छन्।

### पीपीआर रोग नियन्त्रण

**मुगु/रास-** जिल्ला पशु स्वास्थ्य कार्यालय मुगुले गत पुसदेखि जिल्लामा फैलिएको पीपीआर रोग नियन्त्रणमा आएको जनाएको छ।

भेडा, बाखामा फैलिएको पीपीआर रोगले जिल्लामा सयौं भेडाबाखा मरेपछि जिल्ला पशुस्वास्थ्य कार्यलयले रोग रोकथामका लागी पीपीआर भ्याक्सिनसहित गाउँगाउँमा उपचार टोली पठाएको थियो। जिल्लाको धैनकोट, नार्थपु, कालै जिमा, खमाले, रुगा, रारा, श्रीकोट श्रीनगर, कार्कीबाडा, खमालेलगायत १३ गाविसमा पीपीआर रोग फैलिएको थियो। रोगका कारण करिब २ हजार भेडाबाखा मरेका जिल्ला पशुस्वास्थ्य कार्यालयले जनाएको छ।

### ४९ घरगोठ जले

**दाङ/रास-** जिल्लाको राजपुर-१ फाहोरा गाउँमा आगलागी हुँदा ४९ ओटा घरगोठ जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ। बिहीबार दिउँसो सल्किएको आगो प्रहरीको साढे चार घन्टाको प्रयासपछि नियन्त्रणमा आएको थियो। आगलागीबाट २४ ओटा घर, २५ ओटा गोठ र २६ ओटा परालको टौवा जलेको प्रहरी प्रमुख कुबेर कडाइतले जानकारी दिए। आगलागी दमकल, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीयवासीले नियन्त्रणमा लिएका थिए। हावाहुरीका कारण आगो नियन्त्रण गर्न समस्या भएको प्रहरीले जनाएको छ।

### इलाम कांग्रेसमा कर्माचार्य

**इलाम/रास-** नेपाली कांग्रेसको इलामको सभापतिमा पूर्वसभापति हिमालय कर्माचार्य विजयी भएका छन्।

बिहीबार सम्पन्न निर्वाचनमा भेषराज आचार्यलाई पराजित गरी कर्माचार्य विजयी भएका हुन्। कर्माचार्य र आचार्य दुवै संस्थापन पक्षकै हुन्। यस्तै जिल्लाका तिन निर्वाचन क्षेत्रमध्ये क्षेत्र नम्बर १ मा दुर्गा बराल, क्षेत्र नम्बर २ मा गोविन्द गिरी र क्षेत्र नम्बर ३ मा नुतनदेव दुलाल सभापति निर्वाचित भएका छन्।

महाधिवेशन प्रतिनिधिहरूमा खुलातर्फ बेनुपराज प्रसाईं, टीकाराम लाप्चा, प्रेमलाल राई, दीपक अधिकारी, नरबहादुर सुवेदी तथा उद्धव पौडेल विजयी भएका छन्। पिछडा वर्गबाट बुद्धकाजी लाप्चा विजयी भएका छन् भने आदिवासी जनजातितर्फ धनकुमार आले, महिलातर्फ बन्दना अधिकारी र उर्वशी गौतम तथा दलिततर्फ दीपक तिखत्री निर्विरोध चयन भए।

# दिवा खाजा कार्यक्रममा अनियमितता

**सुभाष साह/राजधानी**
बारा, ६ फागुन

जिल्ला शिक्षा कार्यालय बाराले विभिन्न विद्यालयको निरीक्षण एवं अनुगमनका क्रममा दिवा खाजा कार्यक्रममा अनियमितता गरेको पाइएको जनाएको छ। बिहीबार जिल्ला शिक्षा अधिकारी धनप्रसाद पोखरेल नेतृत्वको एक टोलीले गरेको अनुगमनमा यस्तो पाएको जनाएको हो।

नेपाल राष्ट्रिय प्राथमिक विद्यालय वैधनाथपुर, भोजभगत उच्च मावि लिपनिमाल, नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय बुनियाद र नेपाल राष्ट्रिय प्राथमिक विद्यालय मुसहर्बाको अनुगमण एवं निरीक्षण गरिएको छ।

अनुगमणको क्रममा नेराप्रावि मुसहर्बामा दिवा खाजा कार्यक्रम भए पनि त्यसमा अनियमितता भएको पाइएको छ। जिल्ला शिक्षा कार्यालय बाराबाट दिवा खाजा कार्यक्रम विद्यालयमा गएको भए पनि विद्यालयका विद्यार्थीलाई वितरण नगरिएको पाएको जिल्ला शिक्षा अधिकारी पोखरेलले बताए।

जिल्ला शिक्षा कार्यालयबाट दिवा खाजा कार्यक्रम गए पनि बितरण नगरिएको पाएपछि सो कार्यक्रम फिर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाइएको जिशिअ पोखरेलले बताए। कार्यक्रम गएको भए पनि त्यो बजेट अनियमितता गर्ने उद्देश्यले वितरण नगरिएको पाइएको उनले बताए।

शिक्षा कार्यालयबाट विभिन्न विद्यालयको निरीक्षण गर्दै जिल्ला शिक्षा कार्यालयबाट गएको कार्यक्रम, विद्यालयको शिक्षण अवस्थालगायतका विषयमा अनुगमन गर्दै अनियमितता गर्नेलाई कारबाही प्रक्रियाअगाडि बढाउने उनले बताए।

जिशिअ पोखरेलको नेतृत्वमा विद्यालय निरीक्षक हरिचन्द्र सापकोटा, लेखापाल नवराज भण्डारी, स्रोत व्यक्ति बृजकिशोर त्रिपाठीलगायतका गएका थिए। आउने दिनमा विद्यालयको समग्र अवस्थाको बारेमा निरीक्षण गरिने जिशिअ पोखरेलले बताए।

# १३ किलो चरेससहित चार पक्राउ



**राजधानी संवाददाता**
पोखरा, ६ फागुन

कास्की प्रहरीले १३ किलो लागूऔषध चरेससहित चार जनालाई पक्राउ गरेको छ।

प्रहरीले लागूऔषध कारोबारमा संलग्न आरोपमा मकवानपुर आग्राका २९ वर्षीय चन्द्रकुमार लो, ३९ वर्षीय मानबहादुर लो, ३१ वर्षीय बाबुलाल गोले र २० वर्षीय सन्तोष खत्रीलाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ।

उनीहरूले मकवानपुरका विभिन्न ग्रामीण भेगबाट लागूऔषध चरेश संकलन गरी बिक्री वितरण गर्ने गरेको गण्डकी अञ्चल प्रहरी कार्यालयले जनाएको छ।

मुख्य अभियुक्त चन्द्रकुमार र मानबहादुरले १० हजार रुपैयाँ दिने सर्तमा बाबुलाल र सन्तोषलाई सो चरेस बोकाए पोखरा पठाएको खुल्न आएको प्रहरीले जनाएको छ। प्रहरीले बुधबार पोखराको पृथ्वीचोबाट उनीहरूलाई पक्राउ गरेको हो।

# छुट्टाछुट्टै घटनामा दुईको मृत्यु

**राजधानी संवाददाता**
रौतहट, ६ फागुन

रौतहटमा दुई छुट्टाछुट्टै स्थानमा भएको घटनामा परी बिहीबार दुई महिलाको मृत्यु भएको छ।

वीरेन्द्र राजमार्गअन्तर्गत रौतहट सदरमुकाम गौरबाट चन्द्रनिगाहपुरतर्फ आउँदै गरेको बसले मोटरसाइकलाई उछिन्ने क्रममा भएको मोटरसाइकल दुर्घटनामा जयनगर-९ का ६५ वर्षीय तैमुल नेसाको मृत्यु भएको छ।

वीरेन्द्र राजमार्ग सडक खण्डको बहुअर्बा चोक नजिक एउटै दिशाबाट तीव्र गतिमा गइरहेको ना५ख ३२६३ नम्बरको बसले ओभरटेक गरेर अगाडि बढ्ने क्रममा बीआर३०के ६९०५ भारतीय मोटरसाइल अनियन्त्रित भएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार नेसाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

यसैगरी गौर नगरपालिका-४ महादेवपटी टोलमा राजकिशोर झाको घरमा बुधबार राति भएको आगलागीबाट उनका ७५ वर्षीया आमा अध्यादेवीको मृत्यु भएको प्रहरीले जनाएको छ। टुकीबाट सल्केको आगोले सुतिरहेकी वृद्धाको जलेर मृत्यु भएको प्रहरीले जनाएको छ।

# चार वर्षपछि गाउँमा भत्ता

**राजधानी संवाददाता**
बाजुरा, ६ फागुन



जिल्लाको पूर्वोत्तर चार ओटा गाविसका वृद्धवृद्धाले चार वर्षपछि सामाजिक सुरक्षा भत्ता पाएका छन्।

चार वर्षअघि सुरक्षा भत्ता बाँड्न गएका सचिव रकमसहित लुटिएपछि यी गाउँमा सुरक्षा भत्ता बाँडिएको थिएन। चार वर्षदेखि सोही कारण यी भेगका २ हजार ५ सय ८८ जना वृद्धवृद्धा समाजिक सुरक्षा भत्ताबाट वञ्चित रहँदै आएका थिए।

बिहीबार पुनः भत्ता पाएपछि स्थानीय वृद्धवृद्धाले खुसियाली मनाएका छन्।

लुटिएको सामाजिक सुरक्षा भत्तासमेत पुन पाएपछि वाई गाविसका स्थानीयवासीले गाविस सचिवलाई फुलमालाले स्वागत गरेका छन्। सोही गाविसका वृद्ध देव गिरीले भने, 'सरकारले हामीलाई सम्झियो र हामीलाई फेरि सहार दियो।'

वाई गाविसमा ३ सय ९३, साप्पाटामा १ हजार ४६, जगन्नाथमा ४ सय ९३ र बाँधुमा ६५ जना दलित, ज्येष्ठ नागरिक, एकल महिला अपांग र बालबालिकाको रकम लुटिएको थियो।

## सम्पादकीय

# विचारलाई गुटको बन्दी नबनाऊ

यो महिना मुलुककै पुरानो राजनीतिक दल नेपाली कांग्रेस र अर्को पुरानो दल नेकपा एमालेको भ्रातृसंगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का केन्द्रीय अधिवेशन परेका छन्। कांग्रेस महाधिवेशन फागुनको अन्त्यतिर हुँदै छ भने अनेरास्ववियुको अधिवेशन जारी छ। गत माघ २८ देखि सुरु भएको अखिल अधिवेशन आजसम्म सम्पन्न हुनसकेको छैन । निकै लामो राजनीतिक अभ्यास गरिसकेका यी पार्टी तथा भ्रातृसंगठनका अधिवेशनका गतिविधिलाई नियाल्दा लाग्छ, यिनीहरू 'पार्टीभित्र पार्टीको' राजनीति गरिरहेका छन्। अखिल अधिवेशनले १० दिन बित्न लाग्दासमेत आफ्नो नयाँ नेतृत्व चयन गर्न सकेको छैन, जबकि कार्यतालिका भने तिन दिनको थियो। संगठनभित्र वैचारिक बहस र मदभेद हुन्छन्। तर, मतभेदहरू व्यक्तिकेन्द्रित भए भने त्यसले पार्टीको आन्तरिक लोकतन्त्रलाई त खराब पार्छ नै लोकतान्त्रिक मूल्य र मान्यताको परिपालना गर्ने प्रतिबद्धता बोकेको राजनीतिक दल र संगठनप्रति पनि गम्भीर प्रश्न उठाउँछ।

अखिलको अधिवेशनमा स्पष्ट रूपमा दुई पक्ष देखिएका छन् । यी पक्ष कुनै निश्चित वैचारिक पक्ष नभएर अमूक व्यक्तिका गुटका रूपमा देखिएका छन् । यसले नेपाली राजनीतिक दलभित्र मौलाउँदै गएको व्यक्तिवादलाई प्रस्ट संकेत त गरेको छ नै, सँगसँगै उनीहरूका स्वतन्त्रतामाथि पनि गम्भीर सबाल सिर्जना गरेको छ। यही स्थिति आशन्न १३औं महाधिवेशनको प्रक्रियामा रहेको नेपाली कांग्रेसमा पनि देखिएको छ । कांग्रेसको स्थानीय तहको अधिवेशनको गतिविधि र त्यहाँ प्रस्ट रूपमा छुट्टिएको गुटलाई हेर्ने हो भने नेपाली कांग्रेस स्वयंभित्र दुई पक्ष लडिरहेका छन्, पक्ष–पक्ष भएर । हिजोको छत्तिसे र चौहत्तरे गुटकै निरन्तरता कांग्रेसको जारी अधिवेशनका क्रममा देखिँदै आएको छ। यसरी उही विचार, उही सिद्धान्त र उही शैली भए पनि राजनीतिक दलले व्यक्ति–गुटको राजनीतिलाई प्रश्रय दिनुले लोकतन्त्रलाई सबल र सुदृढ बनाउँदैन, बरु लोकतान्त्रिक मूल्य र मान्यतामा ह्रास ल्याई राजनीतिक अराजकता निम्त्याउँछ।

हुन त कांग्रेस र एमाले दुवै अनुभवी र परिपक्व राजनीतिक विचारक, विश्लेषक, कार्यकर्ता भएका पार्टी हुन्। यी दुवै पार्टीका भ्रातृसंगठनहरूमा समेत प्रस्ट वैचारिक चेतना र सबल नेतृत्व क्षमता भएका नेता कार्यकर्ता प्रशस्त छन्। नेतृत्वमा सीमित व्यक्ति मात्र पुग्न सम्भव छ, सांगठनिक संरचना र मान्यताका आधारमा। यसर्थ, सक्षम र योग्य हुँदाहुँदै पनि सबैले नेतृत्वको अवसर पाउँछन् भन्ने छैन। कसै न कसैको त्यागले नै राजनीतिक दल, संगठन दह्रो, गतिशील र जीवन्त हुने हो। यस्तो त्यागमा 'हार' र प्राप्तिमा 'जित' नभएर त्याग तथा प्राप्ति दुवैमा जित हुने गर्छ, यस्तो जित व्यक्तिको नभएर समग्र संस्था वा राजनीतिक दलको जित हो। यस तथ्यलाई गम्भीरतापूर्वक मनन गरेर अघि बढ्न सके स्वयं नेपाली कांग्रेस र अखिललाई मात्र नभएर समग्र लोकतन्त्र र मुलुकलाई नै हितकर हुनेछ । हाल देखिएको गुटगत रोगले वैचारिक शक्तिलाई पराजित गर्ने अवस्था आए त्यो सम्बन्धित दल र संस्थाका लागि सबैभन्दा अहितकर हुनेछ। मुलुकले प्रजातन्त्र दिवस मनाइरहेको आजको दिनमा यी संगठनले गुटगत स्वार्थलाईभन्दा दलको वैचारिक दृढतालाई जीवन्त राख्ने प्रण गर्न जरुरी छ।

# कमजोर राष्ट्रियताको परिणति भोग्दै नेपाली



■ वीरेन्द्र रावल

**छिमेकीको स्वार्थका बारेमा जबसम्म घरभित्र वा देशभित्र त्यसको परिवारभित्रै गम्भीर छलफल, बहस र एकता कायम गर्न सकिँदैन, तबसम्म 'भाइ फुटे गवार लुटे' भन्ने उक्ति लागू हुने गर्दछ । त्यही प्रकृतिको संक्रमण यतिखेर नेपाल र नेपालीले भोग्नुपरिरहेको छ।**

हामी नेपाली हौं । हाम्रो पहिचान नेपाली हो । नेपालीको पहिचान भनेको यो देशको धर्म, संस्कृति, वेशभूषा, रहनसहन अनि एकआपसमा एउटै मालाभैंm उनिएर बसेका चार जात छत्तिस वर्णको साझा फुलबारी नै हो । हामी नेपालीबिच माथि उल्लेख गरिएका विषयहरूको जब उपस्थिति रहन्छ र त्यसको अनुभूति पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जनताले सहज र सरल रूपले गर्न पाएका हुन्छन्, तब मात्र हाम्रो पहिचान, हाम्रो संस्कार अनि संस्कृतिको झल्को पाइने छ।

हिमालको भोटेले लगाएको दोचालाई मधेसमा बस्ने लुंगी र सारी लगाउने मधेसी दाजुभाइ दिदीबहिनीले उचित सम्मान गर्न सकून्, इलामको राईले लगाएको पहिरनलाई महाकालीको दार्चुला जिल्लामा बस्ने सौका जातिले सहजै सम्मान गर्न सकोस् । पश्चिम तराईमा बस्ने थारू समुदायले मान्ने बडघर प्रथा त्यही थारू समुदायमा अल्पसंख्यक भए पनि समाजमा मिलेर बसेको पहाडी समुदायको कुनै बाहुन क्षत्रीले उचित सम्मान गर्न सकून्, तब मात्र नेपाली हुनुको आनन्द अनि चार जात छत्तिस वर्णको साझा फुलबारीको पहिचानले सार्थकता पाउने छ।

विगतमा एकआपसमा जसरी मिलेर बसेको नेपाली समाज थियो, त्यही समाजलाई आज एकआपसमा जातजाति, धर्म संस्कृति र वर्णका आधारमा एकआपसमा विभक्त पार्ने कार्यहरू नजानिँदो तरिकाले भाइरस झैं फैलाइएको छ। कालो वर्णको मधेसीले हिमालमा बस्ने हिमालीले वर्णको आधारमा हेपाहा प्रवृत्तिको सिकार बन्नुपर्ने, पश्चिम तराईमा बस्ने थारूले नाक होचो भएकै आधारमा पहाडी बाहुन समुदायको व्यक्तिको हेलामा पर्नुपर्ने अवस्थाको जबसम्म पूर्ण रूपले अन्त्य हुन सक्दैन, तबसम्म पहिचानसहितको नेपाली भन्नुको कुनै पनि अर्थ रहने छैन।

विगतमा पश्चिम तराईमा बसोवास गर्ने थारू समुदायले मनाउने माघी, फागुन महिनामा मनाउने होली अनि पहाडी समुदायले मनाउने देउडा अनि गौरा पर्वलगायतका संस्कृतिको आनन्द परस्परमा लिने अवस्था थियो । त्यस परम्परामा पूर्ण विराम लगाउने कार्यहरू विभिन्न गलत तत्त्वबाट हुन थालेको पाइएको छ।

जसरी एउटै घरभित्र पनि फरकफरक विचार राख्ने सदस्यहरू हुन्छन् र तिनीहरूलाई त्यसै टोलमा बस्ने अर्को व्यक्तिले छिमेकीभित्र पनि कलह सिर्जना गर्ने प्रयास गरेको हुन्छ, त्यस्तै हामी नेपालीको घर नेपालभित्र पनि कलह सिर्जना गर्नका लागि हाम्रा मित्र राष्ट्र भनाउँदाले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले नेपाली जनतालाई एकआपसमा लडाएर आफ्नो निहित स्वार्थ पूर्तिका लागि विभिन्न खालका तिकडमबाजी र प्रपञ्चहरू रचेको हुन सक्दछ, रचिरहेको अवस्था छ। छिमेकीको स्वार्थका बारेमा जबसम्म घरभित्र वा देशभित्र त्यसको परिवारभित्रै गम्भीर छलफल, बहस र एकता कायम गर्न सकिँदैन, तबसम्म 'भाइ फुटे गवार लुटे' भन्ने उक्ति लागू हुने गर्दछ। त्यही प्रकृतिको संक्रमण यतिखेर नेपाल र नेपालीले भोग्नुपरिरहेको छ।

जबसम्म घर मालिक वा घरका सदस्य आफू घरबाहिर जाँदाखेरी वा राति सुत्दाखेरी घरको आग्लो राम्ररी लगाएर सुत्दैनन्, तबसम्म घरको सम्पत्ति वा सरसमान सुरक्षित हुन सक्दैन र राख्न पनि सकिँदैन । त्यस्तो अवस्थामा घरको मूल ढोकाबाट होस् या भेन्टिलेसनबाट नै भए पनि चोरले आफ्नो हात फैलाएर चोरी गर्न सक्दछ । त्यस्तै परिणति यतिखेर नेपाल र नेपालीले नचाहँदा नचाहँदै भोग्नुपरिरहेको छ। विभिन्न कारणले धर्म, संस्कृति, नेपाली मौलिकता र पहिचानमाथि पराईको धावाको प्रहार खेप्नुपरिरहेको छ। समग्रमा भन्नुपर्दा आज नेपाली पहिचानलाई धार्मिक, सांस्कृतिक, आर्थिक, साम्प्रदायिक रूपले केही नेपाली भनाउँदाका हातबाट नै अपहरण गर्ने र पहिचान मेटाउने दुष्प्रयासहरू भइरहेका छन्।

नेपाली जनताको एकता, सद्भाव, सहिष्णुताको बलियो पर्खालमा डोजर लगाउने र एकताको पर्खाललाई छिन्नभिन्न पार्ने कार्यमा घरभित्रकै आपराधिक प्रवृत्तिका सदस्यहरूले निहित स्वार्थका लागि गरिरहेका छन् । देशको आन्तरिक एकतामा भाँजो हाल्ने कार्य राजनीतिक, प्रशासनिक दुवै क्षेत्रबाट हुने गरेको तथ्यहरूले नै पुष्टि गरिसकेको अवस्था दिनको घाम झैं छर्लंग छ।

**राजनीतिक कारण :**

सर्वप्रथम त नेपाली जनताको हित, सुशासन, विकास र राष्ट्रिय हित, अखण्डता, स्वतन्त्रता र लोकतन्त्रका लागि भनेर जनताका बिचबाट उठेका राजनीतिक दलका स्थानीयदेखि राष्ट्रियस्तरका नेताहरूबाटै नेपाली जनताको सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक एकतामा खलल् पुऱ्याउने कार्यहरू भइरहेका छन्।

सत्ताभन्दा बाहिर रहेको अवस्थामा चर्को राष्ट्रवादको कुरा गर्ने, जनताको भेला, र्‍याली र जनसमर्थनको हौवा पिटेर विदेशीको बुइ चढेर सत्तामा जाने अनि सत्तामा पुगेपछि बिस्तारै विदेशीकै साम, दामको आधारमा नेपाली जनताको भाग्य र भविष्यमाथि चरम खेलबाड गर्ने कार्यहरूको थालनी राजनीतिक तहबाट हुनु नेपाल र नेपाली जनताको उन्नति अनि राष्ट्रिय हितका लागि निकै घातक सिद्ध हुँदै आइरहेका तथ्यहरू विगत र वर्तमानले प्रमाणित गरिदिएको छ।

नेपाली जनताको हितविपरीत अनि विदेशीहरूको इसारामा देशको राष्ट्रिय हितका विरुद्धमा विदेशीको स्वार्थ पूरा गर्नका लागि सत्तामा पुग्ने दल र सरकारले विदेशीको स्वार्थका लागि कतिखेर धोका दिए, त्यो आमनेपाली जनतालाई अवगत भएकै कुरा हो । त्यस विषयलाई यहाँ चर्चा गर्नु त्यति उपयुक्त पनि नहोला । त्यसका लागि इतिहास र जनता साक्षी छन्। नेपालका राष्ट्रिय महत्त्वका जलविद्युत् आयोजना, नदीनाला र प्राकृतिक स्रोतमाथि विदेशीले लगाएको आँखामा थप प्रकाश हालिदिने कार्यहरूसमेत भएका छन्, जसको परिणाम यतिखेर नेपाली जनताले भोग्नुपरिरहेको छ।

नेपाली भूमिलाई समेत भारतीय शासकहरूको परेड खेल्ने भूमिको रूपमा समेत दान दिएझैं कित्ताकाट गरेर सीमा क्षेत्रमा बस्ने जनतालाई भारतीय सीमा बलको सास्ती खेप्न बाध्य पार्ने कार्य विगतका दिनहरूमा नभएका होइनन्।

सीमानाकामा बस्ने नेपाली जनताका घरमा खसी पालेको देख्न नहुने र राम्री चेलीले अपहरित र बलात्कृत हुनुपर्ने, खेतीपाती गऱ्यो कि भारतीय शासकहरूले गौचरन र हात्ती विचरण गर्ने थलोको रूपमा नेपाली भूमिको उपयोग गर्ने कार्यसमेत हुने गरेका छन् । यी यावत् समस्याको एक मात्र जड भनेको नेपालका राजनीतिज्ञहरूको अदूरदर्शिता र दरिद्र राजनीतिक मानसिकता नै हो। एकातिर गरिबी अर्कोतिर नेताहरूमा भएको दरिद्रपनका कारण सारा नेपालीले राष्ट्रियताको लागि पटकपटक सडकमा आउनुपरेका थुप्रै उदाहरण छन्।

देशमा खासगरी प्रजातन्त्र आएपश्चात् भएका हरेक राजनीतिक घटनाक्रमले के देखाएका छन् भने नेपालमा सकारात्मक परिवर्तनका लागि हुने आन्दोलन होस् या परिवर्तनका लागि उठ्ने स्वरहरू नै किन नहुन्, त्यस्तो अवस्थामा हाम्रो दक्षिणमा रहेको देश भारतबाट पटक-पटक अप्रत्यक्ष वा प्रत्यक्ष रूपबाट हस्तक्षेपहरू भएका छन्।

०४५ सालमा तत्कालीन राजा वीरेन्द्रको पालामा, जतिबेला स्व. मरिचमानसिंह नेपालका प्रधानमन्त्री रहेका थिए, त्यतिबेला वर्तमान आई कांग्रेसकी अध्यक्ष सोनिया गान्धीलाई पशुपतिनाथ मन्दिरमा प्रवेशमा रोक लगाइएको धार्मिक बहानामा नेपालमा भारतले नाकाबन्दी गऱ्यो । मरिचमानले देशको आन्तरिक सुरक्षाका लागि भन्दै चीनबाट हात हतियारदेखि नुनसमेत नेपालमा भिऱ्याए । त्यही सेरोफेरोमा नेपालमा राजनीतिक परिवर्तनका लागि नेपाली कांग्रेस, नेकपा माले र नेकपा संयुक्तलगायतका दलहरूले प्रजातन्त्र प्राप्तिको आन्दोलनलाई जोडतोडका साथ अगाडि बढाए। त्यतिबेला राजतन्त्र विस्थापनका लागि नेपालका दलहरूलाई भारतीय कांग्रेसले नै उपयोग गरिरहेको थियो । त्यसताका भारतमा राजीव गान्धी प्रधानमन्त्री पदबाट विस्थापित भएको अवस्था थियो भने नेपालमा भारतीय नाकाबन्दीका कारण नुन, पेट्रोलियम पदार्थको अभाव नेपाली जनताले भोग्न बाध्य थिए। भारत र नेपालको सम्बन्ध चिसिएको थियो । त्यही सेरोफेरोमा २०४७ सालमा प्रजातन्त्र आइसकेपछि अन्तरिम सरकारको गठन भयो। अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई बने । त्यसताका भट्टराईको पहिलो भ्रमण भारतमा भयो। भारत गएर नेपाल फर्केका कृष्णप्रसाद भट्टराईसँगै भारत सरकारले नेपाललाई दुईओटा हेलिकोप्टर प्रदान गरेको थियो। त्यसको लगत्तै भारतका पूर्वप्रधानमन्त्री स्व. चन्द्रशेखर नेपालमा आएका थिए।

नेपालमा प्रजातन्त्र प्राप्तिपछि चन्द्रशेखरले ०४७ सालको संविधान पनि भारतीय चाहनाबमोजिम बनाउन चाहेको भए तापनि नेपालबाट राजतन्त्र हटिनसकेको प्रजातन्त्र मात्र स्थापना भएको अवस्थामा भारतीय पूर्ण चाहनामा संविधान बन्न सक्ने त्यति सम्भव पनि थिएन। किनभने नेपालमा राजतन्त्र बलियो अवस्थामा थियो । त्यसैको उपज ०४७ सालको संविधानमा राजालाई संवैधानिक अंगको प्रमुखको रूपमा स्थापित गर्न पुगेको थियो। यतिखेर भारतले आफ्नो अनुकूल संविधान निर्माण गर्न असफल भए तापनि उसले नेपालमा विभिन्न समूहमार्फत् प्रजातन्त्रभित्रै चलखेल गरेर अर्को व्यवस्था परिवर्तनमार्फत् आफ्ना भित्रि चाहनालाई पूरा गर्ने प्रयत्नहरू निरन्तर रूपले अगाडि बढाउँदै आएको विभिन्न तथ्यहरूले पुष्टि गरिसकेका छन्। लोकतान्त्रिक आन्दोलन सफल भएपछि संघीय संरचना, सीमांकन, आत्मनिर्णयको अधिकारका मुद्दालगायत मधेसमा स्थापित राजनीतिक दलहरूले अगाडि सारेका कतिपय मुद्दाहरू (जो अस्वाभाविक छन्) पनि यसका ज्वलन्त उदाहरण दिनको घामझैं स्पष्ट छन्। नेपालमा पहिलो संविधानसभाको चुनाव र दोस्रो चुनावमा भारतले गरेको सवारीसाधनहरूमा लगानी र खर्चले पनि उसका मुद्दाहरू नेपालको संविधानमा समावेश गराउने स्वार्थबाहेक अरू केही देखिँदैन।

संविधान निर्माण भइसकेपछि सीमांकनको विषयमा भारतले नाकाबन्दीमार्फत् होस् या मधेसमा सञ्चालित पाँच महिने मधेस आन्दोलन नै किन नहोस्, ती सबै भारतले देखाएका भित्रि स्वार्थका प्रतिबिम्ब हुन्।

यी सबैको मुख्य कारक तत्त्व भनेको नै नेपालका केही राजनीतिक दल, तिनका खलपात्रहरू (जो परनिर्देशित छन्) का कारण देशमा यतिखेर जातजाति, धर्म संस्कृति र क्षेत्रीय लडाइँमा नेपाल र नेपाली विभक्त हुन पुगेका छन्।

**प्रशासनिक कारण**

नेपालको आन्तरिक मामिलामा विदेशीले देखाउने चासो र उनीहरूको भित्रि इच्छालाई नेपाल सरकारका प्रशासनिक निकायको बागडोर सम्हालेका कतिपय वरिष्ठ र उच्च पदस्थ कर्मचारीहरूबाट समेत नेपालको राष्ट्रियतामाथि आँच पुग्ने तथा घात गर्नेलगायतका कार्यहरूसमेत भएको पाइन्छ।

नेपाल सरकारका उच्च पदस्थ कर्मचारीहरू, जसले सरकारका गोप्य निर्णयहरूलाई भारतसमक्ष होस् या हाम्रा आन्तरिक नीति निर्णयहरू, जसलाई सरकारले गोप्य राख्ने गर्दछ, त्यस्ता निर्णयहरूलाई चुहावट गर्नेलगायतका कार्यहरूसमेत हुने गरेका यदाकदा बाहिर आउने गरेका छन्। सरकारले अगाडि सारेका राष्ट्रिय महत्त्वका शान्ति सुरक्षा, विदेश नीति, विकास निर्माणलगायतका निर्णयहरू समेत तुरुन्त विदेशी सामु पुऱ्याउने कार्यमा समेत नेपालका उच्च पदस्थ कर्मचारीहरूबाट समेत हुने गरेका थुप्रै उदाहरण बाहिर आउने गरेको भए पनि त्यस्ता देशद्रोहीमाथि कदापि कारबाही हुने गरेको पाइँदैन।

यसका कारण नेपालको आन्तरिक र बाह्य सुरक्षा व्यवस्थामा निकै खलल पुऱ्याउनुका साथै नेपालको हितविपरीत रणनीति सञ्चालन गरिरहेका शक्तिहरूलाई योजना बनाउन र नेपाली नेपालीबिचको एकतामा आँच ल्याउने कार्यहरूसमेत हुने गरेका छन्। यसले नेपालमा अस्वस्थता सिर्जना गरिरहेको छ। त्यसको असर सामाजिक, सांस्कृतिक, धार्मिक र राजनीतिक क्षेत्रमा नराम्री असर पुऱ्याइरहेको हुन्छ।

नेपाल सरकारको जागिर खाने, आफ्ना छोराछोरीहरूलाई विदेशमा निःशुल्क पढाउने अनि नेपालको आन्तरिक कुराहरूको बलियो जासुसी गरेर विदेशीहरूलाई पस्किने कार्यमा संलग्न भ्रष्ट उच्च पदस्थहरूका कारण आज यो देश कूटनीतिक रूपले विदेशीका सामु तल परिरहेको अवस्था हो।

नेपाल र नेपालीका लागि राजनीतिक गर्छौं भन्ने केही दलका खलनायकदेखि नेपालको प्रशासनिक निकायमा बसेर राज्यको रसद लुट्ने भ्रष्ट कर्मचारीहरूका कारण आज नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका जनताले जातीय, राजनीतिक, साम्प्रदायिक, सांस्कृतिक रूपले एकआपसमा विभक्त हुनुपरेको छ । यसको परिणति आज नेपाली-नेपालीबिचको एकतामा खलल पुग्नुका साथै आन्तरिक राष्ट्रितामा समेत स्खलन आउन थालेको छ।

देशमा विद्यमान वर्तमान परिस्थितिको अन्त्य गर्नका लागि सर्वप्रथमतः नेपालका राजनीतिक दलहरूमा सकारात्मक एवं रचनात्मक राजनीतिक संस्कारको विकास हुन जरुरी छ। सरकारमा रहेकाले प्रतिपक्षको उच्चसम्मान र प्रतिपक्षमा रहेकाले सत्तापक्षका सकारात्मक नीतिहरूमा साथ दिने र गलत कार्यको रचनात्मक तरिकाले सकारात्मक परिवर्तनका लागि सुझाव दिन सकेको खण्डमा केही सकारात्मक सोचको विकास सम्भव देखिन्छ। देशमा स्खलित हुँदै जान थालेको नेपाली जनताबिचको आपसी सद्भावलाई बिग्रिन नदिनका लागि सामाजिक सद्भाव, सहकार्य, समावेशिताको सिद्धान्तलाई व्यावहारिक जीवनमा लागू गर्ने वातावरण राज्यले सिर्जना गरिदिनुपर्दछ। अनि मात्र विगतको नेपाल, सद्भाव र सहकार्य अनि एकताको नेपालको परिकल्पना गर्न सकिन्छ।

*(लेखक नेपाली छापा माध्यम राष्ट्रिय सञ्जालका सुप संयोजक हुन्)*

# तराई आन्दोलन र (अ)विकासको सवाल



■ रूपनारायण खतिवडा

**राज्य र राज्यबाहेकका क्षेत्रहरूकै लगानी ठप्प भएपछि बाह्य लगानी आउने त कुरै भएन । पुँजीगत खर्च विशेषतः विकासको आधारका रूपमा रहेको पूर्वाधार विकासका लागि नै हुने गर्दछ । पुँजीगत खर्च नहुनु भनेको पूर्वाधारमा हुने लगानी ठप्प हुनु र विकासको आधार पनि धराशायी बन्नु हो।**

चालु आर्थिक वर्षको सुरुआतदेखि नै तराई क्षेत्रमा सुरु भएको आन्दोलनको सिलसिला हालसम्म पनि औपचारिक निष्कर्षमा पुग्न सकेको छैन। यसबिचमा भारतद्वारा गरिएको अघोषित नाकाबन्दी करिब पाँच महिनामा खुले पनि तराई केन्द्रित दलहरूले विभिन्न आन्दोलनका कार्यक्रम जारी नै राखिरहेका छन् । तराई क्षेत्र आन्दोलनमय र सिंगो मुलुक त्यसबाट प्रभावित रहिरहेकै बेला चालु आर्थिक वर्षको प्रथम सात महिना अर्थात् आधा समय घर्किसकेको छ।। यो अवधिमा सरकारी खर्च र विशेषगरी पुँजीगत खर्चको स्थिति राष्ट्रिय स्तरमै अत्यन्त न्यून रहेको छ। त्यसमा पनि, आन्दोलन चलिरहेका तराईका जिल्लाहरूमा देखिएको पुँजीगत खर्चको स्थितिले ती जिल्लामा अविकासलाई निम्त्याइरहेको छ।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार गत पुस मसान्तसम्म यस आर्थिक वर्षका लागि विनियोजित बजेटमध्ये चालु खर्चतर्फ ३३ प्रतिशत र पुँजीगत खर्चतर्फ ९ प्रतिशत मात्र खर्च भएको छ । सात महिना अवधिमा प्रतिमहिना १ प्रतिशतको हाराहारीको सुस्त गतिले भइरहेको पुँजीगत खर्चको यो स्थिति आफैँमा निराशाजनक हो। यति मात्र होइन, आन्दोलनबाट प्रभावित बनिरहेका तराईका जिल्लाहरूलाई यस वर्षको बजेटमार्फत तोकिएको जिल्लागत बजेट सीमा र माघ मसान्तसम्मको सात महिना अवधिको पुँजीगत खर्चको स्थिति हेर्ने हो भने औसतभन्दा पनि निकै तल रहेको देखिन्छ। सर्लाही र सप्तरी जिल्लाका लागि विनियोजित पुँजीगत बजेटमध्ये सात महिना अवधिको खर्च २ प्रतिशत पनि कट्न सकेको देखिँदैन। यसैगरी, महोत्तरी र कपिलवस्तु जिल्लामा विनियोजित बजेटको २ प्रतिशत, बारा, पर्सा र उदयपुरमा ४ प्रतिशत र सिरहा जिल्लामा ५ प्रतिशत पुँजीगत खर्च भएको तथ्यांक छ। रौतहट जिल्लामा यस अवधिमा ६ प्रतिशत खर्च भएको देखिन्छ। पुँजीगत खर्चको यो न्यून अंश पनि विकास निर्माणलगायतमा फिल्डमा भएको खर्च नभई ठेक्कापट्टाको तयारीलगायतको सुरुआती चरणमा भएको खर्च हो। यथार्थमा, ती जिल्लाहरूमा पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरू फिल्डस्तरमा कमै मात्र भएका छन् र कार्यक्रम सञ्चालन हुने खालको स्थिति पनि छैन। बजेट तथा कार्यक्रम तयारी अवस्थामा रहँदारहँदै महिनौंसम्म तिनलाई कार्यान्वयनमा लैजान नसक्ने स्थिति पैदा हुनु आफैँमा विडम्बनापूर्ण हो।

नेपाल जस्तो विकासोन्मुख मुलुकमा वार्षिक बजेटको मूल उद्देश्य नै पुँजीगत लगानीलाई बिस्तार गरेर आर्थिक वृद्धि, गरिबी न्यूनीकरण र रोजगारी सिर्जना गर्नु हो । यो उद्देश्य प्राप्तिका लागि बजेटको कार्यान्वयन अनिवार्य सर्त हो। यसै पनि, नेपाललाई विनियोजित बजेट पूर्ण रूपमा खर्च गर्न नसक्ने रोगले वर्षौंदेखि गाँजिरहेको छ। यस वर्ष त लामो अवधिसम्म पुँजीगत खर्च ठप्पप्रायः बनिरहेको देखिएबाट यसका बहुआयामिक असरहरूले मुलुकलाई झन् आक्रान्त बनाउन सक्ने देखिन्छ । तराईका जिल्लाहरूमा देखिएको पुँजीगत



खर्चको यो स्थितिले ती जिल्ला र जिल्लावासीहरू स्वयंलाई विकासको निरन्तर गतिबाट पछिल्तिर धकेल्ने प्रयत्न भइरहेको छ। सँगसँगै, यसको प्रभाव सिंगो मुलुकलाई नै पर्ने स्थिति रहन्छ। आफैँले तिरेको करबाट आफूहरूकै सेवा सुविधाका लागि विनियोजित पुँजीगत खर्चअन्तर्गतका कार्यक्रमहरू सञ्चालन हुन नसक्नु सोझो हिसाबमा तराई र समग्रमा सिंगो मुलुककै नोक्सानी हो।

पुँजीगत खर्च हुनै नसक्नु वा असाध्यै न्यून हुनुको असर अल्पकालदेखि दीर्घकालसम्मै पर्दछ । विकास गतिविधिहरू सञ्चालन हुन नसक्दा बजेटको मूल उद्देश्य प्राप्तिमा सोझै असर पुग्छ। आर्थिक वृद्धि र रोजगारी सिर्जनामा यो स्थितिले सिधै शून्य नतिजातर्फ धकेल्छ। यसबाट वर्तमानमा त संकट आउँछ नै, भविष्यमा समेत आयआर्जनका आधार रोकिन सक्ने खतरासमेत निम्तिन्छ। हरेक आर्थिक वर्षमा सरकारी खर्च विशेषगरी पुँजीगत खर्चबाटै नेपालका करिब ९० प्रतिशत जिल्लाको आर्थिक गतिविधिको सुरुआत हुने गर्दछ। सरकारबाहेकका क्षेत्रले मात्र कारोबार धान्न नसक्ने यस्ता जिल्लाहरूमा खर्च नहुनु भनेको ती जिल्लाको आर्थिक गतिविधि ठप्प हुनु र अर्थतन्त्र पनि धराशायी बन्नु हो। यसैगरी, पुँजीगत खर्चमार्फत गरिने विकास निर्माणका कामहरू ठप्प रहँदा स्थानीय जनताको राज्यप्रतिको भरोसा अझ धुमिल बन्दै जान्छ भने राज्यबाहेकका क्षेत्रमा पनि अन्योल सिर्जना भई ती क्षेत्रको लगानी पनि प्रवाह हुन सक्दैन। राज्य र राज्यबाहेकका क्षेत्रहरूकै लगानी ठप्प भएपछि बाह्य लगानी आउने त कुरै भएन। पुँजीगत खर्च विशेषतः विकासको आधारका रूपमा रहेको पूर्वाधार विकासका लागि नै हुने गर्दछ। पुँजीगत खर्च नहुनु भनेको पूर्वाधारमा हुने लगानी ठप्प हुनु र विकासको आधार पनि धराशायी बन्नु हो । यो अवस्थाले भौतिक निर्माणलाई आधारहीन बनाउनुका साथै सामाजिक-आर्थिक रूपान्तरणको गतिसमेत अवरुद्ध बन्न पुग्दछ । यसरी हेर्दा मुलुकका केही जिल्लामा पुँजीगत खर्च हुनै नसक्ने यस किसिमको स्थितिले समावेशी र समानुपातिक विकासको मान्यतामाथि ठाडै चुनौती खडा गरी असमान र असन्तुलित विकासलाई प्रश्रय दिइरहेको छ।

महिनौंदेखिको आन्दोलनले प्रत्यक्ष रूपमा आक्रान्त बनाइरहेका तराईका यी जिल्लाहरू मुलुकका अन्य जिल्लाका तुलनामा पूर्वाधार विकासमा केही अगाडि रहेका भए तापनि सामाजिक विकास र मानव विकासका दृष्टिले निकै पछाडि रहेका थिए । विशेषगरी पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीमा गरिबीको गहनता अन्य जिल्लाको तुलनामा बढी रहेको ठहरसहित यस वर्षको बजेटले ती जिल्लाका लागि विशेष कार्यक्रम तय गरेको थियो । यस वर्षको बजेट सार्वजनिक भएसँगै तराई केन्द्रित अधिकांश राजनीतिक दलले सकारात्मक धारणा सार्वजनिकसमेत गरेका थिए। ती जिल्लामा आर्थिक-सामाजिक पूर्वाधार विकास तथा आयआर्जन अभिवृद्धिका लागि विगत वर्षहरूभन्दा निकै बढी रकम विनियोजन भएको देखिन्छ । तर, खर्चको यस किसिमको अवस्था र महिनौंदेखिको आन्दोलनले गरिबीको गहनतालाई अझै बढाउन सक्ने सहज अनुमान गर्न सकिन्छ।

यस वर्षको बजेट कार्यान्वयनका लागि अझै करिब ५ महिनाको समय बाँकी छ। पछिल्लो समयमा नाकाबन्दीको सिलसिला अन्त्य भएको र तराई आन्दोलनको पनि अन्त्य हुन सक्ने केही सकारात्मक संकेतहरू पनि देखापरेका छन्। विगत वर्षहरूमा पनि आर्थिक वर्षका सुरुआती महिनाका तुलनामा पछिल्ला महिनामा पुँजीगत खर्चका साथै समग्र खर्चको मात्रा व्यापक बढ्ने गरेको देखिन्छ। अतः मुलुकमा देखिएका समस्याहरू हल भएसँगै आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्चअन्तर्गतका कार्यक्रम र आयोजनाहरूको कार्यान्वयनमा केही तीव्रता आउन सक्ने र समग्र सरकारी खर्च बढ्न सक्ने आशा बाँकी नै छ। यसो हुन नसकेमा विकास र समृद्धिको चाहनामा भइरहेको आन्दोलनले तराईलाई नै अविकासतर्फ धकेल्न सक्ने खतरातर्फ बेलैमा सजगता अपनाउन जरुरी छ।

# कांग्रेसको नीति र नेतृत्वमाथि केही सवाल



■ दीर्घराज उपाध्याय

**हरेक पार्टी विचार, पद्धति, प्रक्रिया, विधि र विधानबमोजिम चल्नुपर्ने हुन्छ । नेपाली कांग्रेस पनि आफ्नो स्थापनाकालदेखिको मूल एजेन्डालाई आधार मानी स्थपित मूल्य मान्यता कायमै राख्ने वा परिवर्तन गर्ने भन्ने बारे व्यापक बहस हुनुपर्ने हुन्छ । पार्टी नीति, सिद्धान्त, आचरण, व्यवहार, मूल्य मान्यताविपरीत गएमा अराजकताको अवस्था आउन सक्छ ।**

नेपाली कांग्रेस वि.सं. २००३ मा स्थापना भएको नेपालको पुरानो तथा ऐतिहासिक पार्टी हो। यसका संस्थापकहरू अहिले जीवित छैनन्। तत्कालीन राणाहरूको निरंकुश शासनका विरुद्ध जनताको शासन स्थापना गराउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको यस पार्टीका प्रमुख नेतृत्वकर्ता क्रमशः स्वर्गीय विश्वेश्वरप्रसाद कोइराला, मातृकाप्रसाद कोइराला, सुवर्णशमशेर, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र सुशील कोइराला सबै दिवंगत भइसकेका छन्। यस पार्टीको जन्मदेखि यता ६९ वर्षमध्ये कोइराला परिवारबाट ४८ वर्षसम्म सभापतिको जिम्मेवारी समालेका छन् भने बाँकी २१ वर्ष मात्र सुवर्णशमशेर र कृष्णप्रसाद भट्टराईले पार्टी सम्हालेका छन्। सुवर्णशमशेरबाहेक अन्य सबै पार्टी सभापति नेपालका प्रधानमन्त्रीसमेत भइसकेका छन्।

वि.सं. २०१५ को आमनिर्वाचन हुँदा कांग्रेस पार्टीका अध्यक्ष स्वर्गीय विश्वेश्वरप्रसाद कोइराला पहिलो जननिर्वाचित प्रधानमन्त्री बनेका थिए भने सोही अवसरमा कृष्णप्रसाद भट्टराई संसद्को पहिलो सभामुख भएका थिए। त्यस्तै ०४६ सालको राजनीतिक परिवर्तनपछिको अन्तरिमकालमा नेपाली कांग्रेसका कावा अध्यक्ष स्वर्गीय कृष्णप्रसाद भट्टराई संयुक्त सरकारका प्रधानमन्त्री बनेका थिए भने २०४७ सालको नेपाल अधिराज्यको संविधान घोषणापछि अर्थात् २०४८ सालको आमनिर्वाचनमा नेपाली कांग्रेसले पूर्ण बहुमत ल्याई तत्कालीन महामन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बनेका थिए। त्यस्तै वि.सं. २०५१ को मध्यावधि निर्वाचनमा नेपाली कांग्रेसले लिएको नीति र नेतृत्वको कारणले ७४ जना एकातिर र ३६ जना अर्का समूहतिर हुन लाग्दा कांग्रेस दोस्रो स्थानमा सीमित रह्यो भने ०५४ को स्थानीय निर्वाचनमा समेत ७५ जिल्लामध्ये जम्मा १० जिल्ला विकास समितिका सभापतिमा मात्र जित्न सफल भयो।

जनयुद्धपछि भएको सात राजनीतिक दल र विद्रोही माओवादीबिचको विस्तृत शान्ति सम्झौता, २०६३ सम्म राज्यको कार्यकारी प्रमुखमा नेपाली कांग्रेस पार्टी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा आसीन रह्यो। सो अवधिमा कहिले एकमना तथा कहिले मिलिजुली सरकारको निर्माण पनि नेपाली कांग्रेसको पहलमा भएको थियो।

वि. सं. २०४७ को संविधान तथा नेपाली कांग्रेसको शासनकालमा भएका कमी कमजोरी र विकृतिको फाइदा उठाउँदै वि.सं. २०५२ फागुन १ गतेदेखि तत्कालीन जनमोर्चा र मसाल समूहले माओवादको नाउँमा जनयुद्धको सुरुआत गरी १७ हजार होनहार नेपाली युवायुवतीको ज्यान लिँदै विकासमा अवरोध गर्ने काम भयो भने धेरै मानिस जनयुद्धबाट विस्थापित भए।

स्थापनाकालदेखि नेपाली कांग्रेसले समाजवादसहितको संवैधानिक राजतन्त्र, बहुदलीय व्यवस्था, बालिग मताधिकारमा आधारित आमनिर्वाचन, कार्यकारी प्रधानमन्त्री, सार्वभौम राष्ट्र, राष्ट्रियता, मेलमिलापको नीति अघि सारिएको थियो। २०६२ सालपछि कांग्रेसले संवैधानिक राजतन्त्र, धर्मनिरपेक्षता र गणतन्त्र नेपाल जस्ता नीति अख्तियार गरेकोले २०६४ साल चैत २८ गते भएको संविधानसभाको पहिलो निर्वाचनमा कांग्रेस पार्टी दोस्रो यानेकि जम्मा ३७ स्थानमा खुम्चिई सत्ताबाट बाहिरियो।

वि.सं. २०४८ देखि लगातार सत्ताको बागडोर सम्हालेको सबैभन्दा ठुलो र पुरानो पार्टी नेपाली कांग्रेस वि.सं. २०५८ मा विभाजन भयो, माओवादी जनयुद्धमा धेरै कांग्रेस कार्यकर्ता र नेता मारिए, पार्टीका अस्थावान् कार्यकर्ताको घरजग्गा माओवादीले कब्जा गरे।

हालसम्म नेपाली कांग्रेसका १२ ओटा महाधिवेशन सम्पन्न भइसकेका अवस्थामा तेह्रौँ महाधिवेशन यही फागुन २३ गतेदेखि २५ गतेसम्म काठमाडौँमा आयोजना हुँदै छ। सो महाभेलामा विगतमा कांग्रेसले लिएको मूल नीति (सिद्धान्त) को राम्रो पक्ष र सुधार गर्नुपर्ने पक्षको समीक्षा हुनु जरुरी छ। पार्टीलाई नवीन दिशा दिने सक्षम र कुशल संगठनकर्ताको चयन हुनुपर्ने टड्कारो आवश्यकता छ। प्रतिनिधिको जोड घटाउ वा फलानो समूह वा समर्थक नभनी सच्चा कांग्रेस कार्यकर्ताहरूले उद्देश्यमूलक ढंगले नेतृत्व गर्न सक्ने व्यक्तिलाई पार्टीको मुख्य पद (सभापति, महामन्त्री, कोषाध्यक्ष र केन्द्रीय सदस्यहरू) मा चयन गर्ने अभिभारा लिनुपर्ने टड्कारो आवश्यकता छ।

पार्टी सञ्चालनमा मुख्य तिन कुरालाई ध्यान दिनुपर्दछ, जनशक्ति यानेकि कार्यकर्ता परिचालन कुन व्यक्तिलाई कुन स्थान (भूमिका) दिने भन्ने कुरा, त्यस्तै पार्टी सञ्चालनका लागि अर्थ संकलन आर्थिक सबली करणमा जोड दिने, जस्तो : पार्टीको घरभाडा खर्च वा भवन निर्माण तथा पार्टीले लिइने सिद्धान्त र विचारको प्रशिक्षण कार्यक्रम महत्त्वपूर्ण कुरा हुन्।

नेपाली कांग्रेस पार्टी सदैव प्रजातन्त्र (लोकतन्त्र) र राष्ट्र, राष्ट्रियता र समाजवादप्रति प्रतिबद्ध पार्टी भएकाले भारतको नयाँ दिल्लीमा २०६२ मंसिर १२ गते नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौला र माओवादी तथा भारतको सहजीकरणमा ७ बुँदे सहमति भयो। फलस्वरूप सोही साल नेपालभित्रका ६ ओटा दल तथा नेकपा माओवादीबीच १२ बुँदे विस्तृत शान्ति सम्झौता भई माओवादीलाई रेड कार्पेटमा राखी सिंहदरबार र संसदमा आसीन गराइयो। विस्तृत शान्ति सम्झौताको सहजीकरणको नेतृत्व र अन्तरिम संविधानको घोषणा नेपाली कांग्रेसका तत्कालीन सभापति तथा तत्कालीन प्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालाले नै गरी कार्यकारी राष्ट्रप्रमुखको भूमिकासमेत निर्वाह गरेका थिए।




विगतमा नेपाली कांग्रेसले गणतन्त्र अर्थात् अर्को पार्टीको एजेन्डा बोकेको सत्ता स्वार्थका लागि आफ्नो मूल लक्ष्य छोडेको जस्तो अरोप खेपेको थियो। लोकतन्त्र प्राप्तिका लागि पार्टीको मूल उद्देश्य छोडेको, पदमा बसेकाहरू बिलासी जीवन बिताउने, स्थानीयस्तरका वा ग्रामीण संघसंगठनहरूप्रति ध्यान नदिइएको, केन्द्रीय विभागहरूले पूर्णता नपाएको, नेताहरू गाउँ नबसी केन्द्रमा बसी पर्यटक शैलीमा गाउँ पस्ने गरेको र निर्वाचनको समयमा मात्र आफ्नो जिल्लामा बस्ने गरेको, पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध अन्तरघात गर्ने, कोठे, किचेन र कोटरीको राजनीति गर्ने गरेको, इमानदार, त्यागी, पार्टीप्रति बफादार र लगनशील कार्यकर्ताको अबमूल्यन गर्ने गरेको, खाली सुकिला, मुकिला र ब्रिफकेस भएका व्यक्तिसँग प्रगाढ सम्बन्ध राख्ने प्रवृत्ति हाबी भएको देखिएको छ। त्यसैले पार्टीले अब तय गर्ने बाटो र नीतिमा पनि पुनर्विचार गर्नुपर्ने देखिन्छ।

विगतमा कांग्रेसले कट्टर कम्युनिस्ट माओवादीको एजेन्डा बोक्यो भन्ने आरोप लागेको अवस्थामा नेपालले संघीय शासन प्रणाली संविधान घोषणा गरी जारी गरेको भए तापनि कार्यान्वयन चुनौतीपूर्ण छ। त्यस्तै १० ओटा पार्टीको बैसाखीबाट गठन भएको वर्तमानमा बनेको सरकारको गुण दोषको आधारमा सरकारको नीति र कार्यक्रमको समीक्षा गर्ने गरी संसद्मा सक्रिय प्रतिपक्षको भूमिका निर्वाह गर्ने, आपरदर्शी ढंगको शासन शैली, एकलौटी निर्णय गर्ने सरकारको कार्यशैलीको पनि अवश्य मूल्यांान गर्नुपर्ने कांग्रेसको प्रमुख दायित्वभित्र पर्दछ।

हरेक पार्टी विचार, पद्धति, प्रक्रिया, विधि र विधानबमोजिम चल्नुपर्ने हुन्छ। नेपाली कांग्रेस पनि आफ्नो स्थापनाकालदेखिको मूल एजेन्डालाई आधार मानी स्थपित मूल्य मान्यता कायमै राख्ने वा परिवर्तन गर्ने भन्ने बारे व्यापक बहस हुनुपर्ने हुन्छ। पार्टी नीति, सिद्धान्त, आचरण, व्यवहार, मूल्य मान्यताविपरीत गएमा अराजकताको अवस्था आउन सक्छ। त्यसैले नेपाली कांग्रेसको अगामी फागुन २३ बाट हुने महाधिवेशनले पार्टीलाई सक्षम र जझारु बनाउन सक्ने नेतृत्व लिने व्यक्ति पार्टीको अगामी रणनीति र दिशानिर्देश गर्न सकोस् भन्ने आमकार्यकर्ताको भावना रहेको छ।

१२ औँ अधिवेशनको समीक्षा गर्दा नेपाली कांग्रेस सो अधिवेशनपछि पक्कै पनि ठुलो पार्टी बन्यो, सरकारको नेतृत्व लियो, त्यो सबल पक्ष हो भने स्थानीय स्तरका भ्रातृ संगठन क्रमशः तरुण दल, ने.वि. संघ, किसान संघ, मजदुर, प्रजातान्त्रिक सेनानी संघ, महिला संघ, संगठनको चयन हुन सकेन। त्यस्तै केन्द्रीय विभागले पूर्णता पाएन, क्षेत्र र जिल्ला नियमित बैठक बस्न सकेन र साधारण सदस्यता, सक्रिय सदस्यता र आजीवन सदस्यताको अद्यावधिक गर्ने काम भएन।

माथि उल्लेख गरिएका सम्पूर्ण वस्तु तथ्यको विश्लेषण गरी नेपाली कांग्रेसको आसन्न महाधिवेशनले २०१५ सालमा जननिर्वाचित प्रधानमन्त्री स्वर्गीय विश्वेश्वरप्रसाद कोइराला र २०४६ सालका अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई तथा २०४८ सालको आमनिर्वाचनबाट बहुमत प्राप्त भई गठन भएको स्वर्गीय गिरिजाप्रसाद कोइराला, २०५२, २०५७ र २०५९ सालमा शेरबहादुर देउवाको नेतृत्वमा बनेको प्रधानमन्त्री काल, त्यस्तै विस्तृत शान्ति सम्झौतापछि २०६३ सालमा नेपाली कांग्रेसका सभापति स्वर्गीय गिरिजाप्रसाद कोइरालाको पालामा बनेको सात दलीय गठबन्धनको सरकार र गणतन्त्र नेपालको दोस्रो संविधानसभाबाट प्रधानमन्त्री भएका स्वर्गीय सुशील कोइरालाको कार्यकालको समेत समीक्षा गरेर आशन्न महाधिवेशनमा प्रमुख पदका व्यक्ति छनोट गर्नुपर्दछ। हुन त तिन पटक सरकारको नेतृत्व गरेका शेरबहादुर देउवाबाहेक अरू सबै दिवंगत भइसकेका छन्। तैपनि उनीहरूले पार्टीप्रति गरेको योगदानलाई अवमूल्यन गर्नुहुँदैन।

अहिले पार्टीमा साम, दाम, दण्ड, भेद गरेर भए पनि नेतृत्व हत्याउने प्रयास भएको छ। यदि पार्टीले त्यस्तो फितलो नीति बनाएमा पार्टीलाई अनिर्णयको बन्दी बनाउने, कहिले संकटकाल, कहिले अन्तरिमकाल र कहिले पार्टीभित्रको असहयोग भयो भनी पन्छिने होइन। संस्थापन वा अन्य कुनै पनि पक्षको हावाला दिई सुकिला, मुकिला, देशी र विदेशीको इसारामा पार्टी चलाउने प्रवृत्तिका साथै अन्य पार्टीबाट लिएका वा प्राप्त गरेका आयातीत विषयका सम्बन्धमा पर्याप्त बहस गरी समग्र देशको हित हुने, समग्र समुदायको उन्नति प्रगति र समृद्धि हुने बाटो अवलम्बन गरी दिशा निर्देश गर्नुका साथै नेतृत्व तहमा पुगेपछि अरूलाई वा अन्य व्यक्ति वा पुस्तालाई पर्याप्त अवसर दिन सहजीकरण गर्ने, प्रजातान्त्रिक विचार शैली, सदाचार र समन्वयात्मक भूमिकामा निपूर्ण व्यक्तिलाई नेतृत्वमा ल्याउनु उपयुक्त हुने छ। त्यस्तै पुराना नेताले युवापुस्तालाई स्पेस नदिई सधैं पद आफैँले ओगट्ने प्रवृत्तिको अन्त्य गरीसक्षम नेतृत्व र नीति दिन सक्ने व्यक्ति पार्टीमा रहनुपर्छ। एक पद एक व्यक्ति, हाम्रो होइन, राम्रो व्यक्तिलाई छनोट गरी पार्टीलाई ऊर्जा प्रदान गर्न सक्ने नेतृत्वलाई छनोट गर्नु नै आगामी महाधिवेशनको सार्थकता हुनेछ।

# म्याच फिक्सिङ र फुटबलमा सफलता





■ प्रदीप उप्रेती

**म्याच फिक्सिङजस्ता लाजमर्दो गतिविधि विश्वकप फुटबलमा पनि गर्न खोजेका प्रमाणहरू बारम्बार आएका छन् । हालै मात्र यस्तो गतिविधिको पर्दाफास गराएर नेपाल प्रहरीले जुन प्रशंसनीय कार्य गर्‍यो, त्यसका लागि नेपाल प्रहरीलाई धन्यवाद दिनुपर्छ । यदि म्याच फिक्सिङजस्ता गतिविधि हाबी नभएको भए आज नेपालको फुटबलको स्थिति कहाँ पुग्ने रहेछ भन्ने कुरा सबैले सहजै अनुमान लगाउन सक्दछौं ।**

नेपालमा लोकप्रिय फुटबल खेलको सुरुआत आज भन्दा लगभग ९५ वर्ष अगाडि अर्थात् ई.सं. १९२१ मा राणाकालको समयदेखि नै भएको पाइन्छ। यस खेललाई लोकप्रिय बनाउन राणाहरू स्वयं पनि अग्रसर भएका पाइन्छ। सर्वप्रथम नेपालमा आयोजना गरिएको प्रतियोगात्मक खेलचाहिँ राम-जानकी गोल्ड कप हो।

फुटबल खेलको स्तरवृद्धिका लागि समयसमयमा विभिन्नखालका प्रतियोगिताको आयोजना पनि गरिँदै आएको छ। फलस्वरूप ई. सं. १९४८ देखि त्रिभुवन च्यालेन्ज सिल्ड प्रतियोगिताको आयोजना गरिएको पाइन्छ। ई. सं. १९३४ देखि नेपालमा व्यवस्थित रूपमा फुटबल प्रतियोगिताहरूको आयोजना गरेको देखिन्छ। त्यसबेला खासगरी महावीर ११, एनआरटी ११, पब्लिक इन्स्टिच्युसन ११ गरी जम्माजम्मी १२ ओटा टिम रहेका पाइन्छ। यसबाहेक ई.सं. १९५१ मा अखिल नेपाल फुटबल संघ (एन्फा) को स्थापना गरिनुले पनि तत्कालीन सयममा खेलप्रति कतिको जनचाहना रहेछ भन्ने थाहा पाउन सकिन्छ।

नेपालले सर्वप्रथम अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगितामा भाग लिएको चाहिँ ई.सं. १९६३ को आगा खान गोल्ड कप प्रतियोगिता हो। यसमा भाग लिई अन्तर्राष्ट्रियस्तरको खेल प्रदर्शन गर्न नेपाल सक्षम भएको पाइन्छ। व्यवस्थित रूपमा फुटबलको विकाससँगै नेपालमा अन्तर्राष्ट्रियस्तरको रंगशालाको अभाव खड्किएको अवस्थामा ई.सं. १९५८ मा दशरथ रंगशाला खुलाई खेलकुद जगत्मा अझ बढी सफलता हासिल गर्नेतर्फ मुलुक अगाडि बढेको देखिन्छ। खेलले मानिसलाई मनोरञ्जनका साथै शारीरिक तन्दुरुस्ती राख्नमा पनि महत्त्वपूर्ण योगदान दिएको छ भन्नुमा दुई मत हुने छैन। खेल खेलाडी मात्रका लागि नभई सबैका लागि मनोरञ्जनको विषय पनि हो। अझ आजको जमानामा त घरघरमा रहेको आफ्नो टेलिभिजन सेटबाट अझ बढी आत्मसन्तुष्टि लिन मानिसहरू सफल भएका छन्।

फुटबलमा मात्र नभई कुनै पनि खेलमा जितहार हुनु आफैँमा कुनै नौलो कुरा होइन। जसरी जितलाई खुला दिलले स्वागत गर्न सकिन्छ, त्यसैगरी हारलाई पनि सहर्ष स्वीकार्न सक्नु नै खेलको वास्तविक मज्जा लिनु हो। हुन त केही समय अगाडिसम्म नेपालमा खेललाई व्यवसाय बनाएर जीवन जिउनु असाध्यै गाह्रो थियो। अब आजक जमाना बदलिइसकेको परिप्रेक्ष्यमा खेललाई नै व्यवसाय बनाएर जीवनलाई अगाडि बढाउन सक्ने आधारहरू तयार पार्ने दिशातिर नेपाल सरकार नलागेको पनि होइन। सीमित साधन र स्रोतले भ्याएसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिई मुलुकको नाम उच्च राख्ने खेलाडीहरूलाई सम्मान गर्न सरकारपछि परेको छैन। सम्मान गर्दै आएको तथ्य हामी सबैले देखेका नै छौं। तर यति हुँदाहुँदै पनि केही राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगितामा भाग लिई मुलुकको नाम उच्च राखी खेल खेल्नुपर्नेमा त्यसो नगरी देश र जनताप्रति राष्ट्रघात गर्ने कुण्ठित मनसाय लिई आफैँसँग प्रतिस्पर्धा गर्ने टिमसँग केही पैसाका लागि लोभलालच राखी म्याच फिक्सिङ गर्ने जस्तो घृणित काम गर्न किञ्चित पछि नपरी विगत केही समयदेखि जित्ने खेलमा पनि जानाजान मुलुकलाई पराजित गराइएको घटना भरखर सार्वजनिक भएको छ। म्याच फिक्सिङजस्ता गतिविधिले मुलुक र जनता अत्यन्त लज्जित भएका छन्। हुन त यस्ता गतिविधि अरू अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पनि नभएका भने होइनन्। यहाँसम्म कि म्याच फिक्सिङ जस्तो लाजमर्दो गतिविधि विश्वकप फुटबलमा पनि गर्न खोजेका प्रमाणहरू बारम्बार आएका छन्। हालै मात्र यस्तो गतिविधिको पर्दाफास गराएर नेपाल प्रहरीले जुन प्रशंसनीय कार्य गर्‍यो, त्यसका लागि नेपाल प्रहरीलाई धन्यवाद दिनुपर्छ। यदि म्याच फिक्सिङ जस्ता गतिविधि हाबी नभएको भए आज नेपालको फुटबलको स्थिति कहाँ पुग्ने रहेछ भन्ने कुरा सबैले सहजै अनुमान लगाउन सक्दछौं।

हुनत ई.सं. १९९३ मा बंगलादेशमा आयोजना गरिएको दक्षिण एसियाली खेलमा भारतलाई नै नेपालले फुटबलमा हराएको तथ्य सबैलाई थाहै भएको कुरा हो। विगत २३ वर्षयता कुनै पनि अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा के कारणले नेपालले पराजय भोग्नुपरेको रहेछ भन्ने प्रष्ट कारण हालै मात्र १२औँ दक्षिण एसियाली खेलकुद (साग) को पुरुषतर्फको उपाधि भारतविरुद्ध भएको खेलमा २-१ जित्नुले नै प्रस्ट भइसकेको छ। जसरी यो जितसँगै आज प्रत्येक खेलप्रेमी नेपालीको छाती गौरवले धक्क फुलेको छ, त्यसरी नै हिजोका दिनमा मुलुकप्रति घात गर्ने ती खेलाडीहरूको मुन्टो लाजले निहुरिएको हुनुपर्दछ। १२ औँ दक्षिण एसियाली खेलकुदमा विजयी हासिल गर्ने खेलाडीहरूलाई सम्मान गर्न राष्ट्रले कुनै पनि किसिमको कन्जुस्याइँ नगर्ने कुरा नेपाल सरकारले बताइसकेको छ। यसबाहेकका अन्य प्रतियोगिताहरूमा पनि अझ बढी परिश्रम गरी विजय हासिल गर्ने छन् भन्ने कुरामा सबै नेपालीले ढुक्क हुने परिस्थितिको सिर्जना गर्न जरुरी छ।

# 'जिका भाइरस'को जोखिम र बच्ने उपाय



■ डा. महेन्द्रबहादुर विष्ट

नेपालमा लामखुट्टेबाट विभिन्न रोग लाग्ने गरेका छन्। सामान्यतः हामी मलेरिया (औलो ज्वरो) सँग मात्र बढी परिचित छौं तर लामखुट्टेको टोकाइबाट इन्सेफ्लाइटिस, डेंगु ज्वरो, पहेंले ज्वरो (यल्लो फिबर), वेस्ट-नाइलभाइरस, सिकुनगुन्या भाइरस आदि धेरै किसिमका बिमारी लामखुट्टेको टोकाइबाट मानिसमा पैदा हुने गर्छन्। वैज्ञानिकहरूले संसारमा ३५ सयभन्दा बढी प्रजातिका लामखुट्टेलाई आफ्नो जानकारीमा ल्याइसकेका छन्। तर, ती सबैले रोग सार्दैनन्। यो प्रसंगलाई यहीँ छोडेर यस आलेखमा लामखुट्टेको टोकाइबाट लाग्ने नेपालका लागि नौलो बिमार 'जिका भाइरस' को खतराबारे चर्चा गरिएको छ।

जिका भाइरस सन् १९४० मा नै अफ्रिकामा देखिएको र युगान्डामा सन् १९४७ मा सर्वप्रथम यो रोगको पहिचान भएका हो। नेपाल पनि आज जिका भाइरस रोगको सम्भावित जोखिममा छ। विशेषगरी बिहान र अपराह्नतिर टोक्ने, 'एडिस् एजिप्टाइ' नामक पोथी लामखुट्टेले सार्ने यो संक्रमणको सम्भावनाबारे नेपालका सरोकारवाला विज्ञहरू पनि सचेत भएका छन्। यही लामखुट्टे हो, जसको टोकाइबाट डेंगु र पहेंले ज्वरोजस्ता बिमार पनि फैलिने गर्छन्। विश्वका ३३ मुलुकमा यो भाइरस फैलिसकेको छ, जसबाट नेपाल खतराको घेराबाहिर छैन। ल्याटिन अमेरिकी मुलुक ब्राजिलमा मात्र १५ लाख मानिस, खासगरी शिशुहरू यसबाट संक्रमित भएको गत अक्टोबर महिनायता जन्मेका ३५ हजार शिशुमा जिका भाइरसको भयानक परिणाम देखापरेको तथ्यांक विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको छ।



जिका भाइरसको संक्रमण भएका बारे अधिकांश मानिसलाई थाहा हुँदैन। किनकि, यसका लक्षणहरू सामान्य हुन्छन्। ज्वरो आउने, आँखा रातो हुने (कन्जक्टिभाइटिस), मांशपेशी वा जोर्नी दुख्ने, टाउको दुख्ने, छालामा एलर्जी जस्तो वा रातो डाबर जस्तो देखापर्ने यसका सामान्य लक्षण हुन्। लक्षण दुई दिनदेखि एक सातासम्म देखापरिरहन्छ। कतिपयलाई यस्ता लक्षण पनि देखिँदैन। जिका भाइरस मानिसको र्‍याल, पिसाब, रगत, यहाँसम्म कि वीर्यमा समेत सक्रिय हुने भएकोले यौन सम्पर्कबाट पनि यो भाइरसको संक्रमणको खतरा हुन्छ। लामखुट्टेले अण्डा पार्ने पानी उपभोग गर्दा पनि मानिसमा यसको संक्रमण हुन सक्छ।

गर्भिणी महिलामा यो भाइरसको संक्रमण भएमा त्यसले गर्भस्थ शिशुमा यस्तो गम्भीर स्नायविक (न्युरोलोजिकल) समस्या उत्पन्न गरिदिन्छ, नतिजा स्वरूप बच्चा औसतभन्दा सानो (कतै त निकै सानो) टाउको भएको रूपमा जन्मिन्छ। जन्मिँदै मस्तिष्क सानो भएर आउँछ। यसले गर्दा दिमागको विकास हुन पाउँदैन। यसको कुनै उपचारको उपाय अहिलेसम्म छैन। यस समस्यालाई हामी डाक्टरहरू 'माइक्रोसिफली' भन्छौं। त्यसो त माइक्रोसिफली जिका भाइरसबाहेक आनुवंशीय वा वातावरणीय कारणले पनि हुन सक्छ। दिमाग र स्नायु प्रणालीको विकासमा गम्भीर अवरोध हुनुलाई 'गिया बुरे' अवस्था भनिन्छ, जसमा स्नायु प्रणालीले काम नगर्दा जन्मेका शिशुको हातखुट्टा लुलो हुन्छ। यही समस्या जिका भाइरसले उत्पन्न गर्छ।

डेंगु र पहेंले ज्वरो फैलाउने लामखुट्टेबाटै यो रोग फैलिने हुनाले डेंगु र पहेंले ज्वरोको जोखिम भएको क्षेत्रमा यसबारे विशेष होसियारी अपनाउनुपर्छ। नेपालको खासगरी तराई क्षेत्र हुँदै यो रोग नेपालमा भित्रिन सक्छ। आजकाल नेपालीहरू रोजगारीको सिलसिलामा विश्वका धेरै मुलुकमा पुगेका हुनाले मानिसको आवत जावत निकै बढेको कारणबाट रोगहरू पनि छिटोछिटो फैलिने गर्छन्।

जिका भाइरस रोग सामान्यतः अन्य संक्रामक रोग भन्दा कम खतरनाक मानिन्छ। साथै यसको विशेष डाक्टरी उपचार केही छैन। लक्षणका आधारमा उपचार गरिन्छ। रगत, पिसाब र वीर्यको प्रयोगशाला जाँचबाट यस रोगलाई पत्ता लगाउन सकिन्छ। यसविरुद्धको खोप तथा औषधि पनि हालसम्म बनेको छैन। गर्भवती महिलाले चाहिँ जिका भाइरसको संक्रमित क्षेत्रमा भरसक यात्रा नगर्ने, गर्नै परे अत्यन्त सावधानी अपनाउनुपर्छ। लक्षण देखिनासाथ पूर्ण आराम गर्ने, झोल पेय पदार्थ बढी मात्रामा लिने, जोर्नी, मांशपेशी र टाउको दुखाइका लागि सामान्य औषधि लिने, लक्षणमा देखिएको सम्भावित जिका भाइरस अरूलाई सर्न नपाओस् भनी आवश्यक होसियारी अपनाउने गर्नुपर्छ।

लामखुट्टेको टोकाइबाट जोगिने सिलसिलामा ओछ्यानमा झुल लगाएर सुत्ने, झ्याल-ढोकामा जाली लगाएर लामखुट्टेको प्रवेश रोक्ने, यसको प्रजनन् स्रोतका रूपमा चिनिने पानी जम्ने खाल्डा तथा घर वरिपरिको झाडी आदि सफा गर्ने यसबाट बच्ने केही उपाय हुन्। यस्तै यसबारे जनचेतना फैलाउने, शरीर पूरै ढाक्ने वा पूरा बाहुला भएका लुगा लगाउने, यात्रामा पनि यस्ता लामखुट्टेबाट बच्ने उपाय अपनाउनु रोग निरोधका अत्यन्त उपयोगी उपाय हुन्।

जिका भाइरसको सबभन्दा खतरनाक असर गर्भस्थ शिशुमा पर्ने र यो असर जन्मेका शिशुले जीवनभरि भोग्नुपर्ने हुनाले गर्भवती महिला यसबारे सबभन्दा सचेत र होसियार हुनुपर्छ। त्यो अवस्थाका महिलाले लक्षण देखिनासाथ चिकित्सकलाई जँचाएर आवश्यक सल्लाह लिनुपर्छ। वयस्कहरूका लागि भने यो बिमार तुलनात्मक रूपमा कम खतरनाक भएको र मृत्युको सम्भावना एकदमै न्यून भएको हुनाले डराउनुपर्ने कारण छैन, तर होसियारी त अपनाउनै पर्छ।

*(लेखक स्वास्थ्यसेवा विभागका पूर्वमहानिर्देशक हुन्)*

# अर्थ

सुन-चाँदी



| | |
|---|---|
| छापावाल प्रतितोला | - रु. ५५,०००/- |
| तेजाबी प्रतितोला | - रु. ५५,२५०- |
| चाँदी प्रतितोला | - रु. ७३५/- |

## आर्थिक वृद्धिदर २ प्रतिशत पुग्ने प्रक्षेपण

### मूल्यवृद्धि सरकारी प्रक्षेपणभन्दा बढी, बजेटरी खर्च ८५ प्रतिशत मात्रै हुने

**शिव दुवाडी/राजधानी**
काठमाडौं, ६ फागुन

सरकारले चालू आर्थिक वर्षमा आर्थिक वृद्धदर २ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ। चालू आर्थक वर्ष २०७२/७३ को बजेटको मध्यावधि समीक्षाका क्रममा बिहीबार अर्थमन्त्री विष्णु पौडेलले चुनौतीका बाबजुद पनि पछिल्लो विकासक्रमले वृद्धिदरमा सुधार आउने देखिएको भन्दै सो प्रक्षेपण सार्वजनिक गरेका हुन्।

सरकारले चालू आर्थिक वर्षको बजेट वक्तव्यमा यस वर्षको आर्थिक वृद्धिदर ६ प्रतिशत हुने घोषणा गरेको थियो। मौसमी प्रतिकूलताका कारण कृषि उत्पादनमा आएको गिरावट तथा भूकम्प र नाकाबन्दीको प्रभावलगायतले आर्थिक वृद्धिदर खस्कने अवस्था आएको हो।

बजेटको समीक्षाका क्रममा अर्थमन्त्री पौडेलले राष्ट्रिय तथा अन्तरािष्ट्रिय कारणले यस वर्ष मूल्यवृद्धि दर पनि सरकारी घोषणाभन्दा माथि जाने बताए। मन्त्री पौडेलका अनुसार यस वर्षको पुस मसान्तसम्ममा यो दर ९ दशमलव ४ प्रतिशत पुगेको छ। सरकारले बजेट वक्तव्यमा मूल्य वृद्धिदर ८ दशमलव



५ प्रतिशतमा कायम राख्ने घोषणा गरेको थियो।

मन्त्री पौडेलले बजेटरी खर्च लक्ष्यअनुसार हुन नसकेको स्वीकार गर्दै यस वर्ष कुल बजेटको ८५ दशमलव ६६ प्रतिशत मात्रै बजेट खर्च हुने संशोधित खर्च अनुमान सार्वजनिक गरे। उनका अनुसार चालू आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्ममा कुल बजेटको २१ प्रतिशत अर्थात १ खर्ब ७९ अर्ब ६७ करोड रुपैयाँ खर्च भएको छ। यसमा विकास खर्चको हिस्सा ७ प्रतिशतको हाराहारीमा मात्रै रहेको छ।

६ महिनाको अवधिमा सरकारी राजस्व संकलनको लक्ष्य पनि पूरा हुन सकेन। सरकारी तथ्यांकअनुसार यस अवधिमा २ खर्ब १६ अर्ब राजस्व संकलनको लक्ष्य रहेकामा १ खर्ब ६४ अर्ब रुपैयाँ मात्रै राजस्व संकलन भएको छ।

अर्थमन्त्री पौडेलले यस वर्ष घोषणा भएका विभिन्न विकास आयोजनाको कार्यान्वयनका लागि १ खर्ब ८ अर्ब ६४ करोडको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको र त्यसमा १६ अर्ब ३६ करोड अनुदान तथा ९२ अर्ब १० करोड सहुलियतपूर्ण ऋण रहेको जानकारी दिए।

यस वर्षको बजेटले १२ वैशाखको विनाशकारी भूकम्पले पुऱ्याएको क्षतिको पुनर्निर्माण, ५० हजार युवालाई सीप विकास तालिमको व्यवस्था, दूरसञ्चार सेवा दस्तुरमा १ प्रतिशत सेवा दस्तुर थप गर्ने, नवीन विचारमा आधारित आविष्कार, उद्यम र प्रविधिका लागि ' च्यालेन्ज फन्डको स्थापना, भूकम्पपछिको पुनःस्थापना तथा पुनर्निर्माणका लागि नवनेपाल निर्माणको अभियान सञ्चालन, स्वेदशमै उत्पादित वस्तुलाई १५ प्रतिशत महँगो भए पनि उपयोग गर्नेलगायतका अभियान सार्वजनिक गरेको थियो।

### बजेटको मध्यावधि समीक्षा

मन्त्री पौडेलले पुनर्निर्माण प्राधिकरणले पूर्णता पाइसकेको हुनाले अब त्यसले गर्ने काममा तीव्रता आउने र बजेट खर्च बढ्ने अपेक्षा व्यक्त गरे।

यस्तै, नाकाबन्दीको असर कम हुँदै गएको, विकास गतिविधि अघि बढ्न थालेकोलगायतका आधार प्रस्तुत गर्दै अब बजेट खर्चमा उल्लेख्य वृद्धि हुने अपेक्षा व्यक्त गरे।

सरकारले चालू आर्थिक वर्ष २०७२/०७३ का लागि ८ खर्ब १९ अर्ब ४६ करोड ८८ लाख ८४ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको थियो। राहत, पुननिर्माण र पुनःस्थापनालाई पहिलो प्राथमिकतामा राखेर सार्वजनिक गरिएको सो बजेटमा चालू खर्चतर्फ ४ खर्ब ८४ अर्ब २६ करोड ६३ लाख ७५ हजार अर्थात कुल बजेटको ५९ दशमलव १ प्रतिशत, पुँजीगततर्फ २ खर्ब ८ अर्ब ८७ करोड ७२ लाख ४२ हजार अर्थात २५ दशमलव ५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १ खर्ब २६ अर्ब ३२ करोड ५२ लाख ६७ हजार अर्थात १५ दशमलव ४ प्रतिशत विनियोजन भएको छ।

बजेटको खर्च व्यवस्थापनका लागि राजस्ववाट ४ खर्ब ७५ अर्ब १ करोड २१ लाख, साँवा फिर्ता प्राप्तिबाट २ अर्ब, वैदेशिक अनुदानवाट १ खर्ब १० अर्ब ९२ करोड ९४ लाख ७ हजार र वैदेशिक ऋणवाट ९४ अर्ब ९६ करोड ४७ लाख ४ हजार जुटाउने सरकारी लक्ष्य छ। यसबाट नपुग हुने १ खर्ब ३६ अर्ब ५६ करोड २६ लाख ७३ हजार रुपैयाँमध्ये ८८ अर्ब आन्तरिक ऋण र ४८ अर्ब ५६ करोड २६ लाख ७३ हजार चालु बर्षको नगद मौजदादवाट वेहोर्ने सरकारी घोषणा छ।

## डलर र युरोको कारोबार एसीयूबाट

**काठमाडौं/रास–** नेपाल राष्ट्र बैंकले एसियन क्लियरिङ युनियन (एसीयू) का सदस्य राष्ट्रबिच ५ सयभन्दा माथिको अमेरिकी डलर र युरोको भुक्तानी अनिवार्य रूपमा एसीयूमार्फत गर्न निर्देशन दिएको छ। राष्ट्र बैंकको विदेशी विनियम व्यवस्थापन विभागले २ फागुनमा परिपत्र जारी गर्दै सबै वाणिज्य बैंक र राष्ट्रियस्तरका विकास बैंकहरूलाई यस्तो निर्देशन दिएको हो।

'एसीयू राष्ट्रहरूबिच अमेरिकी डलर र युरो ५ सयभन्दा बढी रकमको कारोबार अनिवार्य रूपमा एसीयूबाट गर्नुपर्ने व्यवस्था गरिएकाले सोहीबमोजिम गर्नु/गराउनु'पर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ। एसीयूको स्थापना सन् १९७४ मा भएको हो।

एसीयूको संस्थापकमा भारत, इरान, नेपाल, पाकिस्तान र श्रीलंकाका केन्द्रीय बैंक रहेका छन्। पछि बंगलादेश, म्यानमार, भुटान र माल्दिभ्स पनि सदस्य बनेका छन्। विश्वव्यापी रूपमा विदेशी मुद्राको अभाव भएपछि यस्तो मुद्राको प्रचलनमा कडाइ र नियमन गर्ने उद्देश्यले एसीयू स्थापना गरिएको थियो। राष्ट्र बैंकको यस्तो निर्देशनपछि नेपालबाट हुने विदेशी व्यापारको भुक्तानी एसीयूमार्फत नै हुने व्यवस्था मिलाउनुपर्ने भएको छ। तर, यस्तो भुक्तानी एसीयू सदस्य राष्ट्रसँग भएको अवस्थामा मात्रै एसीयूमार्फत हुनेछ।

## इन्भेस्टमेन्ट कम्पनीका लगानीकर्ताको खोजी

**शिव सत्याल/राजधानी**
काठमाडौं, ६ फागुन

पुँजी बजारको नियामक निकाय नेपाल धितोपत्र वोर्डले इन्भेस्टमेन्ट कम्पनीमा भएको लगानी र त्यस्ता कम्पनीमार्फत पुँजी बजारमा हुने लगानीको अध्ययन थालेको छ। इन्भेस्टमेन्ट कम्पनीमार्फत पुँजी बजारमा हुने लगानी शंकास्पद देखिएपछि बोर्डले अनुसन्धान थालेको हो।

यस्ता कम्पनीमा भएको लगानी तथा त्यस्ता कम्पनीमार्फत हुने लगानीका विषयमा कुनै पनि नियामक निकायले खोजी नगरेपछि कारोबारप्रति शंका गर्दै बोर्डले अनुसन्धान थालेको छ। बोर्डले पहिलो चरणमा विवरण संकलन गरिरहेको छ। नेपाल स्टक एक्सचेन्ज र ब्रोकर कम्पनीमार्फत विवरण संकलन गरेर अध्ययन थालिएको बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्कीले जानकारी दिए।

'हामीले नेपाल स्टक एक्सचेन्ज र धितोपत्र दलाल व्यवसायीसँग इन्भेस्टमेन्ट कम्पनीमा भएको लगानी र त्यस्ता कम्पनीले गरेको कारोबारको विवरण मागेका छौं, यस्तो विवरण प्राप्त भएपछि उनीहरूको लगानीका विषयमा आवश्यक देखिए थप अनुसन्धान हुन्छ,' बोर्डका अध्यक्ष डा. कार्कीले राजधानीसँग भने। बोर्डले नेप्सेसँग सन् २००७ देखि इन्भेस्टमेन्ट कम्पनीले गरेको कारोबारको विवरण र ब्रोकरहरूसँग यस्ता कम्पनीको लगानी र लगानीकर्ताको विवरण मागेको हो।

ब्रोकरले सेयर कारोबार गर्दा 'नो योर कस्टुमर' (केवाइसी) फर्म अनिवार्य रूपमा भर्नुपर्ने भएकाले उनीहरूसँग विवरण हुने आधारमा बोर्डले ब्रोकरसँग लगानी र लगानीकर्ताको विवरण मागेको हो। इन्भेस्टमेन्ट कम्पनीमा हुने लगानी र त्यस्ता कम्पनीबाट पुँजी बजारमा हुने लगानीका विषयमा अहिलेसम्म नियमन र सुपरीवेक्षण हुने गरेको छैन। कम्पनी रजिस्टारको कार्यालयमा कम्पनी दर्ता गरेर पछि पुँजी बजारमा जति पनि लगानी गर्न पाउने अवस्था छ।

यस्ता कम्पनीमा कसले कस्तो लगानी गरेको छ भन्ने पनि यकिन गर्नु आवश्यक देखिएको डा. कार्कीको भनाइ छ। अहिले त्यस्ता कम्पनीमा शंकास्पद लगानी भए/नभएबारेमा हेर्ने निकाय नभएकाले पनि थप चनाखो हुनुपर्ने अवस्था आएको बोर्डको ठहर छ। कम्पनी रजिस्टारको कार्यालयमा कम्पनी दर्ता गरेपछि पनि आफ्नो नियामक निकायको स्वीकृतिमा मात्रै कारोबार गर्न पाइने व्यवस्था छ। तर, इन्भेस्टमेन्ट कम्पनीको नियामक निकाय नहुँदा त्यस्ता कम्पनीले कम्पनी दर्ता गर्नेबित्तिकै कारोबार गर्ने गरेका छन्।

इन्भेस्टमेन्ट कम्पनीका नाममा पुँजी बजारमा बर्सेनि अर्बौं रुपैयाँबराबरको कारोबार हुने गरेको नेपाल स्टक एक्सचेन्जले जानकारी दिएको छ। अहिले अदृश्य रूपमा बैंक तथा वित्तीय संस्थाले इन्भेस्टमेन्ट कम्पनी स्थापना गर्ने र त्यसैमार्फत पुँजी बजारमा लगानी गर्ने गरेको शंका बोर्डको छ। यस्तै, अधिकांश सहकारी संस्थाहरूले पनि इन्भेस्टमेन्ट कम्पनी स्थापना गरेर त्यसैमार्फत सेयर कारोबार गर्ने गरेका छन्।

जलविद्युत् आयोजना निर्माताले पनि इन्भेस्टमेन्ट कम्पनीमार्फत सेयर बजारमा कारोबार गर्ने गरेको नेप्सेको भनाइ छ।

## स्थानीय उत्पादनमा उपभोक्ताको आकर्षण

**राजधानी समाचारदाता**
काठमाडौं, ६ फागुन

स्थानीय उत्पादनप्रति उपभोक्ताको आकर्षण बढ्न थालेको छ। विदेशी उत्पादनका नाममा नक्कली उत्पादनको प्रायोग गर्न बाध्य भएका आमउपभोक्ता स्वदेशी वस्तुको प्रयोगमा आकर्षित देखिएका हुन्।

राजधानीको भृकुटीमण्डपमा आयोजित घरेलु उद्योग महोत्सव र पाँचौं बृहत् राष्ट्रिय छाला जुत्ता तथा वस्तु प्रदर्शनीमा उपभोक्ताको घुइँचो लागेको छ। दुवै मेलामा स्थानीय उत्पादनको बाहुल्य रहेको छ। स्वदेशी वस्तुको प्रयोगबाट ठगिनु पनि नपर्ने र चर्को मूल्य तिर्नु पनि नपर्ने भएकाले यस किसिमका स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने मेलातर्फ उपभोक्ताको आकर्षण बढेको आयोजकको भनाइ छ।

नेपाल छालाजुत्ता उत्पादक संघका पूर्वअध्यक्ष एवं पारागन फुटवयेरका प्रबन्ध निर्देशक रामहरि तोलाङले छालाजुत्ताका नाममा विदेशी उत्पादनको बिगबिगी बढेको वताए। स्थानीय स्रोतसाधनको प्रयोग गरी स्वदेशमै वस्तु उत्पादन गर्नेहरू अहिले आफ्भेलमा पर्न बाध्य हुनुपरेको बताउँदै पूर्वअध्यक्ष तोलाङले राज्यले स्थानीय वस्तुको उत्पादन र प्रवर्द्धनमा जोड दिनुपर्ने आवश्यकता औंल्याए।

'कला र कौशल हाम्रो, नेपाली ब्रान्ड नै राम्रो भन्ने मूल नाराका साथ ४ फागुनदेखि फागुण १० गतेसम्म नेपाल छालाजुत्ता उत्पादक संघको आयोजनामा काठमाडौं भृकुटी मण्डपको प्रदर्शनीस्थलमा सुरु भएको पाँचौं बृहत् राष्ट्रिय छालाजुत्ता तथा वस्तु प्रदर्शनी मेलामा स्वदेशी वस्तुका पारखीको भीड लागेको उनले बताए।

एसबी क्वालिटी फुटवेयरका सञ्चालक सानुबाबु बोगटी पनि राज्यले स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने नीतिलाई प्रभावकारी रूपमा लागू गर्न नसक्दा वास्तविक स्वदेशी कम्पनी पछाडि परेको र विदेशी र नक्कली मालवस्तुको बिगबिगी बढ्दै गएको बताउँछन्। स्थानीय श्रम र सीपको प्रयोग गरी स्वदेशमै उत्पादित छालाजुत्ताले नेपालको झन्डै ५० प्रतिशत बजार ओगट्न सफल भएको बताउँदै उनले राज्यले सहयोग गरे जुत्ताचप्पलको क्षेत्रमा आत्मनिर्भर बन्न सक्ने अवस्था रहेको बताउँछन्।

पूर्वअध्यक्ष तोलाङका अनुसार नेपाल छालाजुत्ता उत्पादक संघमा आबद्ध विभिन्न उद्योगले उत्पादन गरेका जुत्तामा शतप्रतिशत छालाको प्रयोग भएको छ। नेपालको भौगोलिक स्थिति, नेपाली उपभोक्ताको सरदर आय तथा आमउपभोक्ताको रुचिलाई मध्यनजर गरी उत्पादन गरिएका हाम्रा उत्पादन अत्यन्त आकर्षक र सुलभ मूल्यका रहेका छन्।

जुत्ता उत्पादन क्षेत्रमा नेपाल आत्म निर्भर बन्दै गएको परिप्रेक्ष्यमा नेपाल छालाजुत्ता उत्पादक संघमा आबद्ध उद्योगहरूमा नेपाली सीप र श्रमको प्रयोग भएकाले साँचो अर्थमा हाम्रा उत्पादन विशुद्ध नेपाली भएको उनको दाबी छ। मेलामा उद्यमीले ४० ओटा स्टलमा आआफ्ना उत्पादनको प्रदर्शन तथा बिक्रीवितरण गरेका छन्।

घरेलु उद्योग विकास समितिले आयोजना गरेको घरेलु उद्योग महोत्सवमा पनि दर्शकको त्यत्तिकै घुइँचो लागेको छ। मेलामा नेपालमा उत्पादन हुने विभिन्न किसिमका घरेलु उत्पादनहरूलाई समावेश गरिएको छ।

## १९ जिल्लामा बजार अनुगमन

**राजधानी समाचारदाता**
काठमाडौं, ६ फागुन

वाणिज्य तथा आपूर्ति मन्त्रालय फुटेपछि सुस्ताएको बजार अनुगमनलाई सरकारले पुनः सुरु गरेको छ।

वाणिज्यबाट आपूर्ति मन्त्रालय फुटेपछि सो मन्त्रालयअन्तर्गतको आपूर्ति विभागले १९ ओटा जिल्लामा विशेष अनुगमन गर्न सुरु गरेको हो। विभागका निर्देशक हरिनारायण बेल्बासेका अनुसार झापा, सुनसरी, मोरङ, मकवानपुर, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, बाँके, कास्की र तनहुँ जिल्लामा विशेष बजार अनुगमन सुरु गरिएको हो। यसैगरी, भक्तपुर, काभ्रे, ललितपुर, धादिङ, काठमाडौं, कैलाली र कन्चनपुरमा पनि अनुगमनलाई तीव्रता दिइएको हो।

'मन्त्रालय फुटेपछि बजार अनुगमनको जिम्मेवारी कुन मन्त्रालयले वहन गर्ने भनेर अन्योलको अवस्था सिर्जना भएको थियो, बेल्बासेले भने, 'दुवै मन्त्रालयको विभाग र जिम्मेवारी बाँडफाँट भए पनि मन्त्रीज्यूको विशेष चासोमा राजधानीसहित अन्य जिल्लामा विशेष बजार अनुगमन कार्यक्रमलाई कार्यान्वयनमा ल्याएका छौं।' उनका अनुसार नाकाबन्दीका कारण इन्धनको अभाव र मन्त्रालय फुटेका कारण पछिल्लो असोजदेखि माघ महिनासम्म प्रभावकारी रूपमा अनुगमन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन समस्या भएकाले बजार छाडा बनेको थियो। 'तर अब पुनः अनुगमनलाई कडाइका साथ प्रभावकारी रूपमा सञ्चालनमा ल्याएका छौं,' उनले भने।

विभागका अनुसार १९ ओटा जिल्लामा प्रभावकारी रूपमा बजार अनुगमन गर्न घरेलु कार्यालय, वाणिज्य विभाग, आपूर्ति विभाग, वाणिज्य कार्यालय र जिल्ला प्रशासन कार्यालयको सहकार्यमा १९ जना निरीक्षकलाई परिचालन गरिएको छ। विशेष अनुगमन टोलीलाई उद्योग, खाद्यान्न, मसला, हार्डवेयरसम्बन्धी पसल, होटेल तथा रेस्टुरेन्ट र ग्याँस उद्योगलगायतको अनुगमन गर्न निर्देशन दिइएको छ।

## नेपाल राष्ट्र बैंक

### विदेशी मुद्राको विनिमय दर (शुक्रबार ७ फागुन २०७२)

| देश/मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १०९.३६ | १०९.९६ |
| युरो | १ को | १२१.७९ | १२२.४६ |
| पाउन्ड स्ट्रलिङ्ग | १ को | १५६.५७ | १५७.४२ |
| स्विस फ्रचांक | १ को | ११०.३१ | ११०.९१ |
| अस्ट्रेलियन डलर | १ को | ७८.३६ | ७८.७९ |
| क्यानेडियन डलर | १ को | ८०.०१ | ८०.४४ |
| सिंगापुर डलर | १ को | ७७.९३ | ७८.३६ |
| जापानी येन | १० को | ९.६१ | ९.६७ |
| चिनियाँ युआन | १ को | १६.७८ | १६.८७ |
| साउदी अरब रियाल | १ को | २९.१६ | २९.३२ |
| कतारी रियाल | १ को | ३०.०३ | ३०.२० |
| थाइ भाट | १ को | ३.०७ | ३.०९ |
| संयुक्त अरब इमिरेट्स दिराम | १ को | २९.७७ | २९.९३ |
| मलेसियन रिंगिट | १ को | २६.२६ | २६.४० |
| दक्षिण कोरियन वन | १०० को | ८.९० | ८.९५ |
| **खरिद मात्र** | | | |
| स्विडिस क्रोनर | १ को | १२.९४ | - |
| डेनिस क्रोनर | १ को | १६.३२ | - |
| हङकङ डलर | १ को | १४.०६ | - |
| कुवेती दिनार | १ को | ३६५.४५ | - |
| बहराइन दिनार | १ को | २९०.०० | - |

**नोट**
- यो विनिमय दरलाइ बैंकले आवश्यकताअनुसार जुनसुकै समयमा पनि संशोधन गन सक्नेछ।
- वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
- अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।


नेपाल सरकार
कृषि विकास मन्त्रालय
**कृषि सूचना तथा संचार केन्द्र**
हरिहरभवन, ललितपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक मती २०७२/११/०७ गते

यस कृ ष सूचना तथा संचार केन्द्रबाट तप शल बमोजिमको छपाइ कार्यका लाग मति २०७२/३/२८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रका शत सूचना बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये तप सलको बोलपत्र न्युनतम मुल्याङ्कत सारभुतरुपमा प्रभावग्राही भै स्वीकृतीका लागी सफारिस भै आएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागी प्रका शत गरिएको छ।

तप शल:

| क्र.स. | कामको ववरण | न्युनतम मुल्या ङ्कत सारभुत रुपमा प्रभावग्राही बोलपत्र | मु.अ. कर बाहेक कबोल अंक |
|---|---|---|---|
| १ | कृ ष डायरी छपाइ तथा प्रकाशन | रोशन अपसेट प्रेस, भक्तपुर बालकोट | रु १०३३५००/... |



Government of Nepal
Ministry of Science and Technology
**National Information Technology Center**

**Invitation for Sealed Quotation for Aluminum Partition Work in NITC**

**Sealed Quotation No: 8-72/73**
**Date of first Publication: 2072/11/07**

1. The NITC invites sealed quotations from registered contractors for the construction of ***Aluminium Partition Work in NITC at Singhdurbar.***
2. The Estimated amount for the works is ***8,89,526.42 (without VAT).***
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of ***NITC, Singhdurbar, Kathmandu.***
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of ***Rs.300.00.***
5. Sealed Quotations must be submitted to the above office on or before ***12:00 Noon*** on **16th day of first publication.** Documents received after this deadline shall not be accepted.
6. Quotations must be valid for a period of ***45 days*** after opening of sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, amounting to a minimum of Rs. **26,000.00**, which shall be ***valid for 75 days*** after opening of the Sealed Quotations.
7. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. ***135001*** at ***Everest Bank Limited, Singhdurbar*** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
8. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at ***14.00 PM on 16th day of First Publication*** at the office of NITC.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
12. The matter not specified in this notice and the bidding document, follows the prevailing laws ( Public Procurement Act, 2063 and Public Procurement Regulation 2064) of Nepal.

**National Information Technology Centre (NITC)**
Singhdurbar , Kathmandu, Nepal
Phone: 4211710, 4211917
Fax: 4243362
Email: info@nitc.gov.np

# सेयर बजार

**बिहीबार ६ फागुन २०७२ (१८ फेब्रुअरी २०१६)**

| कम्पनीको नाम | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | सेयर संख्या | फरक |
|---|---|---|---|---|---|
| एस डेभलपमेन्ट बैंक लि. | ३५८ | ३४५ | ३५५ | १४७१७ | ७ |
| कृषि विकास बैंक लि. | ५९६ | ५८८ | ५८८ | २०७५१ | -२ |
| अल्पाइन डेभलपमेन्ट बैंक लि. | ४८० | ४७१ | ४७३ | ८६९ | १ |
| अपी पावर कम्पनी लि. | ४८८ | ४८० | ४८० | ३८५० | -३ |
| अरनिको डेभलपमेन्ट बैंक लि. | २६४ | २५६ | २५६ | १४०० | -४ |
| अरुणभ्याली हाइड्रोपावर कम्पनी लि. | ३०० | २९४ | २९६ | ७७३५ | -२ |
| एसियन लाइफ इन्स्योरेन्स क. लि. | १३९९ | १३२० | १३४५ | ५८०० | ५ |
| वरुण हाइड्रोपावर कम्पनी लि. | ३५९ | ३४५ | ३४७ | ५१० | ७ |
| भक्तपुर फाइनान्स कम्पनी लि. | १७२ | १५७ | १७२ | ८०० | १५ |
| भार्गव विकास बैंक लि. | ३४० | ३३७ | ३३७ | ९०० | -२ |
| विराटलक्ष्मी विकास बैंक लि. | ३८५ | ३७७ | ३७८ | ९०४ | -४ |
| बुटवल पावर कम्पनी लि. | ६०८ | ५९९ | ५९९ | २५४० | ४ |
| सेन्चुरी कमर्सियल बैंक लि. | ३४७ | ३४१ | ३४४ | १०८२१ | ३ |
| छिमेक लघुवित्त विकास बैंक लि. | १८६५ | १८४० | १८५० | ८६८ | -१५ |
| चिलिमे हाइड्रो पावर कम्पन लि. | १३८५ | १३६० | १३८३ | ९४६८ | १३ |
| सिटिजन्स बैंक इन्टरनेसनल लि. | ६३३ | ६२३ | ६२८ | २०२२१ | ५ |
| कसमस डेभलपमेन्ट बैंक लि. | ४०८ | ४०० | ४०० | ५३५ | ० |
| कन्ट्री डेभलपमेन्ट बैंक लि. | २१५ | २०९ | २१५ | २४८९ | ४ |
| डेप्रोक्स डेभलपमेन्ट बैंक लि. | २१०० | २०७५ | २१०० | १५७२ | ० |
| देव विकास बैंक लि. | २२३ | २१५ | २१९ | ४१६८ | ५ |
| एभरेष्ट बैंक लि. | २४०० | २३७५ | २३७५ | ३४६७ | ३ |
| एभरेष्ट बैंक लि. (प्र.) | १४७० | १३९५ | १३९५ | ५३१ | -१०४ |
| एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | १०२० | १००० | १०१० | ५४६७ | ० |
| एक्सेल डेभलपमेन्ट बैंक लि. | ६७० | ६६९ | ६७० | १४८९ | ३ |
| फष्ट माइक्रोफाइनान्स बैंक लि. | ९५० | ९३३ | ९३३ | १०४० | ३ |
| गरिमा विकास बैंक लि. | ३४७ | ३३९ | ३४३ | ५०८४ | -२ |
| ग्लोबल आईएमई बैंक लि. | ४७३ | ४६५ | ४७० | २५५११ | ४ |
| गुडवील फाइनान्स कम्पनी लि. | २२१ | २१३ | २२१ | १६७९ | ० |
| गुराँस लाइफ इन्स्योरेन्स क. लि. | ६५० | ६३५ | ६४३ | २५८३ | -२ |
| हामा मर्चेन्ट एन्ड फाइनान्स लि. | १८३ | १८३ | १८३ | १० | -३ |
| हिमालयन बैंक लि. | ११३७ | १०६० | १११२ | १५८०८ | ५३ |
| हिमालन जनरल इन्स्योरेन्स क. लि. | ८०० | ७७५ | ७८५ | ८७४५ | -३ |
| आईसीएफसी फाइनान्स लि. | २६५ | २५० | २६० | १७९८३ | ० |
| आईएलएफसीओ माइक्रोफा. वि.सं.लि. | १०६९ | १०१५ | १०३५ | १८९५ | -१५ |
| जेविल्स फाइनान्स लि. | १८४ | १८१ | १८१ | १५७६ | -६ |
| कालिका माइक्रोक्रेडिट डे. बैंक लि. | १५७० | १५०९ | १५३० | ३२०७ | -७० |
| कालिञ्चोक डेभलपमेन्ट बैंक लि. | २३६ | २२७ | २३६ | १२३२ | ११ |
| कञ्चन डेभलपमेन्ट बैंक लि. | ३९१ | ३९० | ३९० | २२९ | ६ |
| कन्काई विकास बैंक लि. | ३३२ | ३३२ | ३३२ | १०० | -३ |
| काष्ठमन्डप डेभलपमेन्ट बैंक लि. | २३८ | २२७ | २३८ | ५२५५ | ८ |
| लक्ष्मी बैंक लि. | ६३६ | ६२१ | ६२५ | १४१०७ | -४ |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | २०५० | २००० | २०४० | १९४४ | -१० |
| लक्ष्मी भ्यालु फन्ड-१ | ११.२० | १०.९५ | ११.२० | ३८५०० | ०.३० |
| लाइफ इन्स्योरेन्स क. नेपाल | ३५०५ | ३५०१ | ३५०१ | ३५२० | -१९ |
| लुम्बिनी जनरल इन्स्योरेन्स क. लि. | ६८१ | ६६८ | ६६८ | ५५० | ० |
| महालक्ष्मी फाइनान्स लि. | ३०० | ३०० | ३०० | १५१ | २ |
| महाकाली विकास बैंक लि. | २५६ | २४९ | २५५ | ४७४५ | -४ |
| मालिका विकास बैंक लि. | ३५५ | ३४२ | ३४८ | ४५६९ | १२ |
| मिर्मिरे माइक्रोफा. डेभलपमेन्ट बैंक लि. | २७०४ | २६३० | २७०४ | १०० | १३ |
| मितेरी डेभलपमेन्ट बैंक लि. | ६११ | ६१० | ६१० | ३०० | -१२ |
| मुक्तिनाथ विकास बैंक लि. | ८२५ | ८२० | ८२५ | ७७० | -५ |
| नबिल ब्यालेन्स फन्ड १ | १६ | १५.८० | १५.९० | ३७५७४८ | -०.०५ |
| नबिल बैंक लि. | १८९८ | १८८७ | १८९३ | ३२२८ | ७ |
| नबिल बैंक लि. (प्र.) | १४९० | १४७५ | १४८२ | ३०४० | -१३ |
| नारायणी नेशनल फाइनान्स लि. | ३५५ | ३३९ | ३४० | ३७८२ | ७ |
| नेशनल हाइड्रो पावर कम्पनी लि. | १६८ | १६२ | १६६ | ५६७९० | ३ |
| नेशनल लाइफ इन्स्योरेन्स क. लि. | २६९० | २६७० | २६८० | ६४८३ | १० |
| नयाँ नेपाल लघुवित्त विकास बैंक लि. | १५२५ | १५०० | १५२५ | ६० | २५ |
| नेको इन्स्योरेन्स कम्पनी लि. | १०३२ | १०२३ | १०२४ | ९०९० | -४ |
| नेपाल बंगलादेश बैंक लि. | ५४० | ५१९ | ५३५ | ९७८१७ | २६ |
| नेपाल बैंक लि. | ३८५ | ३५५ | ३७५ | १२६६५५ | ५ |
| नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक लि. | ३३८ | ३३८ | ३३८ | ११ | -६ |
| नेपाल दूरसञ्चार कम्पनी लि. | ७०९ | ७०० | ७०० | १२९६० | -५ |
| नेपाल ग्रामीण विकास बैंक लि. | ४८४ | ४६६ | ४६६ | ५०० | -१३ |
| नेपाल इन्स्यारेन्स कम्पनी लि. | ७२१ | ७०० | ७२१ | ३०३० | २२ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. | ९३५ | ९२४ | ९३२ | ३८७३० | ९ |
| नेपाल इन्भेष्टमेन्ट बैंक लि. (प्र.) | ८४१ | ८२५ | ८३५ | ३१८२६ | ६ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | ३१८९ | ३१५६ | ३१६४ | ४४१६ | -२४ |
| नेपाल एसबीआई बैंक लि. | १४४५ | १४०० | १४४० | ३८७९ | ४० |
| नेरुडे लघुवित्त विकास बैंक लि. | २२७५ | २२१० | २२७५ | २७६ | २५ |
| एनआईबीएल स्मृद्धि फन्ड १ | १०.५० | १०.५० | १०.५० | १५३८९० | -०.२१ |
| एनआईसी एसिया बैंक लि. | ७३८ | ७०९ | ७३३ | २११७६ | १० |
| निर्धन उत्थान बैंक लि. | १७३० | १७२५ | १७३० | १२०० | -१९ |
| एनएलजी इन्स्योरेन्स कम्पनी लि. | ९४० | ९२२ | ९२२ | ९५० | -१३ |
| एनएमबी बैंक लि. | ५५५ | ५३७ | ५४१ | ३४२०७ | ४ |
| प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | ११५० | १११५ | ११२८ | ६६४५ | -२१ |
| प्राइम कमर्सियल बैंक लि. | ५३९ | ५२० | ५३१ | ४१०४१ | ९ |
| प्राइम लाइफ इन्स्योरेन्स क. लि. | १६४७ | १६१७ | १६४७ | ७३४६ | १७ |
| प्रोफेसनल दियालो विकास बैंक लि. | २१९ | २१५ | २१५ | १९५५ | ० |
| प्रोग्रेसिभ फाइनान्स लि. | १७८ | १७८ | १७८ | २० | ३ |
| प्रुडेन्सीयल इन्स्योरेन्स कम्पनी लि. | ७८५ | ७७० | ७८४ | १०७१७ | -१ |
| राप्तीभेरी विकास बैंक लि. | २३३ | २२९ | २३३ | ३४७ | १ |
| रिलायवल डेभलपमेन्ट बैंक लि. | ३५७ | ३४३ | ३५० | ९३४१ | १३ |
| रिलायन्स लोटस फाइनान्स लि. | २३८ | २३० | २३३ | ३०२० | ३ |
| रिडी हाइड्रोपावर डे. कम्पनी लि. | ४०५ | ४०० | ४०० | ४३६ | -१० |
| रुलर माइक्रोफाइनान्स डे.सेन्टर लि. | ८३९ | ८२० | ८३३ | ३१२७ | -२ |
| सगरमाथा फाइनान्स लि. | २६५ | २५५ | २६० | ७५६४ | -५ |
| सगरमाथा इन्स्योरेन्स क. लि. | ११८९ | १०८५ | ११७० | ४४०७ | ८९ |
| साना किसान विकास बैंक लि. | १५७९ | १५५० | १५७९ | १५८८ | २९ |
| सानिमा बैंक लि. | ७३५ | ७२४ | ७२९ | १४३५९ | -३ |
| सानिमा माई हाइड्रोपावर लि. | ८७० | ८५६ | ८६३ | ३३५६ | १ |
| सेती फाइनान्स लि. | २८० | २८० | २८० | १० | ५ |
| सेवा विकास बैंक लि. | ३२६ | ३२२ | ३२२ | १४८८ | २ |
| सांग्रिला डेभलपमेन्ट बैंक लि. | ३६३ | ३५१ | ३५१ | ८५५ | -१३ |
| शिखर इन्स्योरेन्स क. लि. | १७३८ | १७१५ | १७३५ | ४०३५ | ६ |
| सिद्धार्थ फाइनान्स लि. | २२९ | २२१ | २२९ | २५६६ | ४ |
| सिद्धार्थ इक्युटी ओरिन्टेड स्किम | ११.२० | ११ | ११.१० | १७०६६६७ | -०.१७ |
| सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-१ | १८.३६ | १८.२० | १८.२० | ४५१०० | ०.२० |
| सिन्धु विकास बैंक लि. | ३३८ | ३३८ | ३३८ | १५० | -४ |
| सोल्टी होटल लि. | ३३३ | ३२५ | ३३० | ७१९८ | ६ |
| स्टचान्डर्ड चार्टर्ड बैंक लि. | २६७९ | २६३७ | २६६९ | २५७४ | -२१ |
| शुभेच्छा विकास बैंक लि. | ३३६ | ३२४ | ३२४ | ७८७ | -१ |
| सम्मीट माइक्रोफाइनान्स डे.बैंक लि. | २४५० | २४४० | २४४० | ६३० | -५९ |
| सनराइज बैंक लि. | ४८० | ४४० | ४७७ | १४५३५० | ३७ |
| सूर्य लाइफ इन्स्योरेकस कम्पनी लि. | ८०४ | ७८५ | ७८७ | २८०६ | -१३ |
| स्वावलम्वन विकास बैंक लि. | २११० | २०७६ | २१०० | १३३६ | -१८ |
| सिनर्जी फाइनान्स लि. | ११२ | १०७ | १०७ | ३६६८ | -५ |
| तारागाउँ रिजेन्सी होटल लि. | २२२ | २१८ | २२२ | २५० | ५ |
| तिनाउ डेभलपमेन्ट बैंक लि. | ३९१ | ३६३ | ३७० | ४०८१ | ४ |
| टुरिज्म डेभलपमेन्ट बैंक लि. | ३०६ | २९४ | २९६ | ५५७५ | ६ |
| त्रिवेणी विकास बैंक लि. | २९४ | २९४ | २९४ | ५७८ | ४ |
| युनियन फाइनान्स कम्पनी लि. | १२५ | १२४ | १२४ | ३०६ | -२ |
| युनाइटेड फाइनान्स लि. | ३४५ | ३४५ | ३४५ | ३०० | ० |
| युनाइटेड इन्स्योरेन्स क. (नेपाल) लि. | ६७७ | ६६६ | ६७० | ५७९० | ० |
| विजय लघुवित्त वित्तीय संस्था लि. | १३८७ | १३८७ | १३८७ | १० | २७ |
| वेस्टर्न डेभलपमेन्ट बैंक लि. | ४१५ | ४०९ | ४१२ | ३४६३ | -१० |
| ओमी माइक्रोफा. वित्तीय संस्था लि. | ७४७ | ७४७ | ७४७ | १० | १४ |
| यति डेभलपमेन्ट बैंक लि. | १७३ | १६५ | १६७ | ११६९७ | ० |

**नेप्से परिसूचक** १२७३.२८ (७.२)

**कुल कारोबार रकम** : ६५७,३६२,६९८
**कुल सेयर कारोबार** : ३,३४५,३५८
**कुल कारोबार** : ३,०३२

# सबै मिलेर देशलाई समृद्ध बनाउनुपर्छ : उपराष्ट्रपति

**राजधानी संवाददाता**
धनगढी, ६ फागुन

राजधानी उपराष्ट्रपति नन्दबहादुर पुनले सबै नेपाली मिलेर देशलाई समृद्ध बनाउनुपर्ने बताएका छन्। कैलालीको अत्तरियामा अत्तरिया उद्योग वाणिज्य संघले आयोजना गरेको ११ दिने अत्तरिया महोत्सवको उद्घाटन गर्दै उपराष्ट्रपति पुनले सो कुरा बताएका हुन्।

महोत्सवले यहाँको विकासका लागि महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरे। महोत्सवमा प्रमुख अतिथिसमेत रहेका उपराष्ट्रपति पुनलाई संघका अध्यक्ष वसन्त रोकायाले तिनबुँदे मागसहित तिन किलोको माला पहिल्याएका थिए।

मागहरूमा निर्माणाधीन गेटामा मेडिकल कलेजको शीघ्र निर्माण, धनगढी विमानस्थललाई अन्तर



हिमाल, पहाड र तराई-मधेसका जनता मिलेर मात्र देश समृद्ध हुने बताउँदै उपराष्ट्रपति पुनले त्यसका अलावा देशलाई आर्थिक समृद्धितिर अघि बढाउनु अहिलेको प्रमुख आवश्यकता भएको बताए। 'जननिर्वाचित प्रतिनिधिद्वारा संविधान जारी भइसकेको छ,' उपराष्ट्रपति पुनले भने, 'जारी संविधान कार्यान्वयनसँगै अब आर्थिक विकास नै पहिलो आवश्यकता हो।'

राज्यसँगसँगै निजी क्षेत्रको प्रयासमा मात्र देशमा विकासको वातावरण सिर्जना हुने भएकाले सबै उद्योगीव्यापारी एकताबद्ध भएर देश विकास निर्माणमा लाग्नुपर्ने उनको भनाइ थियो।

सुदूरपश्चिम पर्यटन, कृषि, जलस्रोत लगायत प्राकृतिक रूपमा सम्पन्न भएको भन्दै उपराष्ट्रपति पुनले यस क्षेत्रमा आयोजित ष्ट्रिय विमानस्थलमा स्तरोन्नति गर्नुपर्ने र कैलालीमा औद्योगिक क्षेत्र स्थापना गर्नुपर्ने रहेका छन्।

कार्यक्रममा एमाले सेती अञ्चल इन्चार्ज महेश्वर पाठक, एमाओवादी ७ नम्बर प्रदेश इन्चार्ज तथा पूर्वमन्त्री लेखराज भट्ट, जनमोर्चाका केन्द्रीय सदस्य नन्दलाल भट्टलगायतले सुदूरपश्चिमलाई लामो समयदेखि राज्यले विभेद गर्दै आएकाले यसका लागि यस क्षेत्रमा निर्माणाधीन आयोजनाको छिट्टै कार्यान्वयनका लागि सरकारलाई दबाब दिनुको विकल्प नभएको बताए।

यही १६ गतेसम्म सञ्चालन हुने यो महोत्सवमा अढाइ लाख बढी दर्शकले अवलोकन गर्ने र ६ करोड रुपैयाँसम्मको कारोबार हुने अनुमान रहेको आयोजक अत्तरिया उद्योग वाणिज्य संघका अध्यक्ष वसन्त रोकायाले बताए।

# सुख्खा बन्दरगाहको सेवा चुस्त बनाउन एकमत

**तुलसी भण्डारी/राजधानी**
वीरगन्ज, ६ फागुन

नेपालकै पहिलो सुक्खा बन्दरगाहबाट हुने सेवा सञ्चालनमा सहजता प्रदान गर्न नियमित अनुगमन र निरीक्षण गरिने नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक लक्ष्मण बस्नेतले बताएका छन्।

परनिर्भर मुलुक नेपालको आयातनिर्यात गर्ने प्रमुख स्थल तथा वीरगन्जस्थित सुक्खा बन्दरगाहको सेवा सञ्चालनलाई थप प्रभावकारी बनाउन नियमित निरीक्षण र अनुगमन गरिने कार्यकारी निर्देशक बस्नेतले बताएका हुन्। वीरगन्ज उद्योग वाणिज्य संघका पदाधिकारीसँग भएको छलफलका क्रममा बिहीबार उनले यस्तो बताए। नेपालको एक मात्र सुक्खा बन्दरगाहबाट हुने आयातनिर्यातलाई अझ प्रभावकारी बनाउन नियमित अनुगमन तथा निरीक्षण गर्दै समस्याको समाधान हुन्छ, उनले भने।

वीरगन्जका उद्योगी व्यापारीको छाता संगठनका रूपमा रहेको संघका पदाधिकारीको विशेष उपस्थितिमा नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशकसहितले हिमालयन टर्मिनल्सले आन्तरिक व्यवस्थापनलाई सुदृढ बनाउनुपर्ने, कन्टेनर अनलोड गर्ने उपकरणको पर्याप्ततामा जोड दिनुपर्ने, सुक्खा बन्दरगाह व्यवस्थापनमा अब वीरगन्ज उद्योग वाणिज्य संघको पनि प्रतिनिधित्व रहने गरी छुट्टै एउटा समिति बनाउने, आयातकर्ताका गुनासालाई ध्यानमा राखी त्यसको निरूपणका लागि उचित पहल गर्न सक्ने स्रोत व्यक्ति तोक्नेजस्ता महत्त्वपूर्ण निष्कर्ष पनि निकालेको छ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयका भन्सार अधिकृत हरिहर पौडेल र हिमालयन टर्मिनल्सका प्रमुख कार्यकारी अधिकृत विष्णु चौधरीलगायतको उपस्थिति रहेको छलफल कार्यक्रममा आयातकर्ताले तिर्नुपर्ने डेमरेज चार्ज र डिटेन्सन चार्जजस्ता अनधिकृत आर्थिक लोड हुने कुरालाई न्यूनीकरण गर्न सुक्खा बन्दरगाहको प्रभावकारी व्यवस्थापन गर्ने कुरामा सबैको एकमत रहेको छ।

# सिँचाइ अभावमा तरकारी खेत मरुभूमिमा परिणत

**रमेश तिमल्सिना/राजधानी**
रौतहट, ६ फागुन

विगतका वर्षमा राम्रो तरकारी उत्पादन हुँदै आएको जग्गा यसपालि सिँचाइको अभावमा खेत मरुभूमि भएपछि तरकारीखेती गर्दै आएका किसान चिन्तित भएका छन्।

सिँचाइको अभावमा रोपिएका तरकारीका बिरुवा मर्न थालेपछि रौतहटको चन्द्रपुर नगरपालिका-१५ श्रीनगर खैराका किसानलाई यसरी आपत् आइरहेको छ। तरकारीखेतीलाई योग्य जमिन देखेर गरिब निवारण कोषको दिगो आर्यआर्जनद्वारा अति गरिब तथा विपन्न महिलाहरूको आर्थिक अवस्था सुधार कार्यक्रमअन्तर्गत गरिएको बोरिङ सुकेपछि स्थानीय किसान मर्माहत भएका छन्।

१२ वैशाखको भूकम्पपछि बोरिङमा पानी आउन छाडेको गरिबी निवारण कोषअन्तर्गतको स्थानीय श्रीनगर सामुदायिक संस्थाका सचिब तथा तरकारी किसान बिमल महतोले बताए। बोरिङ सुकेपछि त्यस भेगका १० बिगाह भन्दा बढी खेत मरुभुमी भएको किसान महतोले जानकरी दिए। तरकारी खेतीबाट आफुले मासिक १५ देखी २० हजार सम्म आम्दानी गर्दै आएको महतोको भनाइ छ।

बोरिङ सुकेपछि तरकारी खेतीबाट नाफा हैन उल्टै घाटा भएको अर्का कृषक तथा समुहकी कोषाध्यक्ष ललिता देबीले बताइन। तरकारी खेतीले स्वारोजगार दिएको थियो अहिले बेरोजगार बनाएको उनीको गुनासो छ। यस्तो गुनासो सो भेगका भुखियादेवी, एतबरिया देवीलगायत सयौं किसानको रहेको छ। करिब ३ वर्षअघि बोरिङ गाडिएपछि सो क्षेत्रमा काउली, बैगुन, साग, खुर्सानी, भिन्डीलगायतका तरकारी उत्पादन हुँदै आएका थिए। पहिले मरुभूमि जमिनमा बस्दै आएका गरिब परिवार तरकारीखेतीबाट राम्रो आम्दानी गर्दै आएको स्थानिय समाजसेवी जयराम चौधरीले बताए।

भूकम्पका कारण नै बोरिङको लियरमा तलमाथि हुने पुगेकाले यस्ता समस्या हुन सक्ने आशंका रहेको गरिबी निवारण कोषको सहयोगी संस्था जनकल्याण विकास केन्द्र रौतटका कार्यक्रम संयोजक नरेन्द्र रानाले बताए। श्रमदानसहित ९ लाख लागतमा निर्माण भएका यस्ता बोरिङहरू सिँचाइ सुविधा नभएका जिल्लाका विभिन्न स्थानमा सञ्चालित रहेका रानाले बताए। यसको मर्मतका लागि आफूले पहल गर्नेसमेत रानाले जानकारी दिए।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Central Regional Road Directorate
**Division Road Office, Janakpur**

**Invitation for Bids**

**Notice No.: 02/072/073**

( First Publication Date: 2072-11-07( 2016-02-19)

Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Division Road Office, Janakpur invites Sealed quotation from registered eligible Contractors having qualification as mentioned in the bidding document for the following contracts as mentioned below:-

| S.No. | Contract No. | Name of Road and description of work | Bid validity period | Estimate Amount (Nrs) without VAT | Bid Security Amount (NRs) | Price of Bidding Document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | DROJKR/337123-4/072-73 /02 | Earth Work and gravelling work, Laxmipur-Chandrapur-Bageha road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 2. | DROJKR/337123-4/072-73 /03 | Earth Work and gravelling work, Thumainha-Hardinath road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 3. | DROJKR/337123-4/072-73 /04 | Earth Work and gravelling work, Bengadabar-Dhaneshworchowk road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 4. | DROJKR/337123-4/072-73 /05 | Earth Work and gravelling work, Mithileshwor-Mauwahi-Sirsiya-Baniniya-Ramdaiya-Saphi Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 5. | DROJKR/337123-4/072-73 /06 | Earth Work and gravelling work, Devdhaborder-Balhagoth-Balha-MachiJHitkohiya Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 6. | DROJKR/337123-4/072-73 /07 | Earth Work and gravelling work, Mahendranagar-Sakhuwabazzar-Makhnaha-Sabaila Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 7. | DROJKR/337123-4/072-73 /08 | Earth Work and gravelling work, Laxmipur-Bageha-Nikalgaun-Sapahi Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 8. | DROJKR/337123-4/072-73 /09 | Earth Work and gravelling work, Laxmipur-Bageha-Nikalgaun-Dhankatti Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 9. | DROJKR/337123-4/072-73 /10 | Earth Work and gravelling work, Deuri Parbaha Hospital Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 10 | DROJKR/337123-4/072-73 /11 | Black top patch repairs work, Ma.ra.ma.Laximinia-Kantibazzar-Khairbani Road, Mahottari | 45 days | 847535.27 | 25000.00 | 300/- | |
| 11 | DROJKR/337123-4/072-73 /12 | Earth Work and gravelling work, Balabakhar-Chiraiya-Dumariya-Harine Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 12 | DROJKR/337123-4/072-73 /13 | Earth Work and gravelling work, Sahorba-Matihani Road, Mahotari | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 13 | DROJKR/337123-4/072-73 /14 | Earth Work and gravelling work, Godigama-Badiya-Banchauri Road, Mahottari | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 14 | DROJKR/337123-4/072-73 /15 | Earth Work and gravelling work, Bardibaas-Hathisarba-Rauja Road, Mahottari | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 15 | DROJKR/337123-4/072-73 /16 | Earth Work and gravelling work, Lakhauri Railwayline-Kaptol-Jhojhiktaya Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 16 | DROJKR/337123-4/072-73 /17 | Earth Work and gravelling work, Dhanushadham-Raghunathpur Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 17 | DROJKR/337123-4/072-73 /18 | Earth Work and gravelling work, Janaki Medical college-Baniniya-Gopalpur-Kajra Ramaul Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 18 | DROJKR/337123-4/072-73 /19 | Drain works, Janakpur-Kurtha-Mahadaiya-Tapanpur Road, Dhanusha | 45 days | 847463.71 | 25000.00 | 300/- | |
| 19 | DROJKR/337123-4/072-73 /20 | Drain works, Naktajhij krishifaram-Bateshwor Road, Dhanusha | 45 days | 847463.71 | 25000.00 | 300/- | |
| 20 | DROJKR/337123-4/072-73 /21 | Earth Work and gravelling work, Suryahi-Nainahi-Sakhari Road, Mahottari | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 21 | DROJKR/337123-4/072-73 /22 | Earth Work and gravelling work, Janakpur-Brihattar Parikarma Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 22 | DROJKR/337123-4/072-73 /23 | Black top patch repairs work, Dharapani-Dhanushadham Road, Dhanusha | 45 days | 847514.20 | 25000.00 | 300/- | |
| 23 | DROJKR/337123-4/072-73 /24 | Earth Work and gravelling work, Mahendranagar-Kshireshwornath Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 24 | DROJKR/337123-4/072-73 /25 | Earth Work and gravelling work, Mahendranagar-Hanumanmandir Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 25 | DROJKR/337123-4/072-73 /26 | Earth Work and gravelling work, Sabaila-Inaruwa-Mithileshwor-Janakimedical college Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 26 | DROJKR/337123-4/072-73 /27 | Earth Work and gravelling work, Thera-Bageha-Laximinia Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 27 | DROJKR/337123-4/072-73 /28 | Earthwork and gravelling work, Janakpur Jaleshwor road ko Banauli mode dekhi Bidyapati diha Samma ko Road, Mahottari | 45 days | 847514.20 | 25000.00 | 300/- | |
| 28 | DROJKR/337123-4/072-73 /29 | Black top works, Yagyabhumi-Bhimanchowk-Dhanushadham Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 29 | DROJKR/337123-4/072-73 /30 | Earth Work and gravelling work, Nainahi-Suryahi-Dhabauli Road, Mahottari | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 30 | DROJKR/337123-4/072-73 /31 | Earth Work and gravelling work, Ma.ra.ma. Tuteshwornath - Mahadev mandir Road, Mahottari | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 31 | DROJKR/337123-4/072-73 /32 | Earth Work and gravelling work, Bishanpur-Parsa-Pataili-Matihani Road, Mahottari | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 32 | DROJKR/337123-4/072-73 /33 | Earth Work and gravelling work, Padaul-Dumhi-Madai Road, Mahottari | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 33 | DROJKR/337123-4/072-73 /34 | Earth Work and gravelling work, Dhanushadham-Ramanagara-Lauwakhor-Parasi Road, Dhanusha | 45 days | 847286.49 | 25000.00 | 300/- | |
| 34 | DROJKR/337123-4/072-73 /35 | Black top work, Lalgadh-Tulsi -BP marg-Baunmara Road, Dhanusha | 45 days | 847253.03 | 25000.00 | 300/- | |
| 35 | DROJKR/337123-4/072-73 /36 | Earth Work and gravelling work, Madhyepura Chowk-Geruka Mandir Road, Mahottari | 45 days | 847286.49 | 25000.00 | 300/- | |

1. Bidding documents may be purchased from the office of ***Central Division Road Office - 8, Janakpur*** and ***District Administrative Office, Dhanusha*** by eligible Bidders upon submission of a written request attaching duly attested copies of Bidder's registration, VAT registration all valid for Fiscal Year 2071/72 and upon payment of a non-refundable fee as mentioned above on or before 2072/11/21 ( Mar 04, 2016). Bidder's representative who wishes to purchase the Bid Documents shall furnish identity letter issued by the authorized person of the firm or JV firms.
2. Bids must be submitted to the Division Road Office, Janakpur on or before 12:00 hour on 2072/11/23(Mar 06, 2016). Documents received after this deadline shall not be accepted. Bidders who choose to submit their bid electronically through e-procurement section of DOR's website http://www.dor.gov.np, the bidders either may purchase the hard copy of bidding documents from the above office or may choose to download the necessary parts of the bidding documents, prepare their Bid and submit their electronic Bids as specified in the Instruction to Bidders. In case of Bidders choose to download and submit electronically, the Bidder shall be required to deposit the cost of bidding document in the *Nepal Rastra Bank, Janakpur* Revenue Account Office Code 17-337-04, Account Number 1-1-001, Revenue Head No. 14227 and electronic scanned copy (pdf format) of the Bank deposit voucher/tele transfer shall also be submitted along with the electronic bid files.
3. The Bidders are invited to participate in the Pre-bid meeting at 14:00 hrs. on the 7th day from the first day of publication of this notice at Division Road Office, Janakpur.
4. In case the last date of purchasing ,submission and opening of bid documents fall on government holiday, then the next working day shall be considered as the last day.
5. Bids must be valid for a period of as mentioned above and must be accompanied bid security amount not less than as mentioned above on the Dharauti account no "**1601200/001-002-524**" at Nepal Rastra Bank, Janakpur or Bank Guarantee on favor of this Division Road Office from "A" class commercial banks in the exact format as in the bid document. Bid security validity period shall be 30 days beyond the bid validity period counting from the date of bid opening.
6. The Bidders shall quote the item rates in the bill of quantities exclusive of VAT. All other taxes and levies which may be applicable shall be included in the quoted rates. In the case of discrepancies or error in the bidding document, tender notice or any other document, the employer reserves the rights to amend and correct at any time.
7. Bidders are advised to visit the site and assess the actual site conditions before submitting their bids.
8. Contract will be awarded based on post qualification process satisfying the qualification required as given in bidding data and in the bid documents.
9. Any amendment in the tender notice shall be published in the DRO, Janakpur Notice Board and DOR Web Portal.
10. Matters not covered by this notice shall be accordance with Public Procurement act-2063 ( amendment 2071) and prevailing regulations.
11. The employer reserves the right to accept or reject the bid wholly or partially any or all the bids without assigning any reason, whatsoever.
12. The e-bidders are suggested to submit hard copy of required documents related with the bids within seven days after opening of bids and No submission of hardcopy of e-bid with in seven days after the opening of bids should not be considered for further evaluation. They are also informed to modify, withdrawn or modification only through e-bidding not by hard copy.

**Division Chief**

## छोटकरी

### राष्ट्रिय कराँते हुँदै

**काठमाडौं/रास-** प्रथम राष्ट्रिय तौल समूह खुला फुलकन्ट्याक्ट कराँते प्रतियोगिता बिहीबारदेखि सुरु हुने भएको छ। नेपाल क्योकुसिन-सेइसिन काइकान कराँते संघको आयोजनमा सञ्चालन हुने प्रतियोगितामा ५ विकास क्षेत्रका २ सय खेलाडीले सहभागिता जनाउने संघकी प्रमुख प्रशिक्षक सन्जु महर्जनले जानकारी गराइन् । प्रतियोगिता दुई दिनसम्म चल्नेछ। लैनचौरस्थित टेबल टेनिस प्रशिक्षण केन्द्रमा सञ्चालन हुने प्रतियोगितामा महिला र पुरुषका १४ इभेन्ट समावेश गरिएको छ। दुवै समूहमा २५ केजी, ३० केजी, ३५ केजी, ४० केजी, ४५ केजी, ५० केजी र ५० केजीमाथिका तौलसमूह छन् ।

### वाइटो तेक्वान्दो हुँदै

**काठमाडौं/रास-** वर्ल्ड एसोसिएसन अफ इन्टरनेसनल तेक्वान्दो अर्गनाइजेसन (वाइटो) नेपालको आयोजनामा शुक्रबार दोस्रो नेपाल राष्ट्रिय तथा पहिलो अन्तर्राष्ट्रिय आमन्त्रण तेक्वान्दो प्रतियोगिता हुँदै छ। प्रतियोगितामा बाहिरी राष्ट्रसहित नेपालका सेलेक्टेड करिब १० जना खेलाडी, प्रशिक्षक तथा अफिसियलको सहभागिता रहनेछ। एकल स्पारिङ र एकल प्याट्रन विधामा विभिन्न उमेर, बेल्ट र तौल समूहका महिला तथा पुरुष दुवैको गरी १ सय ५ खेलाडीले सहभागिता जनाउने वाइटो नेपालका अध्यक्ष रेवत रानाले जानकारी दिए ।

### प्राइमलाई उपाधि

**काठमाडौं/रास-** प्राइम कलेज र लिभरपुलले बिहीबार सुरु १४औं 'ज्ञान निकेतन बास्केटबल च्याम्पियनसिप'मा विजयी सुरुआत गरेका छन्। प्राइम कलेजले रिलायन्स कलेजलाई ३४-१६ ले पाखा लगायो । त्यस्तै, लिभरपुलले आयोजक ज्ञान निकेतनलाई ४२ -२७ ले पराजित गऱ्यो । त्यस्तै, अन्य खेलमा जेभियर इन्टरनेसनल कलेजले क्यारेबियनलाई ५९-३६ ले पराजित गऱ्यो। किस्कले कोलम्बोसलाई ५४-४१ ले पराजित गऱ्यो ।

### एचएचसीए विजयी

**काठमाडौं/रास-** पाँचौं इनोभेटिभ अन्तरस्कुल बास्केटबलको दुवैतर्फको उपाधि एचएचसीए स्कुलले जितेको छ। बिहीबार आयोजक इनोभेटिभको खेल मैदानमा भएको सिनियर महिलातर्फको खेलमा एचएचसीएले भ्याली पब्लिकलाई तथा सिनियर पुरुषमा डेनेव स्कुललाई पराजित गर्दै उपाधि जितेको हो । पुरुषतर्फको खेलमा एचएचसीएले डेनेवलाई ४९-३३ को स्कोरमा पराजित गऱ्यो । प्रतियोगितामा प्रकाश सुवेदी प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित भए । विजयी टिमलाई प्रमुख अतिथि एवं काठमाडौं जिल्ला प्याब्सनका अध्यक्ष थकिन गुरुङलगायतले पुरस्कार वितरण गरेका थिए ।

### लोयल्टी सेमीमा

**काठमाडौं/रास-** आयोजक लोयल्टी स्कुल र भ्याली स्कुल राजधानीमा जारी सातौं लोयल्टी कप अन्तरस्कुल फुटबलको सेमिफाइनलमा प्रवेश गरेका छन्। आयोजक लोयल्टीकै घरेलु मैदानमा भएको दोस्रो क्वार्टरफाइनलमा लोयल्टी एकेडेमी स्कुलको बी टिमले सुदेसा स्कुललाई १० -० को फराकिलो अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो। यस्तै, पहिलो क्वार्टरफाइनल खेलमा काठमाडौं भ्याली स्कुलले ईपीएस स्कुललाई ट्राई ब्रेकरमा ३-२ को अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गर्न सफल भयो ।

### ईशान कप सुरु

**काठमाडौं/रास-** संस्थागत विद्यालय संघ नेपाल (ईशान)को आयोजनामा बिहीबारबाट पाँचौं ईशान कप अन्तरस्कुल फुटबल प्रतियोगिता मूलपानीमा सुरु भएको छ।

प्रतियोगितामा १७ ब्वाइजमा र गर्ल्समा १२ स्कुलको सहभागिता रहेको छ । प्रतियोगिताको उद्घाटन खेलमा ब्वाइजमा रिम्स स्कुलले होली एन्जल्सलाई १-० ले पराजित गऱ्यो। रिम्सको जितमा अशोक लामाले निर्णायक गोल गरे । त्यस्तै, ब्वाइजकै खेलमा जीवनताराले तारा सदन स्कुललाई ट्राइब्रेकरमा ५-४ ले पराजित गऱ्यो भने ब्वाइजको अन्तिम खेलमा श्रम ज्योतिले भेनसलाई २-१ ले पाखा लगायो ।

### गोठाटारको जित

**काठमाडौं/रास-** साविकको विजेता गोठाटार स्कुलले १०औं फेका कप अन्तर विद्यालय फुटबलमा विजय सुरुआत गरेको छ । प्रतियोगिताको उद्घाटन खेलमा बिहीबार गोठाटारले गोल्डेन बट स्कुललाई ३-२ ले पराजित गऱ्यो। पेप्सीकोलास्थित टाउन प्लानिङ मैदानमा सुजन भट्ट, रविन त्रिपाठी र पवन गौतमले गोल गरेपछि गोठाटारले विजय सुरुआत गरेको हो।

# मेसीको कीर्तिमानमा बार्सिलोनाले अंक दुरी बढायो


© REUTERS

**म्याड्रिड/एजेन्सी-** फुटबल स्टार लियोनेल मेसीको ऐतिहासिक कीर्तिमानी गोलका मद्दतमा बार्सिलोनाले स्पेनिस ला-लिगा फुटबलको उपाधि होड बलियो बनाएको छ। मेसीले लालिगामा ३ सय गोल गर्ने खेलाडीको कीर्तिमान बनाउँदा बार्सिलोनाले लिगमा स्पष्ट ६ अंकको अग्रता बनायो ।

प्रतियोगितामा ३ सय गोल गर्ने पहिलो खेलाडी बन्ने क्रममा मेसीले २४औं मिनेटमा स्वारेजको पासलाई सदुपयोग गरेका थिए। उनले महत्त्वपूर्ण दुई गोल गरे । बुधबार राति भएको खेलमा गिजोनविरुद्ध बार्सिलोनाले ३-१ गोलको जित हात पार्दा मेसीले सो सफलता हात पारे । मेसीले यस खेलमा २ गोल गरेका थिए। जितसँगै बार्सिलोनाले सबै प्रतियोगितामा गरी आफ्नो अपराजित यात्रा ३१ खेलसम्म लम्ब्याउन सफल भएको छ । जुन स्पेनिस लिग फुटबलको एक अर्को कीर्तिमान हो ।

चोटका कारण यो सिजनको सुरुआतमा केही समय मैदानबाहिर रहेका मेसीले पछिल्ला खेलमा भने उत्कृष्ट प्रदर्शन गर्दै आएका छन् । मेसीले २४औं मिनेटमा डी बक्सबाहिरबाट गोल गर्दै गिजोनको मैदानमा बार्सिलोनालाई अग्रता दिलाएका थिए। स्वारेजको पासलाई उनले कुनै मौका नगुमाई जाली चुमाएका थिए। जुन गोल उनका लागि ३ सय गोलको कोसेढुंगाको रूपमा रह्यो ।

बार्सिलोनाले गोल गरेको ३ मिनेट नबित्दै घरेलु टोलीले कार्लोस क्यास्ट्रोको गोलबाट खेलमा बराबरी गऱ्यो तर उसले बराबरीलाई धेरै समय टिकाउन सकेन। मेसीले स्वारेजको पासमा गोल गर्दै ३१औं मिनेटमा बार्सिलोनालाई अगाडि बढाए । स्वारेजले ६१औं मिनेटमा प्राप्त पेनाल्टी सदुपयोग गर्न नसके पनि त्यसको ६ मिनेटपछि गोल गर्दै पेनाल्टी चुकाएको अवसरको बदला लिए। उनी २४ गोलसहित जारी घरेलु लिगमा सर्वाधिक गोलकर्ताको सूचीमा शीर्षस्थानमा छन् ।

स्वारेजको पछाडि रहेका रियल म्याड्रिडका क्रिस्टियानो रोनाल्डोको २१ गोल छ। अंक तालिकाको शीर्षस्थानमा रहेको बार्सिलोनाले निकटतम प्रतिद्वन्द्वी एट्लेटिको म्याड्रिडलाई ६ अंकले पछाडि पारेको छ । बार्सिलोनाले २४ खेलबाट ६० अंक जोडेको हो। बार्सिलोनाले यो सिजन प्राप्त १५ पेनाल्टीमध्ये सात ओटालाई सदुपयोग गर्न सकेको छैन । 'हामीले पेनाल्टीमा धेरै सुधार गर्नु छ। तर नेमार, स्वारेज, मेसीमाथि हाम्रो विश्वास छ,' बार्सिलोनाका प्रशिक्षक लुइस एनरिकले भने । कीर्तिमानी पाँच पटक विश्व वर्ष फुटबल घोषित मेसीको नाममा थुप्रै कीर्तिमान छन् । उनी युरोपमा सर्वाधिक गोल्डेन बुट (तिन पटक) जित्ने खेलाडी हुन् । उनी एउटै ला-लिगा सिजन, एउटै क्यालेन्डर वर्ष, एउटै सिजन, कुनै एक युरोपियन च्याम्पियन्स लिग खेलमा सर्वाधिक गोल गर्ने खेलाडी हुन्। उनी युरोपियन च्याम्पियन्स लिगमा सर्वाधिक गोल कर्ता हुन्। उनले सर्वाधिक गोल कर्ताको उपाधि पाँच पटक जितेका छन् । उनले बार्सिलोनाका लागि सात पटक ला-लिगा, चार पटक युरोपियन च्याम्पियन्स लिग, तिन पटक कोपा डेल रेको उपाधि जितेका छन् ।

# फाइनलमा मनाङ र आर्मी भिड्ने

**राजधानी संवाददाता**
हेटौंडा, ६ फागुन

भूकम्पमा परी ज्यान गुमाएका खेल पत्रकार सुमन भोम्जनको स्मृतिमा हेटौंडामा जारी हेटौंडा अन्तर्राष्ट्रिय गोल्ड कपको फाइनलमा मनाङ मर्स्याङ्दी र नेपाल आर्मी क्लब भिड्ने भएका छन् ।

प्रतियोगिताअन्तर्गत बिहीबार भएको सेमिफाइनल खेलमा पोखराको सहारा क्लबलाई पाखा लगाउँदै मनाङले फाइनलको यात्रा तय गरेको हो। यसअघि नै आर्मीले आयोजक एफसी हेटौंडालाई हराउँदै फाइनलमा प्रवेश गरिसकेको छ।

प्रतियोगिताअन्तर्गत बिहीबार भएको खेलमा मनाङले सहारा क्लब पोखरालाई १-० गोल अन्तरले पाखा लगाएको हो । मनाङका तर्फबाट खेलको ७८औं मिनेटमा जर्सी आफिज ओलावालेले गरेको एक गोल नै मनाङका लागि निर्णायक बन्यो । मनाङलाई कडा चुनौती दिएको पोखराले गोलक केही राम्रा मौका खेर फालेको थियो । खेलमा दुवैतर्फबाट गोलका अवसर प्राप्त भए पनि गोल भने हुन सकेन । खेलमा मनाङले सहारालाई सुरुआत बाटै दबाबमा राखेको थियो ।

वनविज्ञान अध्ययन संस्थानको खेल मैदानमा ८ फागुन शनिबार उपाधिका लागि नेपाल आर्मी र मनाङ मर्स्याङ्दी क्लबबिच भिडन्त हुँदै छ।

प्रतियोगिताको समूह एबाट आयोजक, भुटानको क्लियरिङ फुटबल क्लब, नेपाल आर्मी र सरस्वती क्लब रहेका थिए। त्यस्तै, समूह बीमा मनाङ मर्स्याङ्दी, कञ्चनजंगा फुटबल क्लब भारत, एपीएफ र सहारा क्लबले प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताको विजेताले ३ लाख र उपविजेताले १ लाख ५० हजार नगदसहित ट्रफी मेडेल र प्रमाण पत्र पाउनेछन् । उत्कृष्ट खेलाडी, गोलकर्ता, मिडफिल्डर, गोल रक्षक र उत्कृष्ट प्रशिक्षकलाई पनि नगदसहित पुरस्कृत गरिने छ।

# जुडो टोलीको स्वागत



**काठमाडौं/रास-** नेपाल जुडो संघले १२औं सागका सहभागी जुडो खेलाडीलाई बिहीबार स्वागत गरेको छ। नेपाली जुडो टोलीले १ स्वर्ण, २ रजत र ६ कांस्य जितेको थियो। १२ तौल समूहमा सहभागी भएकोमा ६३ केजीमुनि फुपुलामु शेर्पाले स्वर्ण जितेकी थिइन् ।

५२ केजीमुनि लीला अधिकारी र ५७ केजीमुनि मनिता श्रेष्ठ प्रधानले कांस्य जितेका थिए। त्यस्तै, महिलातर्फ ४८ केजीमुनि सरिता चौधरी, ७० केजीमुनि गंगा चौधरी र ७८ केजीमुनि पुनम श्रेष्ठले कांस्य जितेका थिए । पुरुषतर्फ ६० केजीमुनि इन्द्रबहादुर श्रेष्ठ, ६६ केजीमुनि रमेश मगर र १०० केजीमुनि शिवबहादुर बरामले कांस्य जितेका थिए ।

३ पुरुष खेलाडीले भने पदक प्राप्त गर्न सकेनन् । अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा नेपाल जुडो संघका अध्यक्ष दिपकहर्ष वज्राचार्य, उपाध्यक्ष बाबुराजा महर्जन, कोषाध्यक्ष विपीनप्रसाद श्रेष्ठलगायतले स्वागत गरेका थिए ।

खेलाडीलाई स्वागत गर्न नेपाल पुलिस, नेपाल आर्मीका खेलाडी र विभिन्न स्कुलका विद्यार्थीको बाक्लो उपस्थिति रहेको थियो ।

सो अवसरमा संघका अध्यक्ष वज्राचार्यले फुपु भोलि दिल्लीबाट तालिमको निरन्तरताका लागि हंगेरी प्रस्थान गर्ने बताए। उनले संघको यथाशीघ्र बैठक बसेर पदक विजेता खेलाडीलाई नगदसहित सम्मान गर्ने बताए।

# झापा क्वार्टरफाइनलमा

**सुदीप कोइराला/राजधानी**
मोरङ, ६ फागुन

विराटनगरमा बिहीबारदेखि सुरु भएको विराट गोल्डकप फुटबल प्रतियोगितामा झापा-११ ले विजयी सुरुआत गरेको छ । भारतको उडिसा क्लबलाई २-१ ले पराजित गर्दै झापाले क्वार्टरफाइनल यात्रा तय गऱ्यो ।

खेलमा राम्रो सुरुआत गरेको उडिसाले पहिलो हाफको १०औं मिनेटमा खाता खोल्यो। गत वर्षको उपाधि विजेता झापालाई दबाबमा राख्दै उडिसाका तर्फबाट कप्तान अर्जुन नायकले गोल गरे। पहिलो हाफसम्म उडिसाले झापालाई उत्कृष्ट प्रदर्शन गर्दै आफ्नो अग्रता कायमै राख्यो ।

यद्यपि दोस्रो हाफमा झापाले खेलमा 'कमब्याक' गऱ्यो । झापाले ६१औं मिनेटमा नरेन्द्र लिम्बुको गोलमार्फत खेलमा फर्कियो। लिम्बुले गणेश खड्काको पासलाई सदुपयोग गर्दै झापालाई बराबरीमा ल्याए। पहिलो गोल गरेको १२ मिनेट नबित्दै झापाका स्टार स्ट्राइकर कर्ण लिम्बुले टिमका लागि विजयी गोल गरे। उनले गणेश खड्काको सटिक पासलाई सदुपयोग गरेका थिए ।



दोस्रो हाफमा बललाई अधिकांश समय नियन्त्रणमा लिएका झापाका खेलाडीले पटकपटक पाएका गोलका अवसरलाई भने सदुपयोग गर्न सकेनन्। जितपछि झापाका प्रशिक्षक भगिरथ आले मामाले उडिसा नयाँ टिम रहेकाले टेक्निकल पक्ष थाहा नहुँदा पहिलो हाफमा दबाब झेल्नुपरेको बताए। दोस्रो हाफमा भने रणनीति बनाएर खेल्दा जित आफ्नो पक्षमा निकाल्न सफल भएको बताए।

त्यस्तै, उडिसाका प्रशिक्षक निपेन दासले पहिलो पटक नेपाल आएर खेलेको र मैदानको अनुभव नहुँदा समस्या भएको बताए । उनले खेल बराबरी खेले पनि गोल गर्न नसक्दा पराजित हुनुपरेको प्रतिकृया दिए । प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालले उद्घाटन गरेको यो प्रतियोगिता १५ फागुनसम्म सञ्चालन हुनेछ । नेपाल, भारत र बंगलादेशका गरी १० टिम सहभागी प्रतियोगिताअन्तर्गत शुक्रबार मोरङ फुटबल क्लब मोरङ र रूपन्देही-११ रूपन्देहीबिच प्रतिस्पर्धा हुँदै छ ।

प्रतियोगिताका विजेताले ५ लाख १ हजार नगद र ट्रफी र उपविजेताले ३ लाख १ हजर नगद र ट्रफी हात पार्ने छन्। यसैगरी पहिलो चरणबाट बाहिरिने टिमले ३० हजार र दोस्रो चरणबाट बाहिरिने टोलीले प्रोत्साहनस्वरूप १ लाख प्राप्त गर्ने आयोजक समितिका अध्यक्ष राजेन्द्र राउतले बताए ।

यसैबिच भर्खरै सम्पन्न १२औं साग गेमअन्तर्गत फुटबल फाइनलमा भारतलाई पराजित गरी २३ वर्षपछि स्वर्ण पदक जित्ने टिमलाई प्रोत्साहनस्वरूप आयोजकलगायत विभिन्न दाताबाट ४ लाख रुपैयाँभन्दा बढी संकलन गरिएको छ।

# रोमालाई हराएसँगै रियलको सम्भावना बलियो

**रोम/एजेन्सी-** स्पेनिस क्लब रियल म्याड्रिडले च्याम्पियन्स लिगको क्वार्टरफाइनल सम्भावना बलियो बनाएको छ। बुधबार राति रोमालाई उसकै घरेलु मैदानमा पराजित गर्दै रियलले पहिलो लेगमा २-० ले अग्रता बनायो ।

नकआउट चरणको पहिलो लेग खेलमा रियलले बुधबार राति इटालियन सिरी ए क्लब एएस रोमालाई उसैको मैदानमा २-० ले हराउँदा रियलका क्रिस्टियानो रोनाल्डो र जेजेले गोल सम्भव बनाएका थिए । पहिलो हाफमा रियललाई गोलरहित बराबरीमा रोक्न सफल रोमाले दोस्रो हाफ सुरु भएको केही समयमै गोल खाएको थियो ।

रोनाल्डोले ५७औं मिनेटमा मार्सेलोले दिएको पास सदुपयोग गर्दै टिमलाई सुरुआती अग्रता दिलाए । उनको जारी सिजनको यो ३३औं गोल हो। पछिल्लो समय अवे म्याचमा गोल गर्न नसकेको भनेर खेपिरहेको आरोपको पनि रोमाविरुद्धको गोलसँगै उनले अन्त गरे ।

रोनाल्डो जारी सिजन युरोपियन च्याम्पियन्स लिगमा सर्वाधिक गोलकर्ताको सूचीमा शीर्षस्थानमा छन् । उनको नाममा ११ गोल छ। उनीभन्दा पछाडि रहेको जर्मन क्लब वायर्न म्युनिखका रोबर्ट लेवान्डोस्कीले ७ गोल गरेका छन् । रोनाल्डोको गोलपछि खेल बराबरी गर्ने प्रयास सफल हुन सकेन ।



पहिलो गोल गरेपछि थप गोल गर्न संघर्षरत रियलविरुद्ध रोमाले पनि गोल फर्काउने केही राम्रा प्रयास गरेको थियो। यद्यपि रोमा असफल रह्यो । उसले गोल फर्काउन गरेको उत्कृष्ट प्रहार असफल भयो । उसका एडिन जेकोले गरेको प्रहार बारमा लागेपछि घरेलु टोली स्तब्ध बन्यो । राम्रो मौका खेर गएपछि खेलमा फर्कन संघर्षरत रोमाविरुद्ध ८६औं मिनेटमा जेजेले गोल थपेपछि रियलको क्वार्टरफाइनल पुग्ने सम्भावना बलियो भयो भने पहिलो लेगमा पनि महत्त्वपूर्ण जित आत्मसात् गर्न सफल रह्यो ।

रोमाविरुद्धको खेल विशेष गरेर रोनाल्डोका लागि महत्त्वपूर्ण रह्यो अवे खेलमा पछिल्लो समय फितलो देखिएका रोनाल्डोले अन्ततः गोल गर्न सफल भए। उनले गत नोभेम्बरयता रियलले खेलेका अवे खेलमा गोल गर्न सकेका थिएनन् । यसै विषयमा प्रश्न गर्दा रोनाल्डो मंगलबार बिचमै पत्रकार सम्मेलन छोडेर हिँडेका थिए ।

बुधबार रातिको गोलपछि रोनाल्डो युरोपियन च्याम्पियन्स लिगको जारी सिजन सर्वाधिक अवे गोल (पाँच) गर्ने खेलाडीको सूचीमा शीर्षस्थानमा छन् । उनी युरोयिन च्याम्पियन्स लिगको एउटै सिजन सर्वाधिक गोल गर्ने खेलाडी पनि हुन् । गत सिजन रियल ठुला प्रतियोगिता असफल भएपछि क्लबको मात्र होइन, रोनाल्डोमाथि पनि दबाब बढेको छ ।

रियल जारी घरेलु लिगको तालिकामा शीर्षस्थानमा छैन। शीर्षस्थानको बार्सिलोनाभन्दा सात अंकले पछाडि छ। स्पेनिस कोपा डेल रेमा पनि सम्भावना सकिएकाले रियलको वास्तविक उपाधि होड युरोपियन च्याम्पियन्स लिगमा छ । रियल एक संस्करणअघिको विजेता हो । 'हामी टोलीको प्रदर्शन र नतिजाबाट सन्तुष्ट छौं। खेल कठिन रह्यो र हामीले अन्तिमसम्म संघर्ष गऱ्यौं ।'

रोमा र रियलबिचको दोस्रो लेग ८ मार्चमा रियलको घरेलु मैदानमा हुनेछ। अर्को खेलमा उल्फ्सवर्गले जेन्टलाई ३-२ गोलले हरायो । जर्मन क्लब उल्फ्सवर्गको अवे जितमा जुलियन ड्राक्जलरले दुई तथा म्याक्स क्रुजले गोल गरे। खेलमा ३-० गोलले पछाडि परेर पनि जेन्टले अन्तिम समयमा दुई गोल फर्काएको थियो । यद्यपि उसले जित भने निकाल्न असफल रह्यो ।

**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आशिष शेरचन**, सम्पादक : **राजन शर्मा**